सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१३ वैशाख २०८३, आइतबार (26 Apr 2026, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष २० ■ अंक १३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

स्वास्थ्य मन्त्रालय तीनतिर



जेन-जी आन्दोलनका क्रममा रामशाहपथस्थित मन्त्रालय आगजनीबाट ध्वस्त भएपछि अहिले मन्त्री एउटा भवनमा, सचिवसहितका केही कर्मचारी सिंहदरबारभित्रकै टहरामा र केही महाशाखा सिंहदरबारबाहिरको एनएचआरसीको भवनबाट सेवा दिँदै, छुट्टाछुट्टै बस्दा समन्वय र सहकार्यमा झन्झट

(विस्तृत पृष्ठ ३)

विवाद छाडौं, एकजुट भई अघि बढौं



अग्रलेख

● डा. चन्द्र भण्डारी

अब पनि पार्टीको आन्तरिक विवादलाई लम्ब्याइयो भने त्यसबाट पार्टी, नेता र कार्यकर्ता कसैका लागि कुनै उपलब्धि हुनेवाला छैन

(पृष्ठ ४)

● विद्युत् खपत वृद्धि तथा निर्यात रणनीतिको मस्यौदा

विद्युतीय चुलोमा अनुदानदेखि सिजनल दरमा पिपिएसम्म प्रस्ताव

डेटा सेन्टर, मल कारखाना, शीतभण्डार तथा कृषिमा आधारित उद्योगलाई छुट्टै महसुल दर, एक वर्षभित्र निजी क्षेत्रलाई विद्युत् व्यापारको लाइसेन्स व्यवस्था


(विस्तृत पृष्ठ ६)



सुकुमवासी बस्ती शान्तिपूर्वक खाली

वास्तविक सुकुमवासी पहिचान गर्न विवरण संकलन सुरु, शनिबार रातिसम्म १४४ परिवार सरकारको सम्पर्कमा

तत्काल अस्थायी शिविरमा राखेर केही महिनाभित्रै उपत्यका वा पायक पर्ने सम्बन्धित जिल्लामा स्थायी बसोबास दिलाउने तयारी





१४६ परिवार बस्दै आएको थापाथलीको सुकुमवासी बस्ती (बायाँ तस्बिर) शनिबार नै पूर्ण रूपमा भत्काइयो। ८५ परिवार बस्ने शान्तिनगर-सिनामंगल-गैरीगाउँ क्षेत्रमा अधिकांश पक्की घर भएकाले आइतबार पनि डोजर चल्ने। तस्बिरहरू : **अमुल थापा, दिपेन्द्र ढुंगाना**/नयाँ पत्रिका

शिवहरि घिमिरे/नयाँ पत्रिका

बागमती नदीकिनारको जग्गा अतिक्रमण गरेर बसेको बस्ती सरकारले शान्तिपूर्वक खाली गरेको छ। बस्ती खाली गरेर वास्तविक सुकुमवासी पहिचान गर्न 'स्क्रिनिङ' (विवरण संकलन) प्रक्रिया पनि साथसाथै सुरु गरेको छ।

अब सरकारको प्रमुख जिम्मेवारी 'वास्तविक सुकुमवासी' पहिचान गरी उनीहरूको स्थायी व्यवस्थापन गर्नु हो।

■ मनोहराको अतिक्रमित बस्ती खाली गराउन गएको डोजरमाथि ढुंगा प्रहार, यहाँको बस्ती पनि आज खाली गर्ने योजना

पूर्वसूचनाअनुसार शनिबार बिहानैदेखि थापाथली सुकुमवासी बस्तीबाट संरचना हटाउन सुरु भएको थियो। दिउँसोदेखि सिनामंगल-गैरीगाउँ क्षेत्र र भक्तपुरको मनोहरा क्षेत्रका सुकुमवासी बस्तीमा पनि डोजर चलाइएको थियो। सहरी विकास मन्त्रालय, काठमाडौं महानगरपालिका, जिल्ला प्रशासनलगायतको समन्वयमा डोजर लगाएर संरचना भत्काइएको छ। थापाथली क्षेत्र शनिबार नै खाली गरिएको छ भने शान्तिनगर-सिनामंगल-गैरीगाउँ तथा मनहरा जडीबुटी क्षेत्रमा

» पृष्ठ २ मा क्रमशः

■ वास्तविक सुकुमवासीलाई यसरी गरिँदै छ स्थायी व्यवस्थापन

सरकारले विगतका तथ्यांक र अहिलेको 'स्क्रिनिङ'पछि वास्तविक सुकुमवासी पहिचान गरेर उनीहरूलाई दीर्घकालीन बसोबास मिलाउने योजना बनाएको छ। पहिलो चरणमा वास्तविक सुकुमवासी छान्ने र त्यसपछि दीर्घकालीन बसोबास निर्क्योल गर्ने सहरी विकास मन्त्रालयका प्रवक्ता नारायणप्रसाद मैनालीले बताए। उनका अनुसार सुकुमवासीलाई काठमाडौं उपत्यका वा उनीहरूलाई पायक पर्ने सम्बन्धित जिल्लामा स्थायी वास तथा जग्गा व्यवस्था गरिनेछ। 'विगतका तथ्यांक र हाल हुने 'स्क्रिनिङ'का आधारमा सुकुमवासीहरू पहिचान गर्छौं। उनीहरूको तीनपुस्ते विवरण संकलन गरेर यथार्थ पहिल्याउँछौं। त्यसपछि वास्तविक सुकुमवासीलाई उपत्यका वा पायक पर्ने सम्बन्धित जिल्लाकै कुनै ठाउँमा वास दिन्छौं,' उनले भने।

मैनालीका अनुसार धेरै परिवारलाई उपत्यकामै स्थायी रूपमा राख्ने अवस्थामा कुनै ठुलो संरचना निर्माण गरेर व्यवस्थित रूपमा राखिनेछ, जग्गा दिइनेछैन। उपत्यकाबाहिरको हकमा भने जग्गा नै वितरण गरिनेछ। त्यस्तै, नागरिकता नभएका, आफ्नो थातथलो नै थाहा नभएकालाई थप रुजु गरी व्यवस्थित रूपमा राखिने उनले बताए। तिनीहरूलाई कहाँको जग्गा दिने, कति दिने र कसरी राख्ने भन्नेमा दुई महिनाभित्र भूमिसुधार मन्त्रालयले निर्क्योल गरेर सिफारिस गर्ने प्रवक्ता मैनाली बताउँछन्। सरकारले स्क्रिनिङका लागि आएका परिवारको तीनपुस्ते रेकर्ड मागेको छ भने देशका कुनै ठाउँमा जग्गा भए-नभएको सोधेको छ। शनिबारभैँ आइतबार पनि दशरथ रंगशालामै स्क्रिनिङ गरिनेछ। कतिपयको गाउँमा जग्गा भए पनि पहिरोले सखाप पारेको, सरकारी तथा सार्वजनिक संरचना निर्माणका कारण विस्थापित हुनुपरेको जस्ता समस्या देखिए प्राथमिकतामा राखेर जग्गा वितरण गर्ने योजना छ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष चार महिनादेखि रिक्त

■ नियुक्ति प्रक्रिया अघि बढाएर सर्टलिस्टसमेत गरिसकेको फाइल तीन महिनादेखि शिक्षा मन्त्रालयको दराजमा

नयाँ पत्रिका

राष्ट्रिय परीक्षा बोर्ड गत पुसदेखि अध्यक्षविहीन छ। एसइईदेखि कक्षा ११ र १२ सम्मको परीक्षा सञ्चालन गर्ने कार्यालयको नेतृत्व नै नहुँदा कतिपय समन्वयकारी काममा समस्या भएको छ। तर, बोर्डको अध्यक्षका लागि शिक्षा मन्त्रालयका प्रतिनिधिसमेतको संलग्नतामा लोकसेवा आयोगले सिफारिस गरेका व्यक्तिको नाम भने तीन महिनादेखि शिक्षा मन्त्रालयको दराजमै थन्क्याइएको छ।

यसअघिका अध्यक्ष महाश्रम शर्माको कार्यकाल गत पुसको पहिलो साता सकिएको थियो। त्यसपछि लोकसेवाको प्रक्रियाअनुसार नै बोर्डको अध्यक्ष छनोट

» पृष्ठ २ मा क्रमशः



बोर्ड अध्यक्षका लागि शिक्षा मन्त्रालयले गत १० पुसमा विज्ञापन खुला गरेको थियो। जसमा १३ जनाको आवेदन परेको थियो। ८ माघमा लोकसेवा आयोग र शिक्षा मन्त्रालयले सर्टलिस्ट तयार गऱ्यो। सर्टलिस्टमा पुष्पराज जोशी, कृष्णप्रसाद आचार्य, बाबुराम खनाल, जगतकृष्ण पोखरेल, रामचन्द्र पाण्डे, राजेन्द्र चापागाईं र राजेन्द्र पोखरेल गरी सातजना परेका थिए। त्यसमध्ये सबैलाई ८ माघमा डेढ घण्टाको अवधारणापत्र प्रस्तुति गर्न लगाइएको थियो। त्यसको भोलिपल्ट ९ माघमा अन्तर्वार्ता भएको थियो। उक्त अन्तर्वार्तामा पनि शिक्षा मन्त्रालय र लोकसेवाका प्रतिनिधि थिए। अन्तर्वार्तापछि तीनजना छनोट गरेर लोकसेवाले १४ माघमा शिक्षा मन्त्रालयलाई सिफारिस गरेको थियो। तीनमध्ये एकजनालाई मन्त्रालयले अध्यक्षमा नियुक्ति गर्ने अभ्यास छ। तर, उक्त सिफारिसपत्र तीन महिनादेखि शिक्षा मन्त्रालयको दराजमै थन्किएको छ।

■ रोकिएन कांग्रेसको शक्ति संघर्ष

दलको नेतामा चुनाव रोकियो, सहमति भएन

शुक्रबार चुनाव स्थगित गरेर उपसभापति शर्माको नेतृत्वमा सहमति जुटाउन समिति बनाए पनि शनिबार रातिसम्म छैन प्रगति

● **प्रदीप पौडेल**, महामन्त्री



दलको नेताका लागि सहमतिको प्रयास जारी छ। आइतबारसम्म सहमतिकै प्रयास हुन्छ, नभए सोमबार निर्वाचन हुन्छ। आकांक्षी पनि धेरै हुनुहुन्छ।

प्रेम गौतम/नयाँ पत्रिका

गत २१ फागुनको निर्वाचनबाट निर्वाचित सांसदले शपथ लिएको एक महिनासम्म पनि प्रमुख प्रतिपक्ष दल कांग्रेसलाई संसदीय दलको नेता चयन गर्न सकस परेको छ। सर्वोच्च अदालतले गगन थापा पक्षधरलाई आधिकारिता दिएपछि पनि कांग्रेसको शक्ति संघर्ष रोकिएनको छैन, बरु दलको नेता चयनमा नयाँ समीकरण देखिएको छ।

निर्वाचन प्रक्रिया स्थगित गरेर सहमतिको प्रयास भए पनि आकांक्षीले अडान नछाडेपछि शीर्ष नेतृत्व नै दबाबमा आएको छ। उपसभापति विश्वप्रकाश शर्मा नेतृत्वको समन्वय समितिले सहमतिको प्रयास जारी राखेको छ। उपसभापति पुष्पा भुसाल तथा महामन्त्रीद्वय प्रदीप पौडेल र गुरुराज घिमिरे सदस्य रहेको समन्वय समितिले सहमति जुटाउन आकांक्षीसँग संवाद गरिरहेको छ।

महामन्त्री पौडेलले सहमतिको प्रयास जारी रहेको तथा आकांक्षी धेरै देखिएको बताए। 'दलको नेताका लागि सहमतिको प्रयास जारी छ। आइतबारसम्म सहमतिकै प्रयास हुन्छ, नभए सोमबार निर्वाचन हुन्छ,' पौडेलले भने, 'आकांक्षी पनि धेरै हुनुहुन्छ।' इतर पक्षका शीर्ष नेताहरूसँग व्यापक परामर्श गर्ने निर्णय गर्दै शुक्रबारका लागि तय निर्वाचन प्रक्रिया स्थगित गरिएको छ।

कांग्रेस दलको नेताका लागि समानुपातिक सांसदद्वय भीष्मराज आङ्देम्बे र अर्जुननरसिंह केसी तथा रसुवाबाट निर्वाचित मोहन आचार्य मुख्य दाबेदार देखिएका छन्। आचार्यलाई सभापति गगन थापाको साथ छ। आङ्देम्बेलाई उपसभापति शर्मा, नेता डा. शेखर कोइराला र निवर्तमान सभापति शेरबहादुर देउवा पक्षको समर्थन छ।

केसी भने आचार्य र आङ्देम्बेको विकल्पमा आफ्नो नाममा सहमति जुट्ने अवस्था भए दलको नेता बन्ने दाउमा छन्। निर्वाचन हुने अवस्थामा आफू प्रतिस्पर्धाबाहिर रहने उनले बताएका छन्। केसीले ज्येष्ठ सदस्यको हैसियतमा अन्य

» पृष्ठ २ मा क्रमशः


■ प्रतिनिधिसभामा कांग्रेसका ३८ सांसद, कसको पक्षमा कति ?

प्रतिनिधिसभामा कांग्रेसका प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० गरी ३८ सांसद छन्। हालसम्म संस्थापनतिर १६ सांसद छन्। मतदानको समयसम्म देउवा र कोइराला पक्ष एक ठाउँमा उभिए भने दलको नेतामा सहज बहुमत पुग्छ। देउवानिकट १५ र कोइरालानिकट सात सांसद रहेको एक नेताले बताए। यद्यपि, समय र परिस्थितिसँगै विगतको समीकरणमा व्यापक फेरबदल भएको संस्थापन पक्षको दाबी छ।


प्रत्यक्षतर्फ संस्थापन पक्षबाट निस्कल राई (इलाम १), मो. फिरदोश आलम (रौतहट २), प्रकाश कार्की (सोलुखुम्बु), अभिषेकप्रताप शाह (कपिलवस्तु ३), नरेन्द्रकुमार केरुङ (पाँचथर), सन्तोष सुब्बा (तेह्रथुम), मोहन आचार्य (रसुवा), खड्ग शाही (मुगु), बासना थापा (दैलेख १), भरतकुमार स्वाँर (अछाम १), भरतबहादुर खड्का (डोटी) र जनकराज गिरी (बाजुरा) छन्। समानुपातिकबाट अर्जुननरसिंह केसी, रेनुका काउचा, कालीबहादुर सहकारी र मनमाया विक संस्थापन पक्षका हुन्।



प्रत्यक्षतर्फ देउवा पक्षबाट टेकबहादुर गुरुङ (मनाङ), सन्दीप राना (पाल्पा १), जयपति रोकाया (हुम्ला), खड्कबहादुर बुढा (जाजरकोट) र विष्णुबहादुर खड्का (सुर्खेत १) छन्। समानुपातिकतर्फ भीष्मराज आङ्देम्बे, गीता गुरुङ, सुशीला ढकाल आचार्य, निनुकुमारी कर्ण, शाहजान खातुन, मदनकृष्ण श्रेष्ठ, गंगालक्ष्मी अवाल, पवित्रा विक, सीता थपलिया र हरिनादेवी कामी छन्।



कोइराला पक्षबाट प्रत्यक्षतर्फ योगेश गौचन थकाली (मुस्ताङ) छन् भने समानुपातिकमा गीताकुमारी सेन्डाङ, रुक्मिणीदेवी कोइराला, रिना केसी, डा. प्रमिलाकुमारी गच्छदार, डा. चन्द्रमोहन यादव र रेखाकुमारी यादव छन्।



■ काठमाडौंको नागार्जुन नगरपालिकाले तोक्यो शैक्षिक शुल्क

नर्सरीमा ३,७५० र १२ कक्षामा ७,००० अधिकतम मासिक शुल्क

नगरपालिकाका शिक्षा विभाग प्रमुख कृष्ण कुँवर भन्छन्–

संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिकाअनुसार नै विद्यालयका वर्गअनुसार शुल्क तोकेर सूचना जारी गरेका हौं। यो व्यवस्था अघिल्लो शैक्षिक सत्रदेखि लागू गरिएको हो। सबै सरोकारवालाको सहभागितामा शुल्क निर्धारण गरिएकाले कार्यान्वयनमा समस्या आएको छैन। तोकिएभन्दा बढी शुल्क लिए कारबाही गर्छौं।

पालना नगरे यस्तो कारबाही **पहिलोपटक कसुर हेरेर सम्बन्धित विद्यालयलाई २५ हजारसम्म जरिवाना, दोस्रोपटक विद्यालयको अनुमति स्वीकृति नै रद्द**

नयाँ पत्रिका

अभिभावकको गुनासो घटाउने र मनपरी शुल्क रोक्ने दिशामा प्रभावकारी कदम चाल्दै काठमाडौंको नागार्जुन नगरपालिकाले निजी विद्यालयका लागि शुल्क सीमा तोकेको छ। नयाँ शैक्षिक सत्र सुरु हुने लाग्दा नगरपालिकाले नर्सरीदेखि १२ कक्षासम्म शुल्क किटान गरेर अभिभावकमाथि पर्ने सम्भावित अतिरिक्त भार रोकेको छ। यद्यपि, नगरपालिकाले यस्तो अभ्यास

» पृष्ठ २ मा क्रमशः

■ कुन श्रेणीका स्कुलमा कति मासिक शुल्क ?

	ग श्रेणी	ख श्रेणी	क श्रेणी
नर्सरी	रु. २,४००/-	रु. ३,०००/-	रु. ३,७५०/-
एलकेजी	रु. २,५००/-	रु. ३,१२५/-	रु. ३,९००/-
युकेजी	रु. २,६००/-	रु. ३,२५०/-	रु. ४,०५०/-
कक्षा १	रु. २,७००/-	रु. ३,३७५/-	रु. ४,२००/-
कक्षा २	रु. २,८००/-	रु. ३,५००/-	रु. ४,३५०/-
कक्षा ३	रु. २,९००/-	रु. ३,६२५/-	रु. ४,५५०/-
कक्षा ४	रु. ३,०००/-	रु. ३,७५०/-	रु. ४,६७५/-
कक्षा ५	रु. ३,१००/-	रु. ३,८७५/-	रु. ४,८५०/-
कक्षा ६	रु. ३,२००/-	रु. ४,०००/-	रु. ५,०००/-
कक्षा ७	रु. ३,३००/-	रु. ४,१२५/-	रु. ५,१५०/-
कक्षा ८	रु. ३,४००/-	रु. ४,२५०/-	रु. ५,३२५/-
कक्षा ९	रु. ३,७००/-	रु. ४,६२५/-	रु. ५,८००/-
कक्षा १०	रु. ३,८००/-	रु. ४,७५०/-	रु. ५,९५०/-
कक्षा ११	रु. ४,५००/-	रु. ५,६००/-	रु. ७,०००/-
कक्षा १२	रु. ४,५००/-	रु. ५,६००/-	रु. ७,०००/-

● विद्यालय अनुगमनका क्रममा नियमविपरीतका कार्यहरू भए-गरेको देखिएमा प्रचलित कानुनबमोजिम कारबाही हुने चेतावनी नगरपालिकाले दिएको छ।

■ निर्देशिकाअनुसार कुन शीर्षकमा कति शुल्क लिन पाइन्छ ?

भर्ना शुल्क एउटै विद्यालयमा एकपटक मात्र लिन पाउने, त्यो पनि एक महिनाको मासिक शुल्कबराबर

वार्षिक शुल्क दुई महिनाको मासिक शुल्कबराबर रकम मात्र लिन पाइने

परीक्षा शुल्क मासिक शुल्कको ५० प्रतिशतभन्दा नबढ्ने गरी वार्षिक वा किस्तामा लिनुपर्ने (परीक्षाको मापदण्डमा सञ्चालित सम्पूर्ण खर्च र स्थानान्तरण प्रमाणपत्र छपाइबापतको खर्च यसैभित्र समेटिनुपर्ने)

शैक्षिक सामग्री मासिक शुल्क १० प्रतिशत मात्र वर्षमा एकपटक लिन पाइने

खाजा शुल्क यस्तो सुविधा लिने विद्यार्थीका अभिभावकको भेलाबाट पारित गराउनुपर्छ

यातायात शुल्क सुविधा लिने विद्यार्थीका अभिभावकको भेलाको दुईतिहाइबाट शुल्क पारित गराउनुपर्ने

● यसबाहेक विद्यालयले धरौटी शुल्क (पछि फिर्ता हुने गरी), कम्प्युटर शुल्क (कम्प्युटर विषय पढ्नेका लागि), स्थानान्तरण प्रमाणपत्र शुल्क, शैक्षिक भ्रमण शुल्क र अन्तर्विद्यालय प्रतियोगिता सञ्चालन शुल्क लिन पाउने व्यवस्था निर्देशिकामा छ।

● आवास शुल्कको हकमा सुविधा लिने विद्यार्थीका अभिभावक र विद्यालयबिच सहमतिअनुसार गर्नुपर्नेछ। जसलाई अभिभावक भेलाबाट पारित गराउनुपर्नेछ।

● खेलकुद, संगीत तथा साहित्यिक कार्यक्रमलगायत तालिम, प्रशिक्षण लिनेहरूसँग विशेष प्रशिक्षण शुल्क लिन पाउनेछ। तर, सुविधा लिने विद्यार्थीका अभिभावकहरूको दुईतिहाइबाट पारित गर्नुपर्छ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

बागमतीमा नीति योजना आयोग र पाँच निर्देशनालय खारेजीको तयारी

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेश सरकारले प्रशासनिक पुनर्संरचना गर्ने भन्दै प्रदेश नीति तथा योजना आयोग र विभिन्न मन्त्रालयअन्तर्गतका पाँचवटा निर्देशनालय हटाउने तयारी गरेको छ। खर्च कटौती, संरचनागत सुधार र कार्यक्षमता अभिवृद्धि गर्ने उद्देश्यले प्रशासनिक पुनर्संरचना गर्न लागेको हो।

प्रदेश सरकारले पूर्वसचिव विमल वाग्लेको नेतृत्वमा गठित विज्ञ समूहको प्रतिवेदनका आधारमा प्रदेश नीति तथा योजना आयोग खारेज गर्ने तयारी गरेको छ। यस्तै, विभिन्न मन्त्रालयअन्तर्गत रहेका पाँचवटा निर्देशनालय खारेज गर्ने तयारी पनि प्रदेश सरकारले अघि बढाएको छ। हाल कायम सात निर्देशनालयलाई घटाएर दुईवटामा सीमित गर्ने प्रस्तावसहित सरकार पुनर्संरचनाको चरणमा पुगेको हो।

सरकारको योजनाअनुसार कृषि निर्देशनालय र पशुपन्छी विकास निर्देशनालयलाई एकीकृत गरी एउटै निकाय बनाइनेछ भने स्वास्थ्य निर्देशनालय कायम राखिनेछ। बाँकी यातायात पूर्वाधार, शिक्षा विकास, वन तथा उद्योग-वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय खारेज गर्ने तयारी गरिएको छ। उक्त प्रतिवेदनमाथि कृषि तथा पशुपन्छी विकासमन्त्री मधुसूदन पौडेलको संयोजकत्वमा रहेको उच्चस्तरीय निर्देशक समितिले छलफल गरिरहेको छ। समितिले मन्त्रालय र संसदीय समितिसँग सुझाव माग्दै पुनर्संरचना प्रक्रियालाई अन्तिम रूप दिने तयारी गरेको छ।

पूर्वसचिव वाग्ले नेतृत्वको प्रतिवेदनले राजनीतिक नियुक्तिमा आधारित नीति योजना आयोग प्रभावकारी हुन नसकेको निष्कर्ष निकालेको छ। नीति योजना आयोगको विकल्पका रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयअन्तर्गत सानो 'विज्ञ समूह' गठन गरेर काम सञ्चालन गर्न सकिने सुझाव दिएको छ। आयोगलाई प्रशासनिक खर्च बढाउने र मन्त्रालयहरूलाई स्वतन्त्र रूपमा योजना छनोट गर्न अवरोध गर्ने निकायका रूपमा हेरिएको छ।

प्रदेश सभामा बजेट निर्माण प्रक्रियामाथि 'बिचौलिया' र 'अदृश्य शक्ति'को प्रभाव रहेको आरोप लगातार उठ्दै आएको छ। साथै, स-साना टुक्रे योजनामा बजेट छर्ने प्रवृत्तिले ठुला र दीर्घकालीन आयोजना ओझेलमा परेको आरोपसमेत लाग्दै आएको छ। प्रदेश नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. गंगादत्त नेपालले आयोग खारेजीको कदमप्रति कडा असहमति जनाएका छन्। उनले नीति योजना आयोगलाई प्रदेश विकासको मस्तिष्कका रूपमा रहेको उल्लेख गर्दै अयोगको खारेजीले बजेट निर्माण प्रक्रियामा थप नकारात्मक असर पर्ने दाबी गरे। 'आयोग हटाउनु भनेको योजनाविहीन, असमन्वित र कम प्रभावकारी विकास प्रणालीतर्फ जानु हो,' उनले भने, 'आयोग खारेजीले तथ्यांकमा आधारित योजना निर्माण कमजोर हुने, अनुगमन प्रणाली शिथिल हुने र नीतिगत भ्रष्टाचार बढ्ने जोखिम रहन्छ।'

प्रदेश सरकारले विभिन्न मन्त्रालयअन्तर्गत रहेका पाँचवटा निर्देशनालय खारेज गर्ने तयारी अघि बढाएको छ। हाल कायम रहेका सात निर्देशनालयलाई घटाएर दुईवटामा सीमित गर्ने सरकारको तयारी छ। पूर्वसचिव वाग्ले नेतृत्वको प्रतिवेदनका सुझावका आधारमा कृषि र पशुपन्छी निर्देशनालयलाई एकीकृत गरिनेछ भने स्वास्थ्य निर्देशनालय मात्र कायम राखिनेछ। बाँकी यातायात पूर्वाधार, शिक्षा विकास, वन तथा उद्योग-वाणिज्य निर्देशनालय खारेज गर्ने तयारी गरिएको छ। समितिले सबै मन्त्रालय र संसदीय समितिहरूसँग सुझाव माग्दै ११ वैशाखभित्र राय दिन आग्रह गरेको छ। प्राप्त सुझावका आधारमा प्रशासनिक पुनर्संरचना कार्यान्वयन गर्दै आगामी आर्थिक वर्षको बजेट सिलिङ निर्धारण गर्ने सरकारको योजना छ। सरकारले प्रशासनिक खर्च घटाउने र काममा दोहोरोपन हटाउने उद्देश्य राखेको छ।

एमाले सुधारका लागि १५ बुँदे प्रस्ताव

केन्द्रदेखि पालिका कमिटीसम्मको नेतृत्वमा अधिकतम दुई कार्यकालको सीमा, उम्मेदवार छनोटमा प्राइमरी इलेक्सनको प्रस्ताव

शुरोजंग पाण्डे/नयाँ पत्रिका

एमालेलाई नयाँ युगसुहाउँदो आधुनिक र गतिशील पार्टी बनाउन भन्दै १५ बुँदे सुधारको खाका प्रस्तावित गरिएको छ। एमालेमा विशेष महाधिवेशनका पक्षमा हस्ताक्षर अभियान चलाउन खोजेका जनवर्गीय संगठनको नेतृत्वमा रहेका युवाहरूको एउटा समूहले पार्टी पुनर्जागरणका लागि १५ बुँदे अवधारणापत्र बहसका लागि प्रस्ताव गरेको हो। पार्टी पुनर्गठनका लागि दबाब दिन विशेष महाधिवेशनका पक्षमा हस्ताक्षर अभियान चलाउन खोजेका गजेन्द्र थपलिया, उपेन्द्र शाही, कमल जोशीसहित एक दर्जन युवाले पार्टीको पुनर्गठन र रूपान्तरणका लागि 'नेक्स्ट जेन एमाले' अवधारणासहित विस्तृत छलफलपत्र सार्वजनिक गरेका हुन्।

प्रस्तावित बुँदामा 'शून्य पूर्णकालीन कार्यकर्ता'को विषयले प्राथमिकता पाएको छ। अब पार्टीका नेता तथा कार्यकर्ता राजनीतिमा मात्र निर्भर नभई अनिवार्य रूपमा कुनै न कुनै पेसा वा व्यवसायमा संलग्न हुनुपर्ने र पार्टीले त्यसका लागि प्रोत्साहन गर्ने उल्लेख छ।

'नेक्स जेन एमाले : जनतातर्फ, जडतर्फ' भन्ने मूल नारासहित तयार पारिएको प्रस्तावमा पार्टीलाई वैचारिक स्पष्टता, संगठनात्मक चुस्तता र कार्यशैलीगत उत्तरदायित्वतर्फ रूपान्तरण गर्नुपर्नेमा जोड दिइएको अवधारणापत्र निर्माणमा संलग्न अनेरास्ववियुका उपमहासचिव कमल जोशीले बताए। 'पार्टीको पुनर्जागरणका लागि तीन आधार र १५ वटा नीतिगत सुधार प्रस्ताव गरिएको छ, जसको उद्देश्य पार्टीलाई थप लोकतान्त्रिक, उत्तरदायी, जनमुखी र प्रभावकारी बनाउनु हो,' जोशीले भने। अवधारणापत्रले पार्टी पुनर्जागरणका लागि तीन मुख्य आधार अघि सारेको छ- रूपान्तरणसहितको पुस्तान्तरण, जनतातर्फ फर्किने नीति र जडस्तर (ग्रासरुट) सँग पुनः जोडिने अभियान।

पार्टीभित्र खुला बहस र समीक्षा संस्कृतिलाई संस्थागत गर्नुपर्ने, निर्णय प्रक्रियामा पारदर्शिता बढाउनुपर्ने तथा नागरिक समाज र कार्यकर्ताबाट नियमित सुझाव संकलन गर्ने प्रणाली विकास गर्नुपर्ने उल्लेख छ। आधुनिक राजनीतिक अभ्यासअनुसार 'ओपन कन्सल्टेसन' र 'पार्टी-समाज संवाद'लाई सुदृढ बनाउँदै पार्टीलाई बन्द संरचनाबाट खुला र उत्तरदायी संरचनातर्फ लैजानुपर्ने प्रस्ताव गरिएको छ।

नीतिगत सुधारतर्फ केन्द्रदेखि पालिका कमिटीसम्मको नेतृत्वमा अधिकतम दुई कार्यकालको सीमा, निर्वाचन पराजयपछि नेतृत्वको अनिवार्य जवाफदेहिता हुने गरी वैधानिक व्यवस्था, आमसंगठित सदस्यबाट प्रत्यक्ष मतदानबाट नेतृत्व चयन, उम्मेदवार छनोटमा प्राथमिक प्रणाली (प्राइमरी), तथा अनुसन्धानमा आधारित नीति निर्माणलाई प्राथमिकतामा राखेको छ। साथै, जनसंगठनहरूमा वैचारिक स्पष्टता र सांगठनिक स्वायत्तता सुनिश्चित गर्दै वैज्ञानिक मूल्यांक प्रणाली लागू गर्नुपर्ने सुझाव प्रस्ताव गरिएको छ।

अवधारणापत्रले एमालेभित्र 'पुनर्जागरण'को आवश्यकता औंल्याउँदै पार्टीलाई पुनः जनमुखी, विश्वसनीय र प्रभावकारी शक्तिका रूपमा स्थापित गर्न साहसिक नीतिगत र संरचनात्मक सुधार अनिवार्य रहेको निष्कर्ष प्रस्तुत गरेको छ। एमालेसम्बद्ध नेपाल बुद्धिजीवी परिषद्का अध्यक्ष गजेन्द्र थपलियाले पार्टीभित्रको कुनै पनि समूहको छलफल र निर्णयका आधारमा भन्दा पनि पार्टीलाई पुनर्जागृत र पुनर्निर्माण गर्नुपर्छ भन्ने अभिमत राख्नेहरूको तर्फबाट स्वतःस्फूर्त प्रस्ताव अगाडि सारिएको बताए। 'पार्टीलाई रूपान्तरण गर्नुपर्छ भन्ने पक्षमा रहेका सबैले आ-आफ्ना सुझाव राखिरहेकै छन्,' थपलियाले भने, 'हामीले पनि स्वतःस्फूर्त प्रस्ताव गरेका हौं, सुझाव आइरहन्छ, प्रस्ताव पनि थप समृद्ध बन्दै जान्छ।'

चुस्त संरचना र विज्ञताको माग

पार्टीका कमिटीलाई भद्दा हुनबाट जोगाउन 'पिरामिड शैली'को संरचना बनाउने प्रस्ताव गरिएको छ। बाहिर रहेका दक्ष व्यक्तिलाई पार्टीमा जोड्न 'ल्याटरल इन्ट्री'को ढोका खोल्नुपर्ने प्रस्ताव छ। त्यस्तै, नेताहरूलाई जिम्मेवारी दिनुअघि उनीहरूको क्षमता र पृष्ठभूमिको 'अनिवार्य स्क्रिनिङ' गरिनुपर्ने राय छ।

एमाले सुधारका लागि प्रस्तावित १५ बुँदा

अधिकतम दुई कार्यकालको व्यवस्था। जनसंगठनमा वैचारिक सामीप्यता, सांगठनिक स्वायत्तता। विधानमै निर्वाचन पराजयको अनिवार्य जवाफदेहिता। अनुसन्धानमा आधारित नीति र कार्ययोजना। कार्यकर्ताको प्रत्यक्ष मतदानबाट पार्टी नेतृत्व। ल्याटरल इन्ट्रीको व्यवस्था। अनिवार्य प्राइमेरीको व्यवस्था। पिरामिड शैलीका कमिटीगत संरचनाहरू। वैज्ञानिक मूल्यांकन प्रणाली र विज्ञतामा आधारित विषयगत जिम्मेवारी। जिम्मेवारी दिनुपूर्व अनिवार्य स्क्रिनिङ (पृष्ठभूमि जाँच)। नेतृत्व विकास सम्बन्धमा वैज्ञानिक प्रणालीको आवश्यकता। भ्रष्टाचारजन्य गतिविधिप्रति शून्य सहनशीलता। पार्टीमा अग्रजहरू रहेको मार्गनिर्देशन कमिटी। समाजमा रोलमोडल हुन सक्ने नेता कार्यकर्ता। पेसा व्यवसायप्रति प्रोत्साहन र शून्य पूर्णकालीन कार्यकर्ता।

गण्डकी सरकारद्वारा पाँच करोडको आपत्कालीन कोष स्थापना

गम्भीर बिरामीलाई आर्थिक सहायता दिने निर्णय

पोखरामा **रोहितराज पराजुली**

गण्डकी प्रदेश सरकारले संक्रामक रोग नियन्त्रण र उपचारका लागि पाँच करोड रुपैयाँको 'आपत्कालीन कोष' निर्माण गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्को बुधबारको बैठकले स्वास्थ्य, कर्मचारी प्रशासन र भौतिक पूर्वाधारसँग सम्बन्धित विभिन्न पाँचवटा निर्णय गरेको छ।

बैठकका निर्णय बिहीबार सार्वजनिक गर्दै सरकारका प्रवक्ता एवं आर्थिक मामिलामन्त्री जितबहादुर शेरचनले 'आपत्कालीन स्वास्थ्य सेवा तथा सरुवारोग व्यवस्थापन कार्यविधि, २०८३' स्वीकृत गरिएको बताए। उनका अनुसार नयाँ सरुवारोग वा महामारी फैलिएको अवस्थामा तत्काल खर्च गर्ने गरी उक्त कोष स्थापना गरिएको हो। यो कोषको रकम ५३ प्रकारका शीघ्र संक्रामक रोगहरूको नियन्त्रण र उपचारमा प्रयोग गरिनेछ।

कर्मचारीका लागि योगदानमा आधारित निवृत्तिभरण

बैठकले 'गण्डकी प्रदेश निजामती सेवा तथा स्थानीय सेवा कर्मचारीको योगदानमा आधारित निवृत्तिभरण कोष' सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको अवधारणा स्वीकृत गरेको छ। कर्मचारीको भविष्य सुरक्षित गर्न र अवकाशपछिको पेन्सन तथा सुविधालाई व्यवस्थित बनाउन नयाँ ऐन ल्याउन लागिएको मन्त्री शेरचनले बताए।

१९७ बिरामीलाई आर्थिक सहायता

सरकारले क्यान्सर, मुटुलगायत गम्भीर रोगबाट पीडित १९७ जना बिरामीलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरेको छ। ती बिरामीका लागि कुल एक करोड ७५ लाख रुपैयाँ प्रदान गरिनेछ।

चार गाडी किन्न चार करोड निकासा

मन्त्रिपरिषद्ले प्रदेश सचिवालयका लागि चारवटा गाडी खरिद गर्न चार करोड रुपैयाँ निकासा दिने निर्णय गरेको छ। सवारीसाधन खरिद गर्दा वातावरणीय सन्तुलनलाई ध्यान दिँदै विद्युतीय सवारीलाई प्राथमिकता दिइने मन्त्री शेरचनले बताए।

लिलामी र कार्यविधि संशोधन

सरकारी सम्पत्ति र जिन्सी मालसामानको व्यवस्थापनका लागि पुराना सामग्री लिलाम गर्ने वा मिनाहा गर्ने निर्णयसमेत बैठकले गरेको छ। यसका लागि हाल कायम कार्यविधिलाई संशोधन गरिएको छ। साथै, बैठकले 'बजेट कार्यक्रम कार्यान्वयन कार्यविधि (संशोधन) २०८२' समेत पारित गरेको छ।

राष्ट्रिय परीक्षा...

पृष्ठ १ बाट क्रमशः

भइसकेको छ। तर, छनोट भएको नाम मन्त्रालयको दराजमा गुपचुप राखिएको स्रोतले बतायो। 'सबै प्रक्रिया पूरा गरी सर्टलिस्टबाट समेत नाम छनोट गरेर लोकसेवा आयोगले शिक्षा मन्त्रालयलाई पत्र बुझाएको झन्डै तीन महिना भइसक्यो। लोकसेवाको सिफारिससमेत कार्यान्वयन नहुनु राम्रो होइन,' परीक्षा बोर्डका एक कर्मचारीले भने, 'बोर्डको अध्यक्ष नहुँदा समन्वयात्मक तथा निर्णयका कतिपय काममा असहज भएको छ, यस विषयमा हामीले शिक्षा मन्त्रालयलाई पनि जानकारी गराइरहेका छौं।' बोर्ड अध्यक्षका लागि शिक्षा मन्त्रालयले गत १० पुसमा विज्ञापन खुला गरेको थियो। जसमा १३ जनाको आवेदन परेको थियो। ८ माघमा लोकसेवा आयोग र शिक्षा मन्त्रालयले सर्टलिस्ट तयार गऱ्यो। सर्टलिस्टमा पुष्पराज जोशी, कृष्णप्रसाद आचार्य, बाबुराम खनाल, जगतकृष्ण पोखरेल, रामचन्द्र पाण्डे, राजेन्द्र चापागाईं र राजेन्द्र पोखरेल गरी सातजना परेका थिए। त्यसमध्ये सबैलाई ८ माघमा डेढ घण्टाको अवधारणापत्र प्रस्तुति गर्न लगाइएको थियो। त्यसको भोलिपल्ट ९ माघमा अन्तर्वार्ता भएको थियो। उक्त अन्तर्वार्तामा पनि शिक्षा मन्त्रालय र लोकसेवाका प्रतिनिधि थिए। अन्तर्वार्तापछि तीनजना छनोट गरेर लोकसेवाले १४ माघमा शिक्षा मन्त्रालयलाई सिफारिस गरेको थियो। तीनमध्ये एकजनालाई मन्त्रालयले अध्यक्षमा नियुक्ति गर्ने अभ्यास छ। तर, उक्त सिफारिसपत्र तीन महिनादेखि शिक्षा मन्त्रालयको दराजमै थन्किएको छ।

दलको नेतामा...

पृष्ठ १ बाट क्रमशः

सांसदहरूलाई शपथ खुवाएका थिए भने सभामुख चयनपूर्व सदनसमेत चलाएका थिए। आचार्य विशेष महाधिवेशन र आइदेम्बे नियमित महाधिवेशनको पक्षधर हुन्। पार्टीको १४औं महाधिवेशनमा आइदेम्बे देउवा पक्षबाट सहमहामन्त्रीमा र आचार्य केन्द्रीय सदस्यमा निर्वाचित भएका थिए। विशेष महाधिवेशनको विपक्षमा उभिए पनि संसद्को पहिलो बैठकमा भने आइदेम्बेले विशेष महाधिवेशनबाट कांग्रेस रूपान्तरण भएर अगाडि बढेको बताएका थिए। निस्कल राई, बासना थापा र योगेश गौचन थकालीलगायतले पनि आकांक्षा राखेका छन्। कांग्रेसले सहमहामन्त्री प्रकाश रसाइली स्नेहीको संयोजकत्वमा संसदीय दलको नेता निर्वाचन समिति गठन गरेको छ। समितिमा केन्द्रीय सदस्य मुना भुसाल र अधिवक्ता राजु कटुवाल सदस्य छन्। पार्टीको बृहत्तर हित, लोकतन्त्र र संविधानमाथि आएका चुनौती सामना गर्न सर्वसम्मत नेतृत्व चयनको प्रयास गरिएको स्नेहीले बताए।

संसद्मा प्रतिनिधित्व गर्ने ६ मध्ये पाँच दलले तत्कालै संसदीय दलको नेता चयन गरेका थिए। कांग्रेसको संसदीय इतिहासमा ०६४ को पहिलो संविधानसभा निर्वाचनपछि दलको नेता निर्वाचनबाटै चयन हुँदै आएका छन्। विशेष महाधिवेशनबाट चयन भएको थापा नेतृत्वको कार्यसमितिले सर्वोच्चबाट मान्यता पाएपछि कांग्रेसको विवाद थप जटिल देखिएको छ। १४औं महाधिवेशन पक्षधरले निवर्तमान केन्द्रीय सदस्य र जिल्ला सभापतिहरूको भेलासमेत बोलाएको छ।

नर्सरीमा...

पृष्ठ १ बाट क्रमशः

अघिल्लो शैक्षिक सत्रदेखि सुरु गरेको जनाएको छ। सबै संस्थागत विद्यालयहरूलाई 'निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा' भन्दै पठाइएको पत्रमा नगरपालिकाले विद्यालयलाई 'क', 'ख' र 'ग' तीन श्रेणीमा वर्गीकरण गर्दै न्यूनतम र अधिकतम शुल्क निर्धारण गरेको छ। उक्त पत्रअनुसार शुल्क कार्यान्वयन गर्न-गराउन निर्देशन दिइएको छ।

नगरपालिकाका शिक्षा विभाग प्रमुख कृष्ण कुँवरले अभिभावकबाट आएका गुनासोका आधारमा शिक्षा समिति, प्याब्सन, एनप्याब्सन तथा अभिभावक प्रतिनिधिसहितको छलफलपछि शुल्क निर्धारण गरिएको बताए। उनका अनुसार यसले निर्णय व्यावहारिक र स्वीकार्य बनाएको छ। 'संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिकाअनुसार नै विद्यालयका वर्गअनुसार शुल्क तोकेर हामीले सूचना जारी गरेका हौं,' उनले भने, 'यो व्यवस्था अघिल्लो शैक्षिक सत्रदेखि लागू गरिएको हो। सबै सरोकारवालाको सहभागितामा शुल्क निर्धारण गरिएकाले कार्यान्वयनमा समस्या आएको छैन। तोकिएभन्दा बढी शुल्क लिए कारबाही गर्छौं।'

तोकिएभन्दा बढी शुल्क असुल्ने विद्यालयमाथि कारबाही हुने उनले बताए। नगरपालिकाको पत्रमा भनिएको छ, 'नेपाल सरकारको नीति र कानुनविपरीत कार्य गरी बालबालिका र अभिभावकलाई अतिरिक्त बोझ दिने, तोकिएको शीर्षक तथा शुल्कभन्दा बढी शुल्क लिएको जनगुनासोहरू यस कार्यालयमा प्राप्त हुन आएकाले तपसिलबमोजिमका कार्यहरू गर्नु-गराउनुहुन अनुरोध गर्दै विद्यालय अनुगमनको क्रममा नियमविपरीतका कार्यहरू भए-गरेको देखिएको प्रचलित कानुनबमोजिम कारबाही हुने व्यहोरासमेत अनुरोध छ।'

नर्सरीमा 'क' वर्गका विद्यालयले तीन हजार ७५०, 'ख' वर्गले तीन हजार र 'ग' वर्गले दुई हजार ५०० रुपैयाँसम्म शुल्क लिन पाउनेछन्। एलकेजीमा 'क' वर्गलाई तीन हजार ९००, 'ख' वर्गलाई ३ हजार १२५ र 'ग' वर्गलाई दुई हजार ५०० निर्धारण गरिएको छ भने युकेजीमा क्रमशः चार हजार ५०, तीन हजार २५० र दुई हजार ६०० रुपैयाँ तोकिएको छ। कक्षा १ देखि १० सम्म पनि क्रमशः वृद्धि हुने गरी शुल्क सीमा निर्धारण गरिएको छ। कक्षा ११ र १२ मा 'क' वर्गका विद्यालयका लागि सात हजार, 'ख' वर्गका लागि पाँच हजार ६०० र 'ग' वर्गका लागि चार हजार ५०० रुपैयाँ शुल्क तोकिएको छ।





कीर्तिपुर सुन्दरीघाटस्थित राधास्वामी सत्संग आश्रममा राखिएका सुकुमवासी परिवार। तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

सुकुमवासी...

पृष्ठ १ बाट क्रमशः

आइतबारसम्म लाग्ने सहरी विकास मन्त्रालयले जनाएको छ।

करिब १२ हजारको संख्यामा प्रहरी तैनाथीसहित महानगरका डोजर चल्दै गर्दा बस्तीका अधिकांश परिवार आफैं सामान निकालेर निस्किएका थिए। कतिपय परिवारलाई सामान निकाल्न प्रहरीले सघाएको थियो। परिस्थिति असामान्य हुन सक्ने आकलन गरेको प्रहरी पानीको फोहरा, अश्रुग्यास, लाठीसहित तैनाथ थियो। तर, कुनै बल प्रयोगविना शान्तिपूर्ण रूपमा बस्ती खाली भएको छ। बस्ती छाडेकाहरू सरकारले आह्वान गरेको 'स्क्रिनिङ' प्रक्रियामा सामेल हुने क्रम जारी छ। शनिबार राति १०:३० बजेसम्म १४४ परिवार 'स्क्रिनिङ' का लागि उपस्थित भएको सरकारी तथ्यांक छ। भूमि सुधार र सहरी विकास मन्त्रालय तथा काठमाडौं महानगरपालिकाको टोली स्क्रिनिङमा खटिएका थिए। टोलीले उनीहरूको व्यक्तिगत विवरण, पारिवारिक विवरण र सामानको विवरण लिएको थियो। उनीहरूलाई आश्रयस्थल पुऱ्याउन र उनीहरूको सामान ओसार्न पनि सरकारी गाडी प्रयोग गरिएका थिए।

दुवै पक्ष संयमित हुँदा सहज वातावरणमै बस्ती खाली गरिएको र वास्तविक पीडित तथा आश्रय दिनुपर्ने संख्या यकिन गरी आश्रयस्थल पुऱ्याइएको काठमाडौंका प्रमुख जिल्ला अधिकारी (सिडिओ) ईश्वरराज पौडेलले बताए। 'हामीले अपरेसन गरिरहेका छौं, शनिबार सबै टहरा हटाएर सकिएन, फाइनल भएपछि मात्रै कति सुकुमवासीको उद्धार भयो तथा आश्रयस्थलहरूमा कतिलाई राखियो भनेर थाहा हुन्छ,' उनले भने, 'शनिबार साँझसम्म १४४ परिवारलाई आश्रममा पठाएका छौं, त्यसपछि पुनर्स्थापन र स्थायी बसोबासबारे थप गृहकार्य गर्छौं।'

सम्पर्कमा आएकाहरूलाई कीर्तिपुर सुन्दरीघाटस्थित राधास्वामी सत्संग आश्रममा राखिएको छ। यसबाहेक उपत्यकाका विभिन्न ठाउँबाट विस्थापित हुने सुकुमवासीलाई भक्तपुरको खरिपाटीस्थित विद्युत् तालिम केन्द्र र ललितपुरको बोडेस्थित कृषि विकास बैंकको तालिम केन्द्रमा राख्ने व्यवस्था गरिएको छ। सुकुमवासीकै लागि भनेर केही वर्षअघि नै बनाइएको इचंगुनारायणस्थित भवन हाल मर्मत भइरहेकाले एक-दुई सातापछि त्यहाँ लगेर केही महिना अस्थायी रूपमा राख्ने र स्थायी बसोबासको व्यवस्थापनमा लाग्ने सरकारको तयारी छ।

काठमाडौं महानगरपालिकाका अनुसार थापाथलीका सबैजसो टहरा अस्थायी किसिमका थिए। चार डोजर प्रयोग गरेर हटाइएको थियो। केही घण्टामै थापाथली खाली गरेर प्रहरी र डोजर तीनकुने, गैरीगाउँ र सिनामंगल क्षेत्रका सुकुमवासी बस्तीमा पुगेका थिए। तीनकुने-सिनामंगल क्षेत्रमा करिब चार सय घरटहरा भत्काएर सकिएकोमा अझै दर्जनौं संरचना बाँकी रहेको प्रहरीले जनाएको छ। गैरीगाउँमा सुकुमवासीका नाममा बनाइएको तीनतले पक्की घरमा समेत डोजर चलेको छ।

काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले सबै पक्ष मिलेर फिल्डमा खटिँदा सहज रूपमा बस्ती खाली गरिएको बताए। 'सबै पक्ष मिलेर फिल्डमा खटिँदा सहज भयो, त्यहाँ कुनै अप्रिय घटना होला कि भनेर एम्बुलेन्ससमेत राखिएको थियो,' उनले भने, 'सबै आवश्यक तयारी हुँदा सहज भयो। अब सरकारले तोकेका ठाउँहरूमा सुकुमवासी व्यवस्थापन गर्छ।'

त्यस्तै, मनोहरा जडिबुटी क्षेत्रमा अतिक्रमित जग्गा खाली गराउन गएको डोजरमाथि ढुंगा प्रहार भएको छ। यहाँको बस्ती आइतबार खाली गर्ने सरकारको योजना छ। भूमि आयोगका अनुसार थापाथलीमा सुकुमवासी बस्तीमा मात्रै १४६ परिवारको बसोबास थियो। त्यस्तै, गैरीगाउँ क्षेत्रमा ८५ र मनोहराको काठमाडौंतर्फ जडीबुटी क्षेत्रमा ११४ परिवार छन्। मनोहरामा काठमाडौं र भक्तपुरतर्फ गरी ७७३ परिवारले भूमि आयोगमा सुकुमवासीका नाममा निवेदन दिएका थिए। तर, उक्त संख्यामा अधिकांश गैरसुकुमवासी भएको सहरी विकास मन्त्रालयको आशंका छ। काठमाडौं उपत्यका विकास प्राधिकरणले मन्त्रालयलाई उपलब्ध गराएको तथ्यांकअनुसार तीनकुने शान्तिनगर क्षेत्रमा ४७६, गैरीगाउँ क्षेत्रमा १६२, थापाथली क्षेत्रमा १४३, गोठाटारमा ७७, मनोहरा टोलमा १३ गरी कुल ८७१ अनधिकृत घरधुरी छन्। उक्त क्षेत्रमा अस्थायी र स्थायी संरचना बनाइएका थिए। प्राधिकरणका अनुसार थापाथली सुकुमवासी बस्तीका ३६ परिवारको त अन्यत्र जग्गा भएको समेत फेला पारेको थियो।

गैरीगाउँ क्षेत्रका अधिकांश संरचना पक्की

थापाथली क्षेत्रमा सबैजसो अस्थायी किसिमका संरचना थिए। तर, तीनकुने-गैरीगाउँ क्षेत्रमा भने धेरै संरचना पक्की थिए। काठमाडौं महानगरको तथ्यांकअनुसार गैरीगाउँ क्षेत्रमा २८ भन्दा बढी संरचना पक्की ढलान गरिएका थिए। पक्की भएकै कारण त्यस क्षेत्रमा भत्काउन बढी समय लागेको काठमाडौं महानगरपालिकाले जनाएको छ। बागमती नदीको दायाँ र बायाँ दुवैतर्फ अतिक्रमण गरेर संरचना बनाइएको यो क्षेत्रमा आइतबार मात्रै बस्ती खाली गरेर सकिने महानगरको भनाइ छ।

टहराको सामान हटाउन प्रहरीले सघाउँदा सहज

सरकारले अवैध संरचना हटाउने उर्दी गरेपछि सुकुमवासी बस्तीका कतिपय परिवारले बिहीबार र शुक्रबार नै बस्ती छाडिसकेका थिए। कतिपय गाउँ र कतिपय डेरा खोजेर व्यवस्थापनमा लागिसकेका थिए। कतिपयले भने शनिबार दिउँसोसम्म पनि टहरा खाली गर्न सकेका थिएनन्। अन्यत्र जाने ठाउँ तथा विकल्प नभएकाले अन्तिम समयसम्म सामान हटाउन सकेका थिएनन्। उनीहरूका टहरामा भएका सरसामान हटाउन नेपाल प्रहरी र नगर प्रहरीले सहयोग गरेको थियो। टहराबाट उनीहरूका सामान सुरक्षित ठाउँमा सार्न निःशुल्क ढुवानी सेवासमेत दिइएको थियो।

देशभरकै अवैध संरचना हटाउने अभियान

सरकारले हाल देशभरकै अवैध संरचना हटाउने अभियान थालेको छ। स्थानीय तहलगायत सम्बन्धित निकायलाई अगाडि लगाएर सरकारले अवैध संरचना हटाइरहेको छ। एक साताअघि पर्साको वीरगन्ज क्षेत्रमा अवैध संरचना भत्काइएको थियो। त्यस्तै, शनिबार बागमती करिडोरसँगै पोखराको सहरी क्षेत्रका केही संरचना पनि हटाइएको छ। अन्य धेरै जिल्लामा पनि अतिक्रमित सरकारी तथा सार्वजनिक जग्गा भत्काउँदै जाने र वास्तविक सुकुमवासीलाई स्थायी वासको व्यवस्था गर्ने सहरी विकास मन्त्रालयले जनाएको छ।

स्वास्थ्य मन्त्रालय तीनतिर

जेन-जी आन्दोलनका क्रममा रामशाहपथस्थित मन्त्रालय आगजनीबाट ध्वस्त भएपछि अहिले मन्त्री एउटा भवनमा, सचिवसहितका केही कर्मचारी सिंहदरबारभित्रकै टहरामा र केही महाशाखा सिंहदरबारबाहिरको एनएचआरसीको भवनबाट सेवा दिँदै, छुट्टाछुट्टै बस्दा समन्वय र सहकार्यमा झन्झट



स्वास्थ्यमन्त्री निशा मेहताले खानेपानीमन्त्रीको जिम्मेवारी पनि सम्हालेकी छिन् । उनी प्रायः खानेपानी मन्त्रालयमै बस्छिन् । सोही मन्त्रालयको भवनमा स्वास्थ्य मन्त्रालयको बैठक राख्दै मन्त्री मेहता ।



सिंहदरबारस्थित सर्वोच्च अदालतको नयाँ भवनपछाडि जस्ताको टहरामा स्वास्थ्य मन्त्रालयका महाशाखाहरू छन् । जुन टहरामा सचिवहरूलगायत बस्छन् ।

● **डा. प्रकाश बुढाथो**की, प्रवक्ता, स्वास्थ्य मन्त्रालय



एकै ठाउँमा नहुँदा कतिपय निर्णय र समन्वयात्मक कार्यमा समस्या हुने नै भयो । स्वास्थ्य अत्यावश्यक क्षेत्र हो, जुनसुकै वेला पनि छलफल वा निर्णय गर्नुपर्ने हुन्छ, तर अहिले सबै एकै छानामुनि छैनौं । ३० दिनभित्र खानेपानी र स्वास्थ्य मन्त्रालयको संरचना एउटै हुने गरी सञ्चालन गर्ने भनिएको छ । त्यसपछि केही व्यवस्थित होला । स्वास्थ्यजस्तो अत्यावश्यकीय सेवा प्रवाह गर्ने मन्त्रालयलाई तीन ठाउँमा राख्नु गलत हो ।



रामशाहपथस्थित नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को भवन, जहाँ स्वास्थ्य मन्त्रालयको हेल्थ इमर्जेन्सी अप्रेसन सेन्टर, गुणस्तर तथा नियमन महाशाखा, जनसंख्या महाशाखा र प्रवक्ताको कार्यालय छन् । **तस्बिरहरू : सतिश पोखरेल/नयाँ पत्रिका**

शिवहरि घिमिरे/नयाँ पत्रिका

अत्यावश्यकीय सेवा प्रवाह गर्ने स्वास्थ्य तथा जनसंख्या मन्त्रालय भवन अभावका कारण सेवा प्रवाहमा समस्या भोगिरहेको छ । जेन-जी आन्दोलनका क्रममा रामशाहपथमा रहेको भवन आगजनीबाट ध्वस्त भएपछि मन्त्रालयले तीन ठाउँमा छरिएर सेवा प्रवाह गरिरहेको छ ।

हाल मन्त्रालयका केही महाशाखालाई सिंहदरबारबाहिर एनएचआरसीको नयाँ भवनमा र केही महाशाखालाई सिंहदरबारस्थित सर्वोच्च अदालतको नयाँ भवन पछाडि बनेका प्रिफ्याव डब्बा र जस्ताका टहरामा राखिएको छ । भवन अभावकै कारण स्वास्थ्यमन्त्री निशा मेहता खानेपानी मन्त्रालयको कार्यकक्षमा बसेकी छिन् । उनले त्यही ठाउँबाट स्वास्थ्यका सबै कार्य गर्दै आइरहेकी छिन् । उनको जिम्मामा स्वास्थ्य र खानेपानी मन्त्रालय छ । तर, आपत्कालीन तथा अत्यावश्यकीय सेवा प्रदान गर्ने मन्त्रालय सचिवसहितका कर्मचारी अन्य भवनमा हुँदा कार्य सम्पादनमा भने असहज हुने गरेको छ ।

मन्त्री एकातिर सचिवसहितका कर्मचारी अर्कै भवनमा बस्दा बैठक, समन्वय र सहकार्यमा समेत समस्या हुने गरेको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले बताए । 'एकै ठाउँमा नहुँदा कतिपय निर्णय र समन्वयात्मक कार्यमा समस्या हुने नै भयो । स्वास्थ्य अत्यावश्यक क्षेत्र हो, जुनसुकै वेला पनि छलफल वा निर्णय गर्नुपर्ने हुन्छ, तर अहिले सबै एकै छानामुनि छैनौं । ३० दिनभित्र खानेपानी र स्वास्थ्य मन्त्रालयको संरचना एउटै हुने गरी सञ्चालन गर्ने भनिएको छ । त्यसपछि केही व्यवस्थित होला,' उनले भने, 'स्वास्थ्यजस्तो अत्यावश्यकीय सेवा प्रवाह गर्ने मन्त्रालयलाई तीन ठाउँमा राख्नु गलत हो ।' बुढाथोकीले जेन-जी आन्दोलनयता मन्त्रालयले सहज रूपमा सेवा प्रवाह गर्ने ठाउँ नपाएको बताउँदै अब सहज बनाउनुपर्ने माग गरे । जेन-जी आन्दोलनका क्रममा स्वास्थ्य मन्त्रालयका फाइल, कम्प्युटर, फर्निचर सबै खरानी भएका थिए । मन्त्रालयको चारतले भवन नै बस्न नमिल्ने अवस्थामा छ । सहरी विकास मन्त्रालयअन्तर्गतको भवन गुणस्तर नापजाँच टोलीले अनुगमन गरेर सो भवनमा अत्यन्तै जोखिम अवस्थामा रहेको बताएको थियो ।

प्रवक्ता बुढाथोकीका अनुसार हाल नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी)को भवनमा मन्त्रालयको हेल्थ इमर्जेन्सी अपरेसन सेन्टर (एचओसी), गुणस्तर तथा नियमन महाशाखा, जनसंख्या महाशाखा र प्रवक्ताको कार्यालय छ । सिंहदरबारस्थित प्रिफ्याव डब्बामा स्वास्थ्य सचिव, प्रशासनतर्फका सचिव, अतिरिक्त स्वास्थ्यसचिव, नीति योजना अनुगमन महाशाखा प्रमुख, कर्मचारी प्रशासन महाशाखा, समन्वय महाशाखा छन् ।

स्वास्थ्यका सबै कर्मचारीको कार्यकक्ष बसेर काम गरिरहँदा भवन अभावकै कारण स्वास्थ्यमन्त्री मेहता खानेपानी मन्त्रालयमा बसेर काम गर्छिन् । उनले बैठक, फाइल तथा अन्य निर्णयका लागि मन्त्री र कर्मचारीलाई खानेपानी मन्त्रालयमै बोलाउने गर्छिन् । यसरी मन्त्री एकातिर कर्मचारी अर्कोतिर बसेर काम गर्दा कार्य सम्पादनमा समेत फरक पर्न सक्ने प्रवक्ता बुढाथोकीको भनाइ छ । 'एकै भवनमा हुँदा जति काम गर्न सहज हुन्छ, फरक-फरक ठाउँमा हुँदा कार्यसम्पादन गर्न त्यति सहज हुँदैन,' उनले भने, 'मन्त्रीज्यूको कार्यकक्ष सेनालै बनाएको जस्ताको टहरामा थियो, तर त्यहाँ बसेर काम गर्न साँघुरो भएपछि उहाँ खानेपानी मन्त्रालयमै बस्नुभएको छ, भेटघाट र बैठक पनि त्यहाँ नै गर्नुहुन्छ, तर हामीलाई सिंहदरबार बाहिर राख्दा मन्त्रालयमा के-के भइरहेको छ भन्ने थाहा हुँदैन ।' सरकारले सयदिने कार्ययोजनामै गाभिएका मन्त्रालयलाई ३० दिनभित्र एकै संरचनाअनुसार सञ्चालन गर्ने घोषणासमेत गरेको छ । सोहीअनुसार मन्त्रालयका सबै शाखा-महाशाखा केही दिनमै खानेपानी मन्त्रालयको भवनमै सर्ने प्रवक्ता बुढाथोकीको भनाइ छ ।

■ इ-बिडिङ ह्याक गरी ठेक्का

पूर्वमन्त्री पाण्डेसहित १० ठेकेदार पक्राउ

टेकराज थामी/नयाँ पत्रिका

सार्वजनिक खरिद अनुगमन कार्यालयको अनलाइन प्रणालीमा अनधिकृत रूपमा पहुँच पुऱ्याएर ठुला सरकारी ठेक्का कब्जा गरेको अभियोगमा पक्राउ पर्नेको संख्या १० पुगेको छ । पक्राउ पर्नेमा राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष तथा पूर्वमन्त्री ७४ वर्षीय विक्रम पाण्डे, ६४ वर्षीय टंककुमार श्रेष्ठ, ३३ वर्षीय दिवाकर देउजा, २५ वर्षीय भरत धामी, ३९ वर्षीय सञ्जय भट्ट, ३५ वर्षीय भाष्कर्राज अर्याल, ४० वर्षीय सागर कटुवाल, ६२ वर्षीय जीवनकुमार दास र अनिल श्रेष्ठ छन् । उनीहरूलाई प्रहरीले २३ चैतदेखि ११ वैशाखसम्मको अवधिमा पक्राउ गरेको हो ।

घटनाको अनुसन्धान

नेपाल प्रहरीअन्तर्गतको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) मातहतको साइबर ब्युरोले गर्दै आएको छ ।

सिआइबीका प्रवक्ता एसएसपी शिवकुमार श्रेष्ठले इबिडिङ प्रणालीमा अनधिकृत पहुँच राखी ठुला ठेक्का हत्याउने धन्दामा संलग्नमध्ये हालसम्म १० जना पक्राउ परेको बताए । 'सार्वजनिक खरिद अनुगमन कार्यालयको इबिडिङ प्रणालीमा अनधिकृत पहुँच राखी ठुला ठेक्का हत्याउने धन्दामा संलग्न १० जना पक्राउ परेका छन् । प्रहरीले केही सातादेखि घटनाको अनुसन्धान गर्ने सिलसिलामा उनीहरू पक्राउ परेका हुन् । अनुसन्धान जारी छ । पक्राउ पर्नेको संख्या बढ्न पनि सक्छ,' उनले भने ।

● एसएसपी **शिवकुमार श्रेष्ठ**, प्रवक्ता, सिआइबी



सिआइबीका अनुसार पक्राउ परेकामध्ये पाण्डे कालिका कन्स्ट्रक्सन र श्रेष्ठ भीषण कन्स्ट्रक्सनका सञ्चालक हुन् । उनीहरूसँगै पक्राउ परेका बोहरा चपुर निर्माण सेवाका मालिक हुन् । अन्य सातजना पनि विभिन्न ठेकेदार कम्पनीसँग आबद्ध छन् । जसले अनुगमन कार्यालयका इबिडिङ प्रणालीमा अनधिकृत पहुँच पुऱ्याएको प्रहरीको दाबी छ ।

प्रहरीले उनीहरूविरुद्ध विद्युतीय कारोबार ऐन, ०६३ र संगठित कसुरअन्तर्गत अनुसन्धान प्रक्रिया अघि बढाएको छ । प्रहरीका अनुसार उनीहरूले ठेक्काको आर्थिक प्रस्ताव खोल्नुअगावै अनुगमन कार्यालयको प्रणाली ह्याक गर्थे । प्रणालीमा राखिएका दरभाउ चोरी गर्थे । सोही दरभाउका आधारमा उनीहरूले ठेक्काका लागि प्रस्ताव हाल्थे । अन्ततः उनीहरूकै प्रस्ताव स्वीकृत हुने चरणमा पुग्थ्यो ।

प्रणालीमा कसैले अनावश्यक पहुँच पुऱ्याएको सूचनापछि अनुगमन कार्यालयले आन्तरिक रूपमा अध्ययन गरेको थियो । सूचना सही रहेको देखिएपछि कार्यालयले घटनाको अनुसन्धान गर्न सिआइबीमा जाहेरी दिएको थियो । सोही आधारमा सिआइबीमातहतको साइबर ब्युरोले घटनाको अनुसन्धान गरेको थियो । अनुसन्धानका क्रममा प्रणालीमा अनधिकृत रूपमा पहुँच राखी तथ्यांक चोरी गरेको र त्यसैलाई आधार बनाएर ठेक्काको प्रस्ताव गरिएको खुलेको थियो । सिआइबी प्रमुख एआइजी डा. मनोज केसीले भने, 'ठेक्काहरूको आर्थिक प्रस्ताव खोल्नुभन्दा अगावै आर्थिक प्रस्तावको डकुमेन्ट परिवर्तन गर्ने रहेछन् । सोही आधारमा ठेक्का हत्याउने रहेछन् । यसरी थिनीहरूले ठुला प्रकृतिका तीनवटाभन्दा धेरै ठेक्का लिएको देखिन्छ । घटना सम्बन्धमा अझै अनुसन्धान भइरहेको छ । नयाँ तथ्य खुल्दै जालान् ।'

अनुमगन कार्यालयको उजुरीपछि साइबर ब्युरोले दुई महिनादेखि घटनाको अनुसन्धान गरिरहेको छ । हालसम्मको अनुसन्धानले अनुगमन कार्यालयको अनलाइन सिस्टममा अनुचित पहुँच (ह्याकिङ) पुऱ्याएको प्रशस्त प्रमाण भेटिएका छन् । प्रणालीमा पहुँच पुऱ्याएर अन्य कम्पनीको बोलपत्रको आर्थिक प्रस्ताव हेर्ने र त्योभन्दा कममा आफूले प्रस्ताव हालेर ठेक्का कब्जा गर्ने प्रवृत्ति देखिएको प्रहरीको भनाइ छ । सुरुमा यस विषयमा कार्यालयको आइटी टिमले छानबिन गरेको थियो ।

कार्यालयले बोलपत्रडटकमडटएनपीमार्फत अनलाइन बोलपत्रको व्यवस्थापन गर्दै आएको छ । सोही वेबसाइटमा ठेकेदारहरूले बोलपत्र प्रविष्ट गर्नुपर्ने हुन्छ ।

संक्षेप

लागुऔषध कारोबारी पक्राउ गर्न तीन राउन्ड गोली प्रहार

बाँके/ लागुऔषध कारोबारीलाई नियन्त्रणमा लिन प्रहरीले गोली चलाएको छ । नेपालगन्ज उपमहानगरपालिका-२२ शान्तिचोकनजिकै लागुऔषध कारोबार भइरहेको सूचनाका आधारमा पुगेको लागुऔषध ब्युरो नेपालगन्ज र जिल्ला प्रहरी कार्यालयको संयुक्त टोलीले कारोबारीलाई नियन्त्रणमा लिन तीन राउन्ड गोली चलाएको हो । प्रहरीले नेपालगन्ज-२२ का २८ वर्षीय दिनेश बासखोरको साथबाट लागुऔषधजस्तो देखिने खैरो धुलो पदार्थ ३७० ग्राम र नेपालगन्ज-२२ का ३५ वर्षीय नुर मोहम्मद किंगरिया र सोही ठाउँका २९ वर्षीय फिरोज साईलाई नियन्त्रणमा लिइएको बाँके प्रहरी प्रमुख एसपी अंगुर जिसीले जानकारी दिए । उनीहरूका बारेमा थप अनुसन्धान भइरहेको उनले बताए ।

चट्याङ लागेर एकको मृत्यु, अर्का घाइते

कास्की/ चट्याङ लागेर घाइते भएका एकजनाको उपचारको क्रममा मृत्यु भएको छ । अर्का एकजना घाइते भएका छन् । शुक्रबार साँझ अन्दाजी ७ बजे स्याङ्जाको बिरुवा गाउँपालिका-२ श्रीडाँडा बस्ने वर्ष २० का मिलन विक चट्याङ लागेर घाइते भएका थिए । उनको उपचारका क्रममा शनिबार मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाका सूचना अधिकारी प्रशन्नराज चौधरीले बताए । आफ्नै घरमा बसिरहेको अवस्थामा चट्याङ लागी घाइते भएका विकलाई उपचारका लागि प्रदेश अस्पताल पुतलीबजार लगिएकोमा शनिबार चिकित्सकले मृत घोषणा गरेका थिए । शुक्रबार दिउँसो १६:४० बजेको समयमा स्याङ्जाको हरिनास गाउँपालिका-४ सारुथर बस्ने वर्ष ५० का तेजबहादुर थापा चट्याङ लागेर घाइते भएकोमा उपचारपछि उनी डिस्चार्ज भएका छन् । चौधरीका अनुसार थापाको घरदेखि करिब तीन सय मिटर दक्षिणतर्फ रहेको कुखुराको फर्ममा परेको चट्याङको झड्काका कारण थापा घाइते भएका थिए । उनलाई तत्कालै उपचारका लागि सेतीगंगा अस्पताल तनहुँ लगिएकोमा उपचारपछि डिस्चार्ज भएका थिए । चौधरीका अनुसार चट्याङका कारण कुखुराको फर्ममा रहेका सानाठुला गरी पाँच सय ५० वटा कुखुरा मरेका छन् ।

साढे तीन वर्षमा १७ हजारको आँखा जाँच

लहान/ सिराहाको लहान नगरपालिकाको आर्थिक सहयोगमा पछिल्लो साढे तीन वर्षको अवधिमा नगर क्षेत्रका करिब १७ हजारजनाको आँखा जाँच र दुई हजार पाँच सयभन्दा बढीको शल्यक्रिया गरिएको छ । नगरपालिकाले लहानस्थित सगरमाथा चौधरी आँखा अस्पतालको समन्वयमा पछिल्लो साढे तीन वर्षको अवधिमा नगरका २४ वटै वडामा वार्षिक रूपमा कम्तीमा एक-एकपल्ट शिविर सञ्चालन गरी मोतियाविन्दु भेटिएका दुई हजार पाँच सयभन्दा बढीको निःशुल्क शल्यक्रिया गरिएको नगरप्रमुख महेशप्रसाद चौधरीले जाकारी दिए । लहान- १७ गोविन्दपुर एकरतियास्थित मा.वि. झिरहरीमा शनिबार आयोजित आँखा शिविरको उद्घाटन गर्दै उनले आर्थिक अभावमा मोतियाविन्दुजस्तो आँखाको सामान्य रोगको उपचार गराउन नसकेर सास्ती झेलिरहेका नगरवासीका लागि नगरको सहयोगमा शिविर सञ्चालनलाई निरन्तरता दिइएको बताए । 'घरपरिवारको आर्थिक अवस्थाको कारणले अस्पतालसम्म पुगेर आँखा जाँच र शल्यक्रिया गराउन नसकेका ज्येष्ठ नागरिक, असहाय, विपन्नहरूलाई लक्षित गरी नगरपालिकाको आर्थिक सहयोगमा शिविर चलाइएको हो,' उनले भने, 'मोतियाविन्दु भेटिएका बिरामीहरूलाई अस्पतालसम्म ल्याएर उपचारपछि घर फर्किन नगरबसको समेत सुविधा उपलब्ध गराएका छौं ।' आफू निर्वाचित भएपछि आर्थिक वर्ष ०७९/८० देखि करिब साढे तीन वर्षको अवधिमा नगरको २४ वटै वडामा दुई-दुईपल्ट शिविर सञ्चालन गरी १७ हजारजनाको आँखा जाँच र दुई हजार पाँच सयभन्दा बढीको शल्यक्रिया गरिएको उनले बताए ।

इरानमा पक्राउ परेका झा अझै भएनन् रिहा

दुईजना स्वदेश फिर्तीको पर्खाइमा, आठजनाले चासो देखाएनन्

नयाँ पत्रिका

इरानमा अमेरिकी र इजरायली आक्रमणभन्दा पहिला पक्राउ परेका नेपाली नागरिक अमृत झा अझै रिहा हुन सकेका छैनन् । परराष्ट्रमन्त्री शिशिर खनाल तथा परराष्ट्र मन्त्रालयले गत २ वैशाखमा जारी गरेको सूचनामा झा रिहा भएको उल्लेख थियो । तर, कानुनी प्रक्रिया बाँकी भएका कारण उनीसहित तीनजना रिहा हुन बाँकी छ ।

'इरानमा जेलमा रहनुभएका अमृत झाको केही कानुनी प्रक्रिया बाँकी रहेको खबर आएको छ, दोहास्थित नेपाली दूतावास यो मुद्दासँग सम्बन्धित पक्षहरूसँग सम्पर्कमा छ,' परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले नयाँ पत्रिकासँग भने । झालाई तेहरानस्थित नेपाली अवैतनिक महावाणिज्य दूतावासमार्फत मुद्दा-मामिला गर्न वकिलको व्यवस्था भएको थियो । झाबाहेक इरानमा हाल १० जना नेपाली नागरिक छन् । तीमध्ये दुईजना नेपाली नागरिक स्वदेश फिर्तीको पर्खाइमा छन् । 'बाँकी आठजना नेपाली नागरिकले स्वदेश फर्किने इच्छा देखाइरहनुभएको छैन,' क्षेत्रीले भने, 'इरानमा रहेका सबै नेपाली नागरिकसँग कतारको दोहास्थित नेपाली दूतावास सम्पर्कमा छ ।'

● **लोकबहादुर पौडेल क्षेत्री**, प्रवक्ता, परराष्ट्र मन्त्रालय



इरानमा जेलमा रहनुभएका अमृत झाको केही कानुनी प्रक्रियाहरू बाँकी रहेको खबर आएको छ, दोहास्थित नेपाली दूतावास यो मुद्दासँग सम्बन्धित पक्षसँग सम्पर्कमा छ ।

■ कम्बोडियामा भयावह अवस्था

दक्षिण-पूर्वी एसियाको कम्बोडियामा आकर्षक रोजगारीको प्रलोभनमा गैरकानुनी रूपमा पुगेका र अनलाइन ठगीधन्दामा हजारौं नेपाली फसेको आशंका छ । परराष्ट्र मन्त्रालयका अनुसार पाँच वर्षयता कम्बोडियामा २१ हजारभन्दा बढी नेपाली पुगेका छन् । उनीहरूमध्ये अधिकांश अनलाइन ठगीधन्दा गर्ने गिरोहसँग काम गरिरहेको नेपाली अधिकारीहरूको आशंका छ ।

कम्बोडियामा हाले नौजना नेपाली पक्राउ परेका छन् । परराष्ट्र प्रवक्ता क्षेत्रीका अनुसार यसअघि पाँचजना नेपालीहरू पनि पक्राउ परेका छन् । कम्बोडिया, थाइल्यान्ड र म्यानमारबाट ५३ नेपालीहरूको उद्धार गर्ने तयारी छ । अनलाइन डिजिटल ठगी धन्दाहरूमा सरकारले कम्बोडिया र म्यानमारमा अलपत्र परेकामध्ये ५३ जनाको उद्धार गर्ने तयारी छ । उनीहरूको ट्राभल डकुमेन्ट बनाएर स्वदेश ल्याउने तयारी भएको प्रवक्ता क्षेत्रीले बताए ।

पाँच वर्षयता हालसम्म दक्षिण पूर्वी एसियाबाट ६१२ जना नेपालीहरूको उद्धार भइसकेको छ । परराष्ट्र मन्त्रालयका प्रवक्ता क्षेत्रीका अनुसार हालसमम कम्बोडियाबाट ४८७ जना, म्यानमारबाट १११ जना, लाओसबाट आठजना र थाइल्यान्डबाट ६ जना नेपालीको उद्धार भएको छ । आकर्षक रोजगारीको प्रलोभनमा थाइल्यान्ड, म्यानमार, लाओस, कम्बोडिया कम्बोडियाको सीमाक्षेत्रको दुर्गम जंगल क्षेत्र गोल्डेन ट्र्याङगलमा सञ्चालित गैरकानुनी अनलाइन ठगीधन्दामा पुऱ्याइएका नेपालीहरूको संख्या ठुलो रहेको प्रवक्ता क्षेत्रीले बताए । 'ठुलो संख्यामा नेपाली नागरिक म्यानमार, कम्बोडिया, लाओसको सीमाक्षेत्रमा सञ्चालित गैरकानुनी अनलाइन ठगीधन्दा रहेको क्षेत्रमा हुनुहुन्छ भन्ने छ । तर, संख्या यकिन हुन सकेको छैन किनभने त्यहाँका अनलाइन धन्दा पनि गैरकानुनी छ, मानिसहरू पनि गैरकानुनी रूपमा पुगेका छन्,' उनले भने ।

सार्वजनिक जग्गा खाली गर्न पोखरा महानगरको ३५ दिने सूचना

कास्की/ पोखरा महानगरपालिकाले नगर क्षेत्रभित्रका सार्वजनिक/ऐलानी/पर्ती जग्गा खाली गराउन ३५ दिन सूचना जारी गरेको छ । सूचनामा सार्वजनिक/ऐलानी/पर्ती जग्गा मिचेर सँगै अनधिकृत रूपमा निर्माण गरिएका संरचना ३५ दिनभित्र हटाउन भनिएको छ । महानगर क्षेत्रभित्र विभिन्न स्थानमा सार्वजनिक/ऐलानी/पर्ती जग्गा विनाअनुमति अतिक्रमण गरी पहुँचका आधारमा लामो समयदेखि विभिन्न व्यक्तिहरू/संस्थाहरूबाट संरचना निर्माण गरी कार्यालय सञ्चालन गर्ने, भाडामा लगाउने गरेको, पर्खाल लगाई जग्गा भित्र्याउनेजस्ता कार्य भएको पाइएकाले सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र आफैं खाली गर्न, गराउन भनिएको छ । महानगरपालिकाका प्रमुख धनराज आचार्यले यसअघि पहुँचका आधारमा हुँदै आएको सार्वजनिक सम्पत्तिको दोहन गर्ने प्रवृत्तिको अन्त्य गर्दै नगर क्षेत्रभित्र रहेका सार्वजनिक/ऐलानी/पर्ती जग्गा संरक्षणका लागि सूचना जारी गरिएको जानकारी दिए । सार्वजनिक जग्गामा भएका अतिक्रमण र अनधिकृत प्रयोगलाई रोक्न महानगर अघि बढेको र त्यसैका लागि सूचना जारी गरिएको उनले बताए ।

■ पाण्डे मृत्यु प्रकरण

डाक्टर निलम्बित र दुई फार्मेसी बन्द गर्न सिफारिस

बुटवलमा **विष्णु घिमिरे**

बुटवलमा गर्भपतन सेवा लिँदा मृत्यु भएको प्रकरणमा तत्कालका लागि एकजना चिकित्सकलाई निलम्बन र दुईवटा क्लिनिक सिल गर्न सिफारिस भएको छ । पाल्पाकी २९ वर्षीया गीता पाण्डेयको गर्भपतन सेवा लिने क्रममा भएको मृत्यु प्रकरणमा नेपाल मेडिकल काउन्सिलले गठन गरेको छानबिन समितिले गरेको अध्ययन र सिफारिसका आधारमा कारबाही प्रक्रिया अगाडि बढाइएको हो ।

डा. सम्राट पराजुलीको संयोजकत्वमा गठित छानबिन समितिले डा. सतिश रूपाखेतीलाई तत्कालका लागि निलम्बन गर्न सिफारिस गरेको थियो । सोही आधारमा काउन्सिलले निलम्बन गरेको हो । समितिले घटनाको छानबिन गरी काउन्सिलका उपाध्यक्ष डा. कुन्जन शेर्पा र रजिस्ट्रार डा. सतिशकुमार देवलाई प्रतिवेदन बुझाएको छ । प्रतिवेदनपछि रूपाखेतीलाई बिरामी जाँच तथा उपचारमा संलग्न हुन नपाउने गरी तत्कालका लागि निलम्बन गरिएको छ । छानबिन समितिको सिफारिसअनुसार जोनल फार्मेसी र इन्दुलेखा स्वास्थ्य क्लिनिकलाई सिलबन्दी गरेर आवश्यक कारबाही अगाडि बढाउन जिल्ला प्रशासन कार्यालयलाई अनुरोध गर्ने निर्णयसमेत गरिएको छ । घटनामा फौजदारी अभियोग आकर्षित हुन सक्ने सम्भावना रहेको भन्दै थप अनुसन्धानपछि मात्रै अन्तिम निर्णय हुने जनाइएको छ ।

६ सदस्यीय छानबिन समितिले तयार पारेको प्रतिवेदनमा चिकित्सक र स्वास्थ्यकर्मीमाथि कारबाही, अवैध क्लिनिक बन्द, नियमित अनुगमन कडाइ तथा गैरकानुनी रूपमा सञ्चालनमा रहेका स्वास्थ्य संस्थालाई दर्ता र नियमन गर्ने सुझाव दिएको छ । समितिका सदस्य तथा नेपाल



पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेले विभिन्न पक्षको अध्ययन गरी प्रतिवेदन बुझाइएको बताए । पाल्पा बगनासकाली गाउँपालिका-२ की गीता पाण्डे गर्भ जाँचका क्रममा बुटवलमा आएकी थिइन् । श्रीमान्सहित बुटवल ईंटाभट्टीमा रहेको खत्री नर्सिङ होममा २७ चैतमा पुगेकी उनी डाक्टरको सल्लाहअनुसार ४ वैशाखमा पुनः गइन् । तर, त्यस दिन चेकजाँच नभएपछि ५ वैशाखमा श्रीमान्सहित आएकी थिइन् । गर्भ जाँच गर्दा गर्भ असामान्य भएको भन्दै गर्भपतन गर्न सल्लाह पाएपछि सेवा लिन नर्सिङ होम र क्लिनिक धाउँदाधाउँदै उनको ज्यान गएको थियो ।

करिब १२ हप्ताको गर्भपतन सेवामा स्वास्थ्यकर्मीहरूको लापरबाही गरेको पीडित पक्षको गुनासो छ । गीताका श्रीमान् प्रकाश पाण्डेका अनुसार खत्री नर्सिङ होमका डा. डिबी खत्रीले गर्भ असामान्य भएको बताउँदै ४ वैशाखका लागि बोलाएका थिए । गीता ५ वैशाखमा खत्री नर्सिङ होम गइन् । नर्सिङ होमले लोकेसन म्यापसहित बुटवल अस्पताल लाइनको जोनल फार्मेसी क्लिनिकमा पठाएको पाण्डेको भनाइ छ ।जोनलबाट इन्दुलेखा क्लिनिकमा पुऱ्याई गर्भपतन गराउने क्रममा गीताको मृत्यु भएको प्रकाशले बताए । इन्दुलेखा क्लिनिकमा डा. सतिश रूपाखेतीले चेकजाँच गरेको उनको भनाइ छ । उनले श्रीमती बेहोस भइसकेपछि लुम्बिनी सिटी अस्पतालको इमर्जेन्सी कक्षमा लैजाँदा डाक्टरले मृत घोषित गरेको बताए । श्रीमतीको मृत्युलाई प्रकाशले उपचारमा चरम लापरबाही भन्दै डा. डिबी खत्री र डा. सतिश रूपाखेतीसहित स्वास्थ्य संस्थाका सञ्चालक सन्ध्या बस्नेत (जोनल फार्मेसी/क्लिनिक सञ्चालक), निलम घर्तीमगर (जोनल फार्मेसी), खगेन्द्रप्रसाद पाण्डे (इन्दुलेखा स्वास्थ्य क्लिनिक सञ्चालक)लाई कारबाहीको माग गर्दै इलाका प्रहरी कार्यालय बुटवलमा जाहेरी दिएका थिए ।

मापदण्डविपरीत सञ्चालित १७ वटा मेडिकल तथा स्वास्थ्य संस्था बन्द

रुपन्देहीमा मापदण्डविपरीत तथा विनाअनुमति सञ्चालन भएका १७ वटा मेडिकल तथा स्वास्थ्य संस्था बन्द गराइएको छ । मापदण्डविपरीत र इजाजत नलिई सञ्चालित १७ मेडिकल बन्द गराइएको जिल्ला प्रहरी कार्यालयमा प्रहरी नायब उपरीक्षक गणेश सापकोटाले बताए । जिल्ला प्रशासन कार्यालय रुपन्देहीका प्रशासकीय अधिकृत विष्णुप्रसाद ज्ञवाली, जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रहरी निरीक्षक अशोक जिसीसमेतको प्रहरी टोली, जिल्ला स्वास्थ्य कार्यालय रुपन्देही स्वास्थ्य प्रमुख उमादेवी थापा, सिद्धार्थनगर नगरपालिका स्वास्थ्य शाखाका प्रतिनिधिसहितको टोलीले भैरहवा क्षेत्रमा अनुगमन गरेको थियो । अनुगमन गर्दा १७ वटा विभिन्न मेडिकल क्लिनिक तथा फार्मेसीहरू दर्ता नभएका तथा मापदण्डविपरीत सञ्चालन रहेको भेटिएको टोलीले जनाएको छ ।

विवाद छाडौँ, एकजुट भई अघि बढौँ

अब पनि पार्टीको आन्तरिक विवादलाई लम्ब्याइयो भने त्यसबाट पार्टी, नेता र कार्यकर्ता कसैका लागि कुनै उपलब्धि हुनेवाला छैन



● डा. चन्द्र भण्डारी

अग्रलेख

नेपाली कांग्रेसले नेपाली जनताको अधिकार र समृद्धि तथा मुलुकको बृहत्तर हित र विकासका निम्ति आफ्नो स्थापनाकालदेखि नै अत्यन्त महत्त्वपूर्ण र नेतृत्वदायी काम गर्दै आएको तथ्य कसैबाट लुकेको छैन । यसका लागि कांग्रेसले इतिहासदेखि नै व्यावहारिक, नैतिक र पारदर्शी नेतृत्व देश र जनतालाई दिँदै आएको छ । कांग्रेसका त्यागी, बेदागी र सादगी नेताका कारण देशमा शासन व्यवस्था परिवर्तनका लागि पटकपटक भएका आन्दोलनका अग्रमोर्चामा रहेर आत्मबलिदान गर्न नेपाली जनता कहिल्यै हिच्किचाएनन् । देशमा भएका हरेक राजनीतिक परिवर्तनमा कांग्रेसकै नेतृत्व रह्यो र जनताले मन, वचन र कर्मले कांग्रेस र उसले आह्वान गरेको संघर्षलाई साथ दिए । जसले गर्दा २००७ सालको राणाशासनविरोधी सशस्त्र क्रान्तिदेखि ०४६ र ०६२/६३ को पहिलो र दोस्रो जनआन्दोलनसँगै ०७२ को संविधान लेखन तथा जारी गर्ने प्रक्रियामा समेत नागरिकको अपार सहभागिता तथा कांग्रेसको नेतृत्वदायी भूमिका रह्यो । जसले गर्दा कांग्रेसलाई आमजनताले निर्वाचनको मोर्चामा पनि पटकपटक विश्वास गर्दै आए ।

तर, यस्तो लोकप्रिय र ऐतिहासिक विरासत बोकेको दल जबजब सत्तामा पुग्यो, तबतब आन्तरिक द्वन्द्व र मनमुटावको सिकार बन्यो । गणेशमानजी, किशुनजी र गिरिजाबाबुबिच मात्र होइन, स्वयं कांग्रेसका संस्थापक नेता बिपी र सुवर्णजीमा पनि सत्ताप्राप्तिपछि आपसी बेमेल, असमझदारी र मनमुटाव देखिए । व्यक्तित्वको टकरावसम्बन्धी कांग्रेस इतिहास हेर्दा एउटै व्यक्ति लामो समयसम्म पार्टी हाई कमान्ड र राज्यसत्ताको नेतृत्वमा रहँदा यस्ता द्वन्द्व हुँदा रहेछन् जस्तो देखिन्छ । यहाँनेर सत्ता भनेकै द्वन्द्व, आपसी बेमेल, असन्तुष्टि र असमझदारीको आधार त होइन भन्ने प्रश्न पनि उठ्न सक्छ ।

कांग्रेसले देशमा एक दशक लामो सशस्त्र द्वन्द्व अन्त्य गर्न नेतृत्वदायी भूमिका निर्वाह गऱ्यो । दुई-दुईपटक संविधानसभाको निर्वाचन गराएर भए पनि ०७२ मा संविधानसभाबाट नयाँ संविधान जारी गराउने कार्यको नेतृत्व पनि कांग्रेसले नै गऱ्यो । कांग्रेसको नेतृत्वमा समानुपातिक, समावेशी, प्रतिनिधिमूलक संविधान बन्यो । तर, सत्तामा पुगिसकेपछि उही कांग्रेसले त्यही संविधानलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकेन । संविधानमा समानुपातिक व्यवस्था समावेश गराउने कांग्रेसले समानुपातिक संस्कारअनुरूप प्रतिनिधित्व गराउनुभन्दा पनि समाजमा खाइपाई आएका, हुनेखाने र पहुँचवालाकै मात्र प्रतिनिधित्वमा ध्यान दियो, यसले गर्दा पनि समाजमा असन्तुष्टि बढ्दै गयो, संविधान कार्यान्वयनमै अप्ठ्यारो अवस्था सिर्जना भयो । विभिन्न संवैधानिक निकायमा हुने नियुक्तिमा पनि समस्या देखियो । भागबन्डाको अपसंस्कृति भित्रियो । जसले गर्दा सही मान्छे, सही ठाउँमा, सही समयमा आउन सकेनन् । राजनीतिक नियुक्तिका पदहरू व्यापारका विषय बने । ती पद नेता र तिनका आसेपासेले थापेका पसलजस्ता देखिए ।

हामीले बनाएको यति राम्रो संविधानमा एउटा व्यक्ति दुईपटकभन्दा बढी प्रधानमन्त्री बन्न नपाउने व्यवस्था राख्नुपर्थ्यो । हामी त्यहाँ चुक्यौं । संविधान निर्माणमा प्रत्यक्ष, अप्रत्यक्ष जोडिएका हामी सबैले यसको जिम्मेवारी लिनैपर्छ । हामीले गरेको कमजोरीका कारण लामो समयसम्म एउटै व्यक्ति पटकपटक सत्तामा दोहोरिइरहने परिस्थिति आयो । इतिहासमा बढीपटक प्रधानमन्त्री बनेको कीर्तिमान लेखाउने 'होड' देखियो । यसले गर्दा सत्तामा सीमित व्यक्तिको 'सिन्डिकेट' चल्यो । सत्तामा रहेका 'मुखिया'का आसेपासे र आफन्तले पूरै राज्यसत्तामाथि कब्जा गरे । बिचौलिया र माफियाको इसारामा राज्यसत्ता चल्न थाल्यो । पैसाको अपारदर्शी चलखेल सुरु भयो । नेताहरूमा हामीलाई कसले के गर्न सक्छ र भन्ने अहं जन्मियो । पार्टी, राजनीतिक सिद्धान्त, त्याग र पारदर्शिता गौण भयो । नेताहरूको यही सिन्डिकेटले आममानिसमा व्यापक निराशा र असन्तुष्टि जन्मायो । यही असन्तुष्टि र निराशा नै कांग्रेस र अन्य पुराना राजनीतिक दलका लागि गम्भीर चुनौतीको पहाड बनेर उभिएको छ अहिले ।

नयाँ सरकार बनेसँगै विभिन्न क्षेत्रका धेरै व्यक्ति भटाभट गिरफ्तारीमा परिरहेका छन् र अझै धेरै व्यक्ति तानिन सक्ने सूचीमा छन् भन्ने सुनिन्छ । सरकारले आयोग बनाएर सुरु गरेको सम्पत्ति छानबिनले पुराना दल र नेतालाई कहाँ पुऱ्याउने हो, त्यसको परिणाम देखिन बाँकी नै छ ।

अहिले युवाहरूको हातमा सरकार आएको छ । संसद्मा पनि युवा अनुहारकै बाहुल्य छ । ३५ वर्षका एक युवाको हातमा सत्ताको बागडोर सुम्पेका छन् नेपाली जनताले । देश, जनता र लोकतन्त्रका लागि लामो समय जेलनेल भोगेका, त्याग गरेका, आफ्नो क्षेत्रमा विकास, निर्माण र जनताको समृद्धिका लागि राम्रै काम गरेका पाका र अनुभवी नेतालाई राजनीतिमा खासै नसुनिएका युवाले यसो हात हल्लाएको भरमा ठाउँका ठाउँ पाखा लगाए । जनताले पनि तिनै युवा अनुहारलाई विश्वास गरे । स्वदेशमा रहेका र विदेशी भूमिमा पसिना बगाइरहेका कसैले पनि पुराना पार्टीलाई विश्वास गरेको देखिएन ।

यस्तो अवस्थामा अब नयाँ दलका युवासँग पुराना दलका पनि युवाले नै प्रतिस्पर्धा गर्नुपर्छ । विचारले विचारसँग, जोस, जाँगरले जोस, जाँगरसँग, ज्ञानले ज्ञानसँग, प्रविधिले प्रविधिसँग, तर्कले तर्कसँगै प्रतिस्पर्धा गर्नुपर्छ अब । यस्तो अवस्थामा कांग्रेसमा पनि युवाहरूको काँधमा नेतृत्व आएको छ । यसअघि कांग्रेसमा नियमित महाधिवेशन कि विशेष महाधिवेशन भन्ने विवाद थियो । विवादकै बिचमा विशेष महाधिवेशन सम्पन्न भयो । पार्टीभित्र विवाद भए पनि विशेष महाधिवेशनको नेतृत्वलाई निर्वाचन आयोगले वैधानिकता दियो । पार्टी नयाँ नेतृत्वलाई स्विकारेर निर्वाचनमा गयो । केही साथीहरू विशेष महाधिवेशनविरुद्ध रिट लिएर सर्वोच्च अदालत जानुभयो । तर, अहिले सर्वोच्चले पनि उहाँहरूको रिट खारेज गरी विशेष महाधिवेशनको विवादलाई कानुनी हैसियतमा टुंग्याइदिएको छ ।



नयाँ दलका युवासँग पुराना दलका पनि युवाले नै प्रतिस्पर्धा गर्नुपर्छ । विचारले विचारसँग, जोस-जाँगरले जोस-जाँगरसँग, ज्ञानले ज्ञानसँग, प्रविधिले प्रविधिसँग र तर्कले तर्कसँग प्रतिस्पर्धा गर्नुपर्छ अब ।

अब यो विवादलाई थप लम्ब्याउने कि विवादलाई थाती राखेर मिलेर पार्टी सुदृढीकरणको बाटोमा जाने, निर्णय हामीले नै गर्नुपर्छ । अब पनि यो विवादलाई लम्ब्याइयो भने त्यसबाट पार्टी, नेता र कार्यकर्ताका लागि कुनै उपलब्धि हुनेवाला छैन । अहिले जजसले विवाद गर्दै हुनुहुन्छ, पार्टीको विशेष महाधिवेशनबाट आएको नेतृत्वलाई स्विकार्न सकिरहनुभएको छैन, उहाँहरूले यसअघि पटकपटक लाभका पदमा पुग्ने अवसर पाउनुभएको छ । अहिले पनि उहाँहरूको असन्तुष्टि पदका लागि मात्र हो । अबका दिनमा नयाँ नेतृत्वका कारण हामीले विगतमा जस्तै पद पाउँदैनौं कि भन्ने चिन्ता मात्र हो, उहाँहरूको । तर, अब उहाँहरूलाई नेतृत्वमा फर्किन र विगतमा जस्तै पदमा रहन समयले पनि दिँदैन । अहिलेको सरकारले यो पाँच वर्ष र अर्को थप पाँच वर्ष सत्ता सम्हाल्यो भने त्यतिन्जेलसम्ममा अहिले कांग्रेसमा विवाद गरिरहनुभएका आदरणीय नेताहरूको राजनीतिक जीवनको अवसान भइसकेको हुनेछ । यतिखेर कांग्रेसमा नेतृत्वमा आउनुभएका गगन, विश्वलगायत साथीलाई समयले पनि साथ दिएको छ । उहाँहरूबाट पार्टी जीवनमा राम्रो हुने आमविश्वास पनि छ र कुनै कमीकमजोरी भएमा त्यसलाई सच्याउने ठाउँ र समय दुवै छ ।

यो कांग्रेस, त्यसका नेता तथा कार्यकर्ता सबैका लागि गम्भीर चुनौतीको घडी हो । पछिल्लो निर्वाचनमा आममतदाताले कांग्रेसको रुख चिह्नमा विश्वास गरेनन्, उनीहरूले कांग्रेसका वाचालाई पत्याएनन् र कांग्रेसलाई मत दिएनन् । कांग्रेसका हामी उम्मेदवारहरू निकै ठूलो मतान्तरमा पराजित भयौं । हारको यो विशाल अन्तरलाई 'मेकअप' गर्न र अहिले उदाएका युवाहरूको टिमसित प्रतिस्पर्धा गर्नका लागि पनि कांग्रेसको नयाँ नेतृत्व नै योग्य र सक्षम छ । पार्टीको वर्तमान नेतृत्वलाई अहिले विवाद गरिरहेका नेताहरूले बाहिरै बसेर आफ्नो अनुभवको बलमा साथ र सहयोग दिनु बुद्धिमानी हुन्छ ।

राजनीतिमा कहिले को सत्तामा पुग्छ, कहिले को । कसैले राम्रो गऱ्यो भने पाँच वर्षपछि पनि पुनः दोहोरिन सक्छ । राम्रो गर्न सकेन भने जनताले उसलाई हटाएर अर्कोलाई सत्तामा पुऱ्याउँछन् । त्यसैले पनि अहिलेको सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को टिमसित प्रतिस्पर्धा गर्ने, जनतामाझ गएर विश्वास जगाउन र अहिले गुमेको पार्टीको साख फर्काउन पनि कांग्रेसको वर्तमान टिम नै सशक्त छ । यो टिमलाई हामी सबैको साथ र सहयोग भने आवश्यक छ ।

अहिले एमाले, नेपाली कम्युनिस्ट पार्टीलगायत दलका नेताले पार्टी एकता या गठबन्धन गर्ने हल्ला पनि सुनिँदै छ । तर, यतिबिघ्न जनमत खस्केको समयमा पुराना नेताले पार्टीभित्र आफ्नो पद सुरक्षित राख्न गरेको एकता या गठबन्धनको कुनै अर्थ छैन । यस्तो गठबन्धन या एकता नेपाली समाजमा अहिले बिल्कुलै असान्दर्भिक भइसकेको छ । उहाँहरूले पार्टीमा रूपान्तरण र नेतृत्वमा पुस्तान्तरण गर्नका लागि त्यस्तो एकता या गठबन्धनको प्रयास गर्दै हुनुहुन्छ भने त्यो स्वागतयोग्य नै हुन्छ । अन्यथा, आआफ्नो पदीय हैसियत जोगाउने लोभलालचले दौडधुप गरेर कहीं पुगिँदैन, जनताको विश्वास जित्न सकिँदैन । अहिले विचार, दृष्टिकोण, इमानदारी, पारदर्शिता र सुशासनको युग सुरु भएको छ । वर्तमान सरकारले पनि पारदर्शिता र सुशासन दिन सक्यो भने मात्र यो अगाडि बढ्न सक्छ ।

अबका दिनमा कांग्रेसले पनि विगतकै बाटोबाट हिँडेर हुँदैन । आफूले विगतमा गरेका राम्रा कामलाई जनतामाझ लाने र विगतमा भएका गल्ती, कमी, कमजोरीलाई स्विकारेर भविष्यमा सच्चिने र सच्याउने प्रतिबद्धतासाथ जान सक्नुपर्छ । साथै, वर्तमान सरकारले राम्रो काम गरेमा उसलाई साथ र सहयोग दिने अनि गलत गरेमा खबरदारी गरी त्यसलाई सच्याउन दबाब दिन सक्नुपर्छ । त्यति गर्दा पनि सच्याउन नसके भविष्यमा आफूले मौका पाएमा सच्याउने प्रतिबद्धता जनतासामु गर्न सक्नुपर्छ । अब कसैलाई गालीगलोज गर्दैमा कसैले राम्रो भन्दैन ।

आफूले नेपाल विद्यार्थी संघको नेतृत्व तहमा रहेर राजनीति गर्दा मातहतमा रहेर काम गर्ने गगनजी, विश्वजी, गुरुजी, प्रदीपजीजस्ता नेताको नेतृत्व विकासमा मेरो पनि कुनै न कुनै भूमिका रह्यो होला भन्ने सम्झिँदा अहिले गर्व लाग्छ । कांग्रेसको भविष्य सुरक्षित गर्न कसैले सक्छ भने त्यो वर्तमान नेतृत्वले नै सक्छ । विगतको विकृतिको भारी बोकेर अब अगाडि जान सकिन्न । भागबन्डाका नाममा अब पनि जसलाई पायो त्यसैलाई नेतृत्वमा ल्याउने र गलत संस्कृतिलाई प्रोत्साहित गर्ने हो भने जनताले विश्वास गर्दैनन् । आजको २१औं शताब्दीको विश्वमा नेता को छ भन्ने भन्दा पनि नेताको पछाडि बसेर उसलाई अघि बढाउने व्यक्ति कस्ता छन्, त्यो बढी महत्त्वपूर्ण हुन्छ ।

अबका दिनमा युवाका लागि युवा, विचारका लागि विचार, तर्कका लागि तर्क, इच्छाशक्तिका लागि इच्छाशक्ति, इमानदारीका लागि इमानदारी नै एक-अर्काका प्रतिस्पर्धी बन्नुपर्छ । विगतमा हामीले धेरै हेर्‍यौं र अनुभव पनि गऱ्यौं, उल्लिखित कुराको अभावका कारण पुराना, स्थापित र ऐतिहासिक राजनीतिक दललाई जनताले पछाडि धकेलिदिए । अब अगाडि बढ्नका निम्ति यिनै बुँदालाई नै हामीले प्रतिस्पर्धाको आधार बनाउनुपर्छ । त्यसले सफलताको बाटो मात्र दिँदैन, टिकाउ र विश्वासिलो नेतृत्वको आधार पनि दिनेछ ।

(डा. भण्डारी कांग्रेस नेता हुन्)

३ प्रश्न

भूमिअधिकारकर्मी **विश्वास नेपाली**लाई



हाम्रो देशमा जति आयोग बने पनि सुकुमवासीको समस्या जस्ताको तस्तै रहनुको कारण के हो ?

०४६ यताको विवरण हेर्दा भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोवासीको समस्या समाधान गर्ने नाममा १९ आयोग, समिति तथा कार्यदल बनिसकेका छन् । तैपनि, समस्या झन् बढ्दो छ । यसको मूल कारण भनेको सरकार र राजनीतिक दलको स्पष्ट कार्यनीति र प्रतिबद्धता नहुनु हो । दलहरूले भूमिहीन सुकुमवासी र कमजोर भुइँवर्गलाई भोटको राजनीतिले मात्र हेरेको देखिन्छ । अर्कातर्फ बनेका समितिमा विज्ञ र सरोकारवालाभन्दा बढी राजनीतिक नेतृत्व र भूमिहीनका समस्यासँग जानकारी नै नभएकाहरू पुगे । यस्ता समितिले पनि पूर्ण कार्यकाल काम गर्न पाएनन् । कर्मचारीतन्त्रबाट पनि सहयोग भएन ।

अब वास्तविक सुकुमवासीको वर्गीकरण र पहिचान कसरी गर्नुपर्छ ?

अहिले भूमि आयोगले काम गरिरहेको अवस्था छ । भूमि समस्या समाधान आयोगको कार्यविधिअनुसार भूमिहीनको लगत लिएर त्यसको सत्यापन र प्रमाणीकरण गर्नुपर्छ । यसबाट भूमिहीन सुकुमवासी भनेर पहिचान र प्रमाणीकरण गरिएपछि मुलुकभर कहींकतै जग्गाजमिन नभएकालाई राज्यले व्यवस्थापन गर्नुपर्छ । काठमाडौं उपत्यकालगायत सहरी सुकुमवासीको हकमा बसोबास गर्दै आएको ठाउँमा कानुनअनुसार जग्गा दिन नसकिने अवस्था हो भने उनीहरूको बसोवासको व्यवस्थापन राज्यले गर्नुपर्छ । कानुनअनुसार राज्यले उपलब्ध गराएको ठाउँमा गएर सुकुमवासीले बस्नुपर्छ भने कम जमिन उपलब्ध हुने सहरी क्षेत्रका हकमा उनीहरूलाई सामूहिक आवास बनाएर पनि राख्न सकिन्छ ।

सुकुमवासी समस्याको दीर्घकालीन समाधान कसरी गर्न सकिन्छ ?

यो समस्या मुलुकभर छ । अधिकांश स्थानीय तहले भूमिहीनको लगत लिने, पहिचान गर्ने र प्रमाणीकरण गर्ने काम सकिसकेका छन् । कतिपयले गर्दै छन् । कतिपयको जग्गा नापीको काम पनि भइसकेको छ । पुर्जाहरू वितरणको चरण पनि अघि बढेको छ । तर, यो प्रक्रिया पनि लम्बिँदै गएको छ । यसरी प्रक्रिया लम्बिँदै जाँदा वास्तविक भूमिहीन सुकुमवासी मर्कामा परेका छन् । सुकुमवासीको दीर्घकालीन समाधानका लागि राज्यले भूमि आयोगलाई अधिकार र स्रोत सम्पन्न बनाउनुपर्छ । आयोगमा भूमि क्षेत्रका विज्ञ, अनुभवीका साथमा सरोकारवालालाई पनि सहभागी गराइनुपर्छ । दीर्घकालीन समाधानका लागि सुकुमवासीलाई जीविकोपार्जनसहितको प्याकेज पनि सँगै दिनुपर्छ ।

प्रेरक प्रसंग

सन्त कबिर र ब्राह्मण

एकपटक सन्त कबिरदास बिहानै गंगास्नान गरिरहेका थिए । त्यसैबेलामा चारजना ब्राह्मण पनि गंगास्नान गर्नका लागि गंगाको किनारमा पुगे । तर, उनीहरूसँग नदीको जल उबाउने लोटा थिएन । पानी अत्यन्त चिसो थियो र नदी निकै गहिरो पनि थियो । यसैले चारैजना ब्राह्मण त्यही गंगाकिनारमा बसेर आफ्नो हातले पानी उबाएर बडो अप्ठ्यारोसित नुहाउने असफल प्रयास गरिरहेका थिए ।

सन्त कबिरले यो सब धेरै समयदेखि हेरिरहेका थिए । जब उनले उनीहरूको अप्ठ्यारो हेरेर बस्न सकेनन्, तब आफ्नो लोटा बालुवाले सफा गरेर गंगाजलले धोए । अनि, उनले सो लोटा ब्राह्मणतिर बढाउँदै भने, 'विनालोटा नुहाउन तपाईंहरूलाई अप्ठ्यारो भइरहेको छ । त्यसैले, मेरो यो लोटा लिनुस् र सजिलोसित नुहाउनुस् ।' उनको कुरा सुनेर ती ब्राह्मणले कबिरको शिरदेखि पाउसम्म नियाले । उनीहरूमध्येका एकजनाले भने, 'तिम्रो कुरा त ठिकै हो । तर, तिमी एउटा जुलाहा हौ । जुलाहाको लोटाले नुहाउँदा हामी भ्रष्ट हुँदैनौं र ? त्यसैले तिम्रो लोटाले नुहाउन असमर्थ छौं ।'

उनको जवाफ सुनेपछि गम्भीर हुँदै कबिरले भने, 'उसो भए त यो गंगाजल पनि अपवित्र भयो । किनकि, तपाईंहरूले भन्दा अगाडि मैले यहाँ नुहाइसकें । अब तपाईंहरूले आफ्ना लागि अर्को पवित्र गंगा ल्याउनुपर्छ । कहाँबाट ल्याउनुहुन्छ अर्को गंगा ?' कबिरको जवाफ सुनेपछि चारैजना ब्राह्मणको टाउको लज्जावश निहुरियो । उनीहरूले बुझे, जातपातमा केही राखिएको छैन । त्यसपछि उनीहरूले खुसीसाथ कबिरको लोटा लिए र नुहाउने कार्य सम्पन्न गरे ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

निगममाथि छानबिन गरियोस्

पछिल्लो समय अन्तर्राष्ट्रिय परिस्थितिलाई देखाएर नेपाली बजारमा इन्धनको मूल्य पटक-पटक बढिरहेको छ । तर, जतिपटक इन्धनको मूल्य बढे पनि बढ्नुअघि देशभरका पेट्रोल पम्प बन्द रहन्छन् । जब मूल्य बढ्छ, तब तत्काल पम्पहरू खुला हुन्छन् । एकातिर निगमले मूल्य बढ्नुअघि लाखौं लिटर इन्धन बजारमा पठाउने र अर्कातिर पम्पहरूले भण्डारण गरेर 'छैन' को बोर्ड झुन्ड्याउने गर्छन् । यसको अर्थ यहाँ निगमका पदाधिकारीले उपभोक्ता र राज्य दुवैलाई ठगिरहेका छन् । अब यस विषयमा यथार्थ के हो ? निगमका कुन-कुन पदाधिकारीले बदमासी गरिरहेका छन् । यस विषयमा गम्भीर छानबिन गरी दोषी देखिएमा तिनलाई तत्काल कारबाही गर्नुपर्छ । अन्यथा, यस्तो लुट सधैं चलिरहनेछ ।

● **वन्दना सिवाकोटी**, सतुंगल, काठमाडौं

निजामती विधेयक स्वागतयोग्य

निजामती सेवा विधेयकको मस्यौदा तयार भएको समाचार पढियो । साथै, त्यसमा समेटिएका केही प्रावधान अत्यन्त स्वागतयोग्य छन् । कर्मचारीले दलीय सदस्यता लिए बर्खास्त गर्ने, ट्रेड युनियन खारेज गर्ने, दुई वर्षको कुलिङ पिरियड राख्नेलगायत प्रावधान साँच्चै स्वागतयोग्य छन् । साथै, सेवाअवधि ६० वर्ष पुऱ्याउनु पनि ठिक व्यवस्था हो । यस विधेयकमा समेटिएका अधिकांश प्रावधान सकारात्मक छन् । यिनको कार्यान्वयनले सेवा प्रवाह प्रभावकारी हुने निश्चित छ ।

● **सुमना रोका मगर**, कलंकी, काठमाडौं

टिम नेपाललाई शुभकामना !

'घरेलु मैदानमा नेपाललाई पुनरागमन गर्ने अवसर' शीर्षकको समाचार बिहान पढियो । दिउँसो नेपाल युएईबिचको खेल हेरियो । ब्याटिङमा लगभग चुकिसकेको नेपालले आफ्नो कसिलो बलिङबाट साँच्चै पहिलो खेलमा पुनरागमन गरेको छ । यो सफलता हेर्दा एकातिर खुसी हुनुपर्छ भने अर्कातिर नेपालको ब्याटिङ किन सधैं कमजोर छ भन्ने प्रश्नले बारम्बार घोचिरहन्छ । के टिम नेपालका खेलाडीको ब्याटिङ जहिल्यै यस्तै हो ? अहिलेका लागि टिम नेपाललाई शुभकामना !

● **सुम्निमा राई**, कीर्तिपुर, काठमाडौं

सुकुमवासीको उचित व्यवस्थापन होस्

लामो समयदेखि समस्यामा रहेका सुकुमवासीले वर्तमान सरकारबाट केही राहत पाउलान् जस्तो देखिएको छ । वर्षौंदेखिको समस्या अहिलेसम्म हल भएको छैन । डा. बाबुराम भट्टराई प्रधानमन्त्री हुँदा सुकुमवासी बस्न बनाइएको अपार्टमेन्ट अहिलेसम्म खाली छन् । त्यहाँ किन बस्न गएनन् भन्ने प्रश्न एकातिर छ । राजनीतिक नेताहरूको संरक्षणमा सुकुमवासीका नाममा हुकुमवासीले हालीमुहाली गरिरहेका छन् । जसका कारण असली सुकुमवासीले अहिलेसम्म राहत पाउन सकेका छैनन् । सरकारले छानबिन गरेर जति सक्दो चाँडो यो समस्याको हल गर्नुपर्छ अब । यसअघिका हरेक प्रधानमन्त्रीले सुकुमवासीको उचित व्यवस्था गर्छु भने, सुकुमवासीको समस्या देखाएर भोट मागे, तर समस्या भने कहिल्यै हल भएन । बर्खा लाग्दा कति वेला डुबानमा पर्ने हो, थाहा हुँदैन । राज्यले तिनका समस्याबारे केही सोचेन । प्रधानमन्त्रीले १५ दिनमा सुकुमवासी समस्या हल गर्छु भनेका छन् । अब तिनको छानबिन गरी वास्तविक सुकुमवासी कोही रहेछन् भने तिनको उचित व्यवस्थापन सरकारले मिलाउनुपर्छ ।

सुकुमवासीको आवेदन माग गर्दा २३ जनाको निवेदन परेको समाचार आएको छ । के नेपालमा जम्मा २३ जना मात्र सुकुमवासी हुन् त ? काठमाडौं उपत्यकामा घर र जग्गाजमिन पनि हुने व्यक्तिसमेत 'सुकुमवासी' बनेको देख्दा र सुन्दा अचम्म लाग्छ । अब वर्तमान सरकारले सुकुमवासीको वास्तविकता छानबिन गरेर उचित व्यवस्थापन गर्नुपर्छ ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं

कसैले जित्न नसक्ने एउटा युद्ध

इरानको स्थिति बाहिर देखिएभन्दा बलियो छ, यसले लामो समयसम्म दबाब सहन सक्ने उच्च सहनशीलता प्रदर्शन गरेको छ





देश/विदेश

● बामो नुरी ● इन्द्रजित पारमर

इरानमाथिको विजय कस्तो देखिनेछ ? वासिंटन र जेरुसेलमका लागि उत्तर इरानको आणविक क्षमताको विनाश, यसको क्षेत्रीय शक्तिको विखण्डन र सकिन्छ भने त्यहाँको वर्तमान शासन परिवर्तन हुनेछ । तेहरानको हकमा भने वर्तमान शासन जोगाउनु नै जित हुनेछ । यही असमान लक्ष्यले सम्पूर्ण द्वन्द्वलाई आकार दिइरहेको छ । यस्ता युद्धमा सानो लक्ष्य बोकेका पक्ष प्रायः फाइदामा हुन्छन् र यस सन्दर्भमा त्यो पक्ष इरान हो । इरानको रणनीति प्रभुत्व देखाउने नभई प्रतिद्वन्द्वीलाई महँगो पर्ने युद्धमा अल्झाइरहने देखिन्छ ।

अमेरिका र इजरायलको सैन्य प्रधानताका बाबजुद त्यो रणनीतिक सफलतामा अनुवाद भएको छैन । तेहरानको शासन प्रणाली अक्षुण्ण छ । यसको सैन्य, क्षेत्रीय, वैचारिक सञ्जाल अझै सक्रिय नै छ । आणविक विशेषज्ञतामा पनि त्यति असर पुगेको छैन । र, यहींनेर इरानले अमेरिका-इजरायलको उद्देश्यलाई सफल हुन नदिए मात्र पनि प्रगति भन्न सकिनेछ ।

यो तर्क द्वन्द्व कसरी विकास भइरहेको छ भन्नेमा झल्किन्छ । युद्धभूमि प्रत्यक्ष टकरावबाहिर ढुवानी मार्ग, ऊर्जा बजार र क्षेत्रीय गठबन्धनमा फैलिएको छ । स्ट्रेट अफ हर्मुजमा देखिएका अवरोध आकस्मिक कुरा थिएन, यो विश्वव्यापी परिणाम निम्त्याउन सक्ने दबाब विन्दु हो भन्ने पहिल्यै थाहा थियो ।

त्यसबाहेक इरानमाथि हुने आक्रमण प्रतिक्रियाविहीन नरहने दखिएको छ । यो कुरा इरानले छिमेकी साउदी अरब, संयुक्त अरब इमिरेट्स (युएई), कतार, कुवेत, बहराइन, ओमानका साथै जोर्डन र इराकलगायत सम्पूर्ण पश्चिम एसियाली देशमा आक्रमण गर्ने तत्परता देखाएर पुष्टि गरिसकेको छ । अमेरिकाले अर्को रणनीतिक समस्या महसुस गरेको छ । उसले युद्धको ६ सातामा आफ्ना झन्डै ४५ देखि ५० प्रतिशत क्षेप्यास्त्र भण्डार प्रयोग गरिसकेको प्रक्षेपण गरिँदै छ । यस्तोमा हालको युद्धविराम अन्त्य गरेर युद्ध सुरु गर्ने विषय केवल इच्छाबारे मात्र नभई क्षमताबारे पनि केन्द्रित रहने निश्चित छ ।

इरान युद्ध भीषण भए यसका परिणाम युद्धभूमिभन्दा पर पनि फैलिनेछन् । इरानले छिमेकी खाडी देश, तिनका ऊर्जा, इन्धन र पानी शुद्ध बनाउने संयन्त्रमाथि आक्रमण बढाउने निश्चित छ । पानी शुद्ध बनाउने प्रणालीमाथिको आक्रमणले यो क्षेत्र नै बस्न अयोग्य बन्दै जानेछ । यसले ठुलो स्तरको विस्थापन संकट निम्त्याउनेछ । यी सबै कुराले इरान र यसका वर्तमान शासकले लामो युद्ध सहन सक्ने देखाएको छ । त्यस सहनशीलतालाई तोड्न अमेरिकाले इरानभित्र सेना उतार्‍यो भने त्यो सम्भवतः लामो र ठुलो क्षति निम्त्याउने अभियान हुनेछ ।

समस्यालाई थप जटिल बनाइरहेको छ, अमेरिका र इजरायलबिच लक्ष्यमा देखिँदै गएको खाडल । इजरायलको लक्ष्य सकेसम्म अधिकतम लक्ष्य वर्तमान शासन ढाल्ने र त्यो पनि सकिएन भने इरानलाई उठ्नै नसक्ने गरी कमजोर बनाउने देखिन्छ । यसविपरीत, अमेरिका भने बलप्रयोग, अवस्थालाई थप जटिल बन्न नदिने र वार्ताका तीन विकल्पमा झुलिरहेको देखिन्छ ।

कुनै विन्दुमा वास्तविकतालाई जस्ताको तस्तै वर्णन गर्नु आवश्यक हुन्छ । इरान युद्ध खासमा कुनै निर्णायक निष्कर्ष (पूर्ण हार वा जित)तर्फ अघि बढ्ने युद्धजस्तो देखिँदैन । कुनै पक्षसँग त्यस्तो लक्ष्य हासिल गर्ने सामर्थ्य पनि देखिँदैन । युद्धविराम अवधिको विस्तारले त्यसैतर्फ संकेत गर्छ । डोनाल्ड ट्रम्प नेतृत्वको ह्वाइट हाउस वार्तालाई जीवित राख्दै युद्ध विस्तार रोक्न चाहन्छ । वासिंटनलाई यो युद्ध चाँडोभन्दा चाँडो अन्त्य गर्ने कारण पनि छन् । यस क्षेत्रीय युद्धले निम्त्याएको विश्वव्यापी आर्थिक झट्का व्यवस्थापन गर्न धेरै गाह्रो भइरहेको छ । द्वन्द्व जति लामो तन्किन्छ, विश्वव्यापी ऊर्जा बजार तनावग्रस्त हुन्छ, आपूर्ति मार्ग प्रभावित भइरहनेछ र भण्डारमा समेत असर पर्नेछ । स्थिर इन्धन प्रवाहमा निर्भर उद्योगहरू, जस्तै- उड्डयन, ढुवानी, निर्माण क्षेत्रमाथिको असर दिनानुदिन बढ्दै जानेछ । क्षेत्रीय द्वन्द्वका रूपमा सुरु भएको कुरा प्रणालीगत जोखिममा परिणत भएको छ ।

विशुद्ध सैन्य हिसाबमा अमेरिका र इजरायलको श्रेष्ठता कायम छ । तर, युद्धले खालि सैन्य क्षमतालाई मात्र निर्धारण गर्दैन । युद्ध लक्ष्य, लागत र समयको गठजोडले यसको विकासक्रमलाई असर गर्छ । यस समीकरणमा अहिले इरानको स्थिति बाहिर देखिनेभन्दा बलियो छ । यसले लामो समयसम्म दबाब सहन सक्ने उच्च सहनशीलता प्रदर्शन गरेको छ । साथै उसले युद्धभूमिबाहिरसमेत प्रतिद्वन्द्वीका कठिनाइ बढाउने क्षमता देखाएको छ । सबैभन्दा महत्त्वपूर्ण कुरा इरानलाई युद्धमा जित हासिल गर्न आवश्यक छैन, केवल आफ्ना विरोधीलाई उनीहरूको उद्देश्य प्राप्तिबाट रोके पुग्छ । र, अहिलेसम्म, उसले ठ्याक्कै त्यही नै गरेको छ ।

जसले हामीलाई मूल प्रश्नमा ल्याइपुऱ्याउँछ, के अमेरिका र इजरायलले यो युद्ध जित्न सक्छ ? यदि जित्नु भनेको इरानलाई आत्मसमर्पण गर्न बाध्य पार्नु वा मौलिक रूपमा यसको रणनीतिक अवस्थितिलाई पुनः आकार दिनु हो भने उत्तर दुई देशले नचाहेको आउँछ, अर्थात् तिनले युद्ध जित्न सक्दैनन् । तिनले सक्ने भनेको युद्ध जारी राख्ने, द्वन्द्व व्यवस्थापन गर्ने, अर्थात् युद्धलाई थप फैलिनबाट रोक्ने मात्र हो । तर, त्यो जित होइन । वास्तवमा यो युद्ध जित्न सकिने युद्ध नै होइन । अमेरिकाले युद्ध नरोक्ने हो भने यो लामो समय चल्नेछ ।

द कन्भर्सेसनबाट

(नुरी युनिभर्सिटी अफ लन्डनका डिपार्टमेन्ट अफ इन्टरनेसनल पोलिटिक्सका अनररी रिसर्च फेलो हुन् भने पारमर सोही विश्वविद्यालयका अन्तर्राष्ट्रिय राजनीतिका प्राध्यापक हुन्)

ऊर्जा संकटको चपेटामा एसियाली देश

विश्वव्यापी कुल कच्चा तेल र लिक्युफाइर्ड नेचुरल ग्यास (एलएनजी)को २० प्रतिशत हर्मुजको जलमार्ग हुँदै यस क्षेत्रमा प्रवाह हुन्छ



● डा. ड्यान स्टेनवर्ग
बहुध्रुवीय विश्वका विज्ञ
स्टेनवर्ग डिफरेन्स ग्रुपका
संस्थापक हुन्



लो झट्का एक्लै आउँदैन । योसँगै अन्य गहिरो असर देखिन्छ । भूकम्पपछि सुनामी आएजस्तै पछि बिस्तारै गहिरो क्षति प्रकट हुन्छ । अमेरिका र इजरायलले इरानमाथि गरेको आक्रमणको सन्दर्भमा पनि त्यस्तै हो । युद्धपछि ऊर्जा अवरोधको रूपमा सुरु भएको विषय अब गम्भीर र निरन्तर आर्थिक झट्कामा परिणत हुँदै छ, विशेषगरी ग्लोबल साउदमा । संकटको चरम सीमामा तेलको मूल्य ५० प्रतिशतभन्दा बढीले बढेर प्रतिब्यारेल ११०-११६ डलर पुगेको थियो र त्यसपछि अस्थायी युद्धविरामपछि ९०-१०० सम्म घटेको थियो । तरल प्राकृतिक ग्यासमा अझै ठुलो वृद्धि भयो । १४३ प्रतिशतले बढेर तीन वर्षको उच्चतम विन्दुमा पुग्यो ।

एसियामा आपूर्ति जोखिम महत्त्वपूर्ण छ, किनभने विश्वव्यापी तेल र एलएनजीको २० प्रतिशत हर्मुजको जलमार्ग हुँदै यस क्षेत्रमा प्रवाह हुन्छ । तर, अवरोधले यी इन्धनलाई कसरी असर गर्छ भन्ने कुरामा भिन्नता छ । तेल अस्थिर छ, तर प्रतिस्थापनयोग्य छ, जबकि एलएनजी बाध्यकारी अवरोध हो (सीमित छोटो अवधिका विकल्पसहित) । आज, एसियाली देश कडा एलएनजी आपूर्ति, बढ्दो ढुवानी द्वन्द्व, बढ्दो विदेशी मुद्रा दबाबलगायत समस्यासँग जुधिरहेका छन् ।

लेबननामा इजरायलको आक्रमणले चुनौतीलाई अझ जटिल बनाएको छ, जसले कमजोर अमेरिका-इरान शान्ति वार्तालाई गम्भीर रूपमा तनावपूर्ण बनाएको छ । लेबननामा १० दिने युद्धविराम अत्यन्तै कमजोर भएकाले सरोकारवालाले चासो देखाएका छन् । यदि युद्धविराम असफल भयो वा शान्ति अस्पष्ट साबित भयो भने एसिया र समग्रमा विश्वको आर्थिक सम्भावना अझ घट्ने सम्भावना छ । जोखिम बढ्दै छन् ।

मुद्रास्फीति सधैं कुनै पनि ऊर्जा संकटको सबैभन्दा शक्तिशाली प्रसारण माध्यम भएको छ । इन्धन, बिजुली र मलको अभावले ऊर्जाको मूल्य बढाउँछ, जसले गर्दा व्यवसायको उत्पादन लागत बढ्छ । उच्च ज्याला, बढ्दो ढुवानी लागत र कच्चापदार्थको उच्च मूल्य सामान र सेवामार्फत उपभोक्तामा पुग्छ ।

एलएनजी ग्यासको झट्काले प्रायः औद्योगिक मन्दी निम्त्याउँछ । पेट्रोकेमिकल, प्लास्टिक र मलको मूल्य बढ्दै जाँदा उत्पादन लागत तीव्र गतिमा बढेको छ, जसले एसियाभर उत्पादनमा बाधा पुऱ्याएको छ, जुन क्षेत्रलाई व्यापक रूपमा 'विश्वको कारखाना' मानिन्छ । जापान, कोरिया गणतन्त्र र भियतनामजस्ता ग्यासमा निर्भर अर्थतन्त्र सबैभन्दा बढी प्रभावित भएका छन् । ढुवानी र रसदले तनावको अर्को तह थपेको छ । स्ट्रेट अफ हर्मुजमा भएको अवरोधले माल ढुवानी र बिमा लागत बढाएको छ, जसले एसियाभर आपूर्ति शृंखला अवरोध बढाएको छ ।

> जापानमा कमजोर येनसँगै मुद्रास्फीतिले मौद्रिक नीतिलाई जटिल बनाएको छ । दक्षिण कोरियामा जिडिपी वृद्धि एक प्रतिशत वा सोभन्दा कम हुने सम्भावना छ । ऊर्जा प्रवाहमा देखिएको उतारचढावप्रति सिंगापुर संवेदनशील बनेको छ ।

यसैबिच, मुद्राको दबाब बढ्दै गइरहेको छ । तेल आयात गर्ने देशले ऊर्जा बिल बढ्दै जाँदा मुद्राको अवमूल्यन भोग्नुपरेको छ, जबकि केन्द्रीय बैंकले मुद्रास्फीति नियन्त्रणमा राख्न दर कटौतीमा ढिलाइ गर्छन् । परिणामस्वरूप सम्पूर्ण क्षेत्रभर कडा वित्तीय अवस्था सिर्जना भएको छ । पर्यटनजस्ता अछुतो देखिने क्षेत्रले पनि यसको प्रभाव भोगिरहेका छन् । मध्यपूर्वको हवाई क्षेत्रमा उच्च हवाई भाडा र अवरोधले यात्रा प्रवाहलाई असर गरेको छ । तत्कालको प्रभाव मध्यम भए पनि, यदि संकट रहिरह्यो भने यो परिवर्तन हुन सक्छ ।

इरान संकट मुख्यतया तेल र एलएनजी आपूर्ति शृंखलाको अवरोध हो, तर यसको अभिव्यक्ति एसियाभरि फरक-फरक छ । पूर्वी एसियामा यसले औद्योगिक संकुचन निम्त्याएको छ, जबकि दक्षिणपूर्व एसियामा यसले उच्च मुद्रास्फीति र विदेशी मुद्राको संकुचन निम्त्याएको छ । युद्धविरामको अर्थ सामान्यीकरण होइन । अनिश्चितताको कारणले गर्दा तेलको मूल्य अस्थायी रूपमा घटे पनि जोखिम निरन्तर रहन्छ । आर्थिक अवस्था अनुमान गरिएको भन्दा छिटो बिग्रँदै गइरहेको छ ।

फिलिपिन्स यसको ज्वलन्त उदाहरण हो । केही समयअघि मात्र फिलिपिन्सले पाँच प्रतिशतदेखि ६ प्रतिशतको वृद्धिको प्रक्षेपण गरेको थियो । विश्व बैंकले हालै देशको जिडिपी वृद्धिलाई ३.७ प्रतिशतमा झारेको छ । एसियाभर वृद्धि अनुमान पुनः गरिएका छन् । अन्तर्राष्ट्रिय मुद्रा कोषले व्यापक विश्वव्यापी डाउनग्रेडको संकेत पनि दिएको छ र 'स्थायी दाग'को चेतावनी दिएको छ । यी संशोधन भइरहेका छन्, किनभने एलएनजी झट्काको कम आकलन गरिएको थियो र विदेशी मुद्रा र मुद्रास्फीतिमा पर्ने प्रभाव अनुमान गरिएकोभन्दा बढी चुनौतीपूर्ण साबित भएको छ । रणनीतिक स्टकबारे पहिलेका अनुमान पनि फिक्का हुँदै गइरहेका छन् । मार्चको तथ्यांकले अझै पनि संकटपूर्व स्टकलाई प्रतिबिम्बित गर्छ । यी घट्दै जाँदा, अप्रिल र मेमा माग संकुचन देखिन थाल्नेछ ।

जापान र दक्षिण कोरियामा एलएनजी, पेट्रोकेमिकल्स र निर्यातमा निर्भरताका कारण गिरावट अनुमान गरिएकोभन्दा खराब छ । जापानमा, कमजोर येनसँगै मुद्रास्फीतिले मौद्रिक नीतिलाई जटिल बनाएको छ, जसले गर्दा केन्द्रीय बैंकले ब्याजदर प्रक्षेपणको पुनर्मूल्यांकन गर्न बाध्य छ । दक्षिण कोरियामा जिडिपी वृद्धि एक प्रतिशत वा सोभन्दा कम हुने सम्भावना छ, जबकि यसअघि १.५ प्रतिशतदेखि दुई प्रतिशतसम्म हुने अनुमान गरिएको थियो । एक प्रमुख व्यापार, ढुवानी र प्रशोधन केन्द्रको रूपमा सिंगापुर भाडा लागत र ऊर्जा प्रवाहमा उतारचढावप्रति अत्यधिक संवेदनशील छ । प्रतिशतको हिसाबले सिंगापुरले गिरावटको सामना गरिरहेको छ ।

चीन फरक स्थितिमा छ । पहिलो ट्रम्प प्रशासनदेखि नै देशले संयुक्त राज्य अमेरिकाद्वारा लगाइएका धेरै दण्डको सामना गरेको छ । यद्यपि, ऊर्जाका वैकल्पिक स्रोत र विविध नीतिगत उपकरणमा पहुँचले यसलाई लचिलोपन दिएको छ । तैपनि, कमजोर विश्वव्यापी माग र नरम निर्यातले वृद्धि गतिमा भार पार्न सक्छ । दक्षिणपूर्वी एसियामा मिश्रित तस्बिर छ । भियतनामले प्लास्टिक र रसायनजस्ता इनपुटले उत्पादनमा बढ्दो लागतको सामना गरिरहेको छ, जसले उत्पादनलाई असर गरिरहेको छ ।

तेल आयातमा अत्यधिक निर्भर र दुर्लभ भण्डार भएको फिलिपिन्सले पहिले नै ऊर्जा आपत्काल, तीव्र मुद्राको अवमूल्यन र घरेलु राजनीतिक भ्रष्टाचार र शासन चुनौतीबिच यातायात अवरोधको सामना गरिरहेको छ । संकटको मार्ग भूराजनीतिक विकासमा निर्भर गर्छ । यदि युद्धविराम असफल भयो र शत्रुता जारी रह्यो भने तेलको मूल्य प्रतिब्यारेल १०५-१२० मा फर्कन सक्छ ।

यदि युद्ध तीव्र भयो भने तेल प्रतिब्यारेल १५० सम्म पनि बढ्न सक्छ । एलएनजीको मूल्य बढिरहनेछ र आपूर्तिमा कडाइ हुँदा अझै बढ्नेछ । उच्च लागतका कारण दोस्रो र तेस्रो त्रैमासिकमा मुद्रास्फीति बढ्नेछ । कमजोर अर्थतन्त्र भएका देश, विशेषगरी दक्षिण कोरिया, फिलिपिन्स र इन्डोनेसियामा मुद्राको अवमूल्यन गहिरो हुनेछ । साथै, घटेको स्टकका कारण आपूर्ति शृंखला थप भत्किनेछन् ।

सम्भावित वृद्धिका कारण हर्मुजको जलमार्गमा नयाँ अवरोध, कतारजस्ता प्रमुख एलएनजी उत्पादकमा अवरोध र बाब अल-मन्डेबजस्ता अन्य समुद्री चोकपोइन्टमा फैलिएका संकट हुन् । यीमध्ये कुनै पनि संकटले थप समस्या अझ बढाउनेछ । अहिलेका लागि ऊर्जा संकट हालको इतिहासमा सबैभन्दा ठुलोमध्ये एक हो ।

नकारात्मक पक्षका जोखिम उल्लेखनीय छन् र वृद्धिको अपेक्षा निरन्तर गिरावट हुँदै गइरहेका छन् । कुनै अर्थपूर्ण स्तरोन्नति छैनन् । एसियाले अहिले सामना गर्नुपर्ने कुरा भनेको आंशिक वित्तीय राहतको साथ निरन्तर आपूर्ति झट्का हो । यद्यपि बजारमा फेरि उछाल आउन सक्छ, वास्तविक अर्थतन्त्र समानान्तर रूपमा पुनः उकालो लाग्नेछैन ।

विश्वव्यापी वृद्धिको सम्भावना २-२.४ प्रतिशतमा घट्दै गइरहेको छ । जोखिम धेरै तलतिर छन् । एसियामा के हुन्छ, त्यो एसियामा रहनेछैन । न त युरोप न उत्तरी अमेरिका नै आसन्न सुनामीबाट अछुतो रहनेछ ।

- चाइना डेलीबाट

■ अमेरिकी दूत पाकिस्तानतर्फ

तर, तेहारान भन्छ- प्रत्यक्ष वार्ताको योजना छैन

इस्लामाबाद / अमेरिका र इरानबिच हुने भनिएको दोस्रो चरणको वार्ताका लागि अमेरिकी टोली पाकिस्तान जाँदै छ । ह्वाइट हाउसले अमेरिकी राजदूत स्टिभ विटकफ र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ जारेड कुसनर इरानसँग वार्ताका लागि शनिबार इस्लामाबाद जाँदै गरेको जनाएको छ ।
तर, इरानले अमेरिकासँग 'प्रत्यक्ष वार्ताको योजना नरहेको' जनाएको छ । इरानी विदेश मन्त्रालयका प्रवक्ताले कुनै प्रत्यक्ष वार्ताको योजना नभएको बताएका हुन् । यद्यपि, इरानी विदेशमन्त्री अब्बास अराघचीले तीन देशको भ्रमणको पहिलो चरणमा इस्लामाबादमा पाकिस्तानी अधिकारीसँग उच्चस्तरीय बैठक गरेका छन् ।

पाकिस्तानी मध्यस्थकर्ताहरू इरान-अमेरिका वार्ताबारे 'सतर्कतापूर्वक आशावादी' रहेका इस्लामाबादस्थित आफ्ना संवाददातालाई उद्धृत गर्दै अलजजिराले जनाएको छ । विदेशमन्त्री अराघची र पाकिस्तानी प्रधानमन्त्री शेहबाज शरिफबिच शनिबार इस्लामाबादमा बैठक समाप्त भएको छ । इरानी अधिकारीहरूले बीबीसीलाई बताएअनुसार 'अमेरिकासँगको बैठक अराघचीको एजेन्डामा छैन ।'

इरानको सशस्त्र सेनाले अमेरिकाले हर्मुजको जलमार्गमा नाकाबन्दी जारी राखेमा उचित जवाफ दिने धम्की दिएको छ । सेनाको कमान्ड सेन्टरद्वारा जारी गरिएको विज्ञप्तिमा उल्लेख छ । विज्ञप्तिलाई इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी) सँग सम्बद्ध तस्निम समाचार एजेन्सीसहित धेरै राज्य मिडिया आउटलेटले साझा गरेका छन् ।

अमेरिकी सेनाले हर्मुज क्षेत्रमा 'घेराबन्दी, लुटपाट र समुद्री डकैती' जारी राख्यो भने तिनीहरूले इरानी सशस्त्र सेनाबाट 'जवाफको सामना' गर्ने विज्ञप्तिमा जनाइएको छ ।
स्मरण होस्, अमेरिकाले अप्रिल १३ मा इरानी बन्दरगाहमा प्रवेश गर्ने र बाहिरिने समुद्री यातायातमा नाकाबन्दी लगाएपछि धेरै जहाजलाई रोकेको छ । यसैबिच युद्धविरामको बाबजुद इजरायलले दक्षिणी लेबननमा आफ्नो आक्रमण जारी राखेको छ । आक्रमणमा याहमोर अल-सकिफ सहरमा कम्तीमा चारजनाको मृत्यु भएको छ ।

इतिहासमा आज

अप्रिल २६



● **सन् १९८६** : विश्वको सबैभन्दा ठुलो आणविक दुर्घटना चेर्नोविल आणविक संयन्त्र आजै विस्फोट भएको थियो । यसमा तत्काल ३१ जनाको ज्यान गएको थियो भने यस संयन्त्रबाट चुहिएको रेडियोधर्मी विकिरण पश्चिमी युरोपसम्म पुगेको थियो ।

● **सन् १५१४** : पोल्यान्डका खगोलशास्त्री निकोलस कोपर्निकसले पहिलोपटक शनि ग्रहको अवलोकन गरे ।

● **सन् १९४९** : ट्रान्सजोर्डनले उसको आधिकारिक नाम बदलेर (हेसमाइट अधिराज्य) जोर्डन बनायो ।

● **सन् १९५४** : विश्व फिल्म जगत्को सबैभन्दा प्रतिष्ठितमध्ये एक जापानी फिल्म 'सेभेन सामुराई' आजकै दिन प्रदर्शनमा आएको थियो ।

● **सन् १९५४** : सोभियत संघले आवागमनको सहजतालाई मध्यनजर गर्दै रुसीभाषी बाहुल्य रहेको क्षेत्र क्राइमियालाई युक्रेनी सोभियत गणतन्त्रमा राख्यो ।

● **सन् १९९१** : अर्जेन्टिनी स्टार फुटबलर डियागो म्याराडोना कोकिन राखेको र वितरण गरेको आरोपमा पक्राउ परे ।

● **सन् १९९४** : दक्षिण अफ्रिकाको इतिहासमा पहिलोपटक सबै जातजाति सहभागी भएको निर्वाचन आजकै दिन सुरु भएको थियो ।

● **सन् २००५** : अन्तर्राष्ट्रिय दबाबपछि सिरियाले २९ वर्षपछि छिमेकी मुलुक जोर्डनमा तैनाथ १४ हजार सेना देश फिर्ता गऱ्यो ।

● **सन् २०२२** : रुसले रुबलमा भुक्तानी गर्न अस्वीकार गर्ने पोल्यान्ड र बुल्गेरियालाई ग्यास आपूर्ति बन्द गरेको घोषणा गऱ्यो ।

● **सन् २०२३** : लेखिका इ जिन क्यारोलले डोनाल्ड ट्रम्पले सन् १९९० को दशकमा आफूलाई एक डिपार्टमेन्ट स्टोरमा बलात्कार गरेको भनेर दायर गरेको मुद्दामा न्युयोर्क अदालतमा आफ्नो तर्फको बयान दिइन् ।

२००८ पछि जन्मिएकालाई सुर्तीजन्य पदार्थ किन्न प्रतिबन्ध

लन्डन / बेलायतको संसद्ले १ जनवरी २००९ मा वा त्यसपछि जन्मेका नागरिकलाई जीवनभर सुर्तीजन्य पदार्थ किन्न नपाउने विधेयक पारित गरेको छ । अर्को साता शाही स्वीकृति प्राप्त भएपछि विधेयक कानुन बन्नेछ । कानुन लागू भएपछि मन्त्रीले सुर्तीजन्य पदार्थ, भेपिङ र निकोटिनजन्य उत्पादनको स्वाद र प्याकेजिङमाथि थप नियमन गर्न पाउनेछन् । विशेषतः बेलायतभर धूम्रपानमुक्त क्षेत्र विस्तार गर्न खेल मैदान, स्कुल र अस्पतालबाहिर भ्यापिङ निषेध गरिने योजना रहेको बताइएको छ । यसलाई बेलायतमा 'धूम्रपानमुक्त पुस्ता' सिर्जना गर्ने वर्षौं लामो प्रयासको एक अंश बताइएको छ ।

स्वास्थ्य तथा सामाजिक हेरचाह राज्यमन्त्री वेस स्ट्रिटिङले सन् २०२४ मा देशको तल्लो सदन 'हाउस अफ कमन्स'मा 'सुर्तीजन्य पदार्थ र भेप विधेयक' प्रस्तुत गरेका थिए, जसको उद्देश्य जनस्वास्थ्यको रक्षा गर्नु र धूम्रपानबाट हुने हानि कम गर्नु रहेको बताइएको छ । 'सुर्तीजन्य पदार्थ र भेप विधेयकले संसद्बाट अनुमोदन हुनु राष्ट्रको स्वास्थ्यका लागि ऐतिहासिक क्षण हो,' मन्त्री स्ट्रिटिङले भने, 'रोकथाम उपचारभन्दा राम्रो हो । यो सुधारले जीवन बचाउनेछ । देशको स्वास्थ्य प्रणालीमाथि दबाब कम गर्नेछ र स्वस्थ बेलायत निर्माण गर्नेछ । अब हाम्रा बालबालिका पहिलो धूम्रपानमुक्त पुस्ताको हिस्सा हुनेछन् । उनीहरू जीवनभर लत र हानिबाट सुरक्षित रहनेछन् ।'

'धूम्रपान प्रतिबन्ध'सम्बन्धी कानुन पहिलोपटक सन् २०२३ मा तत्कालीन प्रधानमन्त्री ऋषि सुनकको कन्जर्भेटिभ सरकारले लागू गर्ने प्रयास गरेको थियो । सुनकको सरकारले सुर्तीजन्य पदार्थ किन्ने वैधानिक उमेर हरेक वर्ष एक वर्ष बढाउँदै लगेमा भविष्यमा कसैले किन्न नपाउने दिन आउने योजना अघि सारेका थिए । तथापि, सो योजना सन् २०२४ को आमचुनावको सन्दर्भमा पछिका लागि सारिएको थियो ।

उता विधेयकलाई 'स्पष्ट मूर्खतापूर्ण' भन्दै उग्र दक्षिणपन्थी दल 'रिफर्म युके पार्टी'का नेता निगेल फराजले आगामी आमनिर्वाचन जितेमा आफूले धूम्रपान प्रतिबन्ध खारेज गर्ने वाचा गरेका छन् । तथापि, विधेयकलाई बेलायतभरिका स्वास्थ्य परोपकारी संस्था तथा अभियन्ताले प्रशंसा गरेका छन् ।

विघटनको सँघारमा क्वाड

अस्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिका मिलेर बनेको 'क्वाड' समान विचारधारा भएका लोकतान्त्रिक शक्तिको एक लघुपक्षीय समन्वय समूह हो

गत वर्ष 'क्वाड्रिलेटेरल सेकुरिटी डायलग (अर्थात् क्वाड)'को शिखर सम्मेलन आयोजना गर्ने पालो भारतको थियो । तर, सन् २०२५ सम्मेलन नभई नै बितेर गइसक्यो । अहिले नयाँदिल्लीले समूहको निरन्तरताका लागि क्वाडका विदेशमन्त्रीबिच बैठक आयोजना गर्ने लक्ष्य लिएको छ । सम्भवतः मे महिनामा अमेरिकी विदेशमन्त्री मार्को रुबियो भारतको भ्रमणमा आउँदा भारतले बैठक आयोजना गर्ने लक्ष्य लिएको छ । अस्ट्रेलिया, भारत, जापान र संयुक्त राज्य अमेरिका मिलेर बनेको 'क्वाड' समान विचारधारा भएका लोकतान्त्रिक शक्तिको एक लघुपक्षीय समन्वय समूह हो । यसले चीनको बढ्दो आक्रमकता मिलेर सामना गर्नेदेखि अन्य चुनौतीको सहकार्य गर्न खोज्छ ।

आफ्नो पहिलो राष्ट्रपतीय कार्यकालमा डोनाल्ड ट्रम्पले सन् २००७ मा जापानको पहलमा गठन भएको र लगभग दशकदेखि सुषुप्त रहेको समूहलाई पुनर्जीवित गरेका थिए । तर, २०२५ मा ह्वाइट हाउस फर्किएदेखि ट्रम्पले समूहप्रति उदासीनता देखाएका छन् । यसले क्वाडलाई नेतृत्वविहीन मात्र बनाएको छैन कि यसको भू-रणनीतिक मूल्यलाई समेत कमजोर बनाएको छ । यो अवस्था जारी रहने सम्भावना छ । पालैपालो अध्यक्ष हुने प्रचलनअनुसार अस्ट्रेलियाले यस वर्षको अन्त्यमा आयोजना गर्न सक्ने क्वाड शिखर सम्मेलनमा ट्रम्पको सहभागिता अनिश्चित रहेकाले त्यस्तो सम्भावना बढेको हो । यदि ट्रम्प फेरि पनि सम्मेलनमा आएनन् भने क्वाडको भूराजनीतिक महत्त्व घट्नेछ । अझ समूह पूर्ण रूपमा अन्त्य पनि हुन सक्छ ।

तथापि, क्वाडमाथि यस्तो विपत् आएको यो पहिलोपटक होइन । सन् २००८ मा, यसका केही सदस्यले चीनविरुद्ध कठोर अडान लिन अनकनाएपछि समूह निष्क्रिय बन्यो, अझ विघटनजस्तै भयो । त्यति वेला नवनिर्वाचित नेतृत्वले चीनप्रति नरम नीति लिँदा त्यस्तो अवस्था आएको थियो । यसपटक भने क्वाडको मृत्युको मुख्य कारण थप चिन्ताजनक हुनेछ, त्यो हो वासिंटन अब अन्तर्राष्ट्रिय प्रणालीमा भरपर्दो रणनीतिक साझेदार रहेन ।

भारतले गर्ने भनेको सन् २०२५ शिखर सम्मेलनमा भाग नलिने ट्रम्पको निर्णयमा नीतिगत र व्यक्तिगत कारण देखिन्छ । नीतिगत पक्षमा, उनले आफ्नो भ्रमणअघि नयाँदिल्लीले अमेरिका-भारतबिच स्वतन्त्र व्यापार सम्झौतामा सहमति जनाउन माग गरेका थिए । तर, विभिन्न कारणले सो सम्झौता वार्ताकै क्रममा थियो । अझ, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी त्यतिवेला ट्रम्पले भारतीय सामानमाथि लगाएका कठोर अमेरिकी करविरुद्ध लडिरहेका थिए (भलै ती कर पछि हटाइए ।)

त्यसपछि भारत र पाकिस्तानबिच चलेको चारदिने युद्ध रोक्न ट्रम्पले आफूले भूमिका खेलेको दाबीलाई मोदीले अस्वीकार गरेपछि ट्रम्पले मोदीप्रति गहिरो व्यक्तिगत असन्तुष्टि पोखे । त्यतिवेला पाकिस्तानी प्रधानमन्त्री सेहबाज सरिफले ट्रम्पको दाबीलाई स्विकारेपछि ट्रम्पले पाकिस्तानसँग बिग्रिएको अमेरिकाको सम्बन्ध नै पुनर्स्थापित गरे ।

अर्को क्वाड सदस्य जापान पनि ट्रम्पसँग निराश छ । गत वर्ष जापानी आयातमाथि २४ प्रतिशत भन्सार लगाउने ट्रम्पको प्रारम्भिक निर्णयबाट टोकियो स्तब्ध बनेको थियो । ट्रम्पले मे महिनामा व्यापार वार्ता चलिरहँदा भन्सार दर थप बढाउने धम्की दिएपछि वासिंटनको नजिकको मित्र टोकियोमा अमेरिकासँग वार्ता गर्नु नै व्यर्थ रहेको भावना देखिएको थियो । थप वार्तापछि दुवै पक्ष १५ प्रतिशत भन्सारमा सहमत भए । फेब्रुअरीमा अमेरिकी सर्वोच्च अदालतले ट्रम्पको भन्सार कर असंवैधानिक भएको निर्णय गरेपछि फेरि विवाद निस्किंयो । त्यसपछि ट्रम्पले अलग रूपमा पारस्परिक १० प्रतिशत भन्सार कर घोषणा गरे ।

यसबिच, ट्रम्प प्रशासनले सुरुमा जापानले आफ्नो कुल गार्हस्थ उत्पादन (जिडिपी)को तीन प्रतिशत हिस्सा रक्षामा खर्च गर्न माग गऱ्यो । यस लक्ष्यलाई पछि नेटोको तथ्यांकअनुरूप मिलाउन ३.५ प्रतिशतमा बढाइएको थियो । त्यतिवेला, टोकियोले रक्षामा लगभग १.४ प्रतिशत मात्र खर्च गरिरहेको थियो । यसको अर्थ वासिंटनले ऊमाथि रक्षा खर्च दोब्बरभन्दा बढी गर्न माग गरिरहेको थियो । यो मागलाई टोकियोले अपमानजनक मान्यो । तत्कालीन प्रधानमन्त्री सिगेरु इसिबाले वासिंटनविरुद्ध जापानी नेताबाट बिरलै आउने अकूटनीतिक रूपमा कडा प्रतिक्रिया दिँदै भने, 'अन्य देशले के भन्छन् भन्ने आधारमा हामी निर्णय लिँदैनौं ।'

वर्तमान जापानी प्रधानमन्त्री सानाई ताकाइचीको नेतृत्वमा जापानको सुरक्षा सहयोग र संयुक्त राज्य अमेरिकासँगको पंक्तिबद्धता पुनः सबल बनेको छ । तथापि, माहोल भने त्यति सुखद छैन । हालका संकेतले भविष्यमा दुई देशबिच अन्तर्क्रिया बढ्नेभन्दा पनि घट्ने देखिन्छ । उदाहरणका लागि, ट्रम्पले हालै इरानले बन्द स्ट्रेट अप हर्मुज पुनः खोल्न मद्दत नगरेको भन्दै जापानको आलोचना गरे ।

अन्तमा, क्वाडको अर्को सदस्य अस्ट्रेलियाले पनि अमेरिकाले लिएको दिशाप्रति चिन्ता व्यक्त गर्न थालेको छ । उदाहरणका लागि, स्ट्रेट अफ हर्मुज खोल्न इरानले अस्वीकार गरेपछि तेहरानविरुद्ध जवाफी नाकाबन्दी लगाउने वासिंटनको निर्णयबारे क्यानबेरालाई पहिले बताइएको थिएन । जापानलाई जस्तै ट्रम्प प्रशासनले अस्ट्रेलियालाई पनि आफ्नो जिडिपीको कम्तीमा ३.५ प्रतिशत रक्षामा खर्च गर्न माग गरिरहेको छ । सुरुमा अमेरिकाको मागप्रति असहमति जनाएको अस्ट्रेलियाका रक्षामन्त्री रिचर्ड मार्ल्सले गत साता मात्रै उनको देशले सन् २०३३ सम्ममा जिडिपीको करिब तीन प्रतिशत खर्च रक्षामा खर्चने बताए ।

गत बिहीबार अस्ट्रेलियाबारे सोधिएको प्रश्नमा ट्रम्पले इरान युद्धमा नसघाएकाले आफू सो देशसँग खुसी नभएको बताएका थिए । अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बानिज पनि पछिल्लो समयमा ट्रम्पसँग खुसी छैनन् । विशेषगरी इरानको सभ्यतालाई समाप्त गर्ने पछिल्लो धम्कीलाई अल्बानिजले अनुपयुक्त र अन्तर्राष्ट्रिय कानुनको अज्ञानता बताएका थिए ।

समूहका सदस्यबिच फाटो बढिरहेको समयमा ट्रम्पको अर्को महिना हुन लागेको चीनको बहुप्रतीक्षित भ्रमणले क्वाडमा थप धक्का दिने सम्भावना छ । चीनलाई खुसी पार्न उनले क्वाडसँग दूरी देखाउन सक्छन् । अस्ट्रेलिया, भारत र जापानका लागि समूहको मूल मूल्य सधैं साझा समझदारीमा आधारित छ । उता वासिंटनका लागि भने यसको मूल्य बेइजिङलाई सन्तुलनमा राख्ने रणनीतिमा केन्द्रित देखिन्छ ।


यस्तोमा बेइजिङको बहुप्रतीक्षित भ्रमणमा व्यापार, ताइवान वा क्षेत्रीय सुरक्षा सम्बन्धमा सकारात्मक सहमति भयो भने क्वाडको मूल्य थप कमजोर बन्नेछ । यदि भ्रमणबाट सकारात्मक परिणाम आएन भने एउटा भाष्यले पकड जमाएको छ, अमेरिकी प्रतिबद्धता ससर्त हुनेछ, अझ यसमा उतारचढाव देखिनेछ र ट्रम्प रहुन्जेल यो उनको व्यक्तिगत इच्छा र चीनसँगको उनको सम्बन्धमा देखिने उतारचढावको अधीनमा रहनेछ ।

निश्चित रूपमा क्वाड अझै पनि जीवित रहन नसक्ने होइन । तर, ट्रम्प फर्किएदेखि समूहका सदस्यसँग अमेरिकी रणनीतिक साझेदारीमा आइरहेको निरन्तर क्षयलाई मध्यनजर दिँदा यो बढ्दो रूपमा असम्भव देखिन्छ । विश्वसनीयता र उद्देश्य दुवै नगुमाई अझ अढाइ वर्ष अमेरिकी विदेश नीतिको व्यवहार क्वाडका अन्य सदस्य सहिरहलान् भनेर कल्पना गर्न गाह्रो छ ।

यदि क्वाड अहिले कमजोर बन्यो भने यो चुपचाप अर्कै कुराबाट प्रतिस्थापित हुनेछ । भारत, जापान र अस्ट्रेलियाले पहिले नै सुरक्षा, आपूर्ति शृंखला र रक्षा-औद्योगिक सहयोगमा समन्वय गर्न वैकल्पिक मार्ग खोजिरहेका छन्, त्रिपक्षीय रूपमा र द्विपक्षीय रूपमा । यस क्रममा तिनले वासिंटनमाथि निर्भरता देखाएका छैनन् । नयाँ व्यवस्था शिखरकालको क्वाडभन्दा साँघुरो, बढी लेनदेनात्मक र धेरै कम महत्त्वाकांक्षी हुनेछ ।

त्यस अर्थमा, वास्तविक क्षति केवल क्वाडलाई मात्र नभई यसले पहिले प्रतिनिधित्व गरेको व्यापक दृष्टिकोणमा पर्नेछ । त्यो भनेको इन्डो-प्यासिफिक शक्ति सन्तुलनलाई आकार दिन सक्षम एक टिकाउ, मूल्यमा आधारित गठबन्धन ।

- नेसनल इन्ट्रेस्टबाट



पहिलो कार्यकालमा राष्ट्रपति डोनाल्ड ट्रम्पले सन् २००७ मा जापानको पहलमा गठन भएको र लगभग दशकदेखि सुषुप्त रहेको क्वाडलाई पुनर्जीवित गरेका थिए । तर, २०२५ मा ह्वाइट हाउस फर्किएदेखि उनले यस समूहप्रति उदासीनता देखाएका छन् ।




● डेरेक ग्रोसम्यान
ग्रोसम्यान युनिभर्सिटी अफ साउदर्न क्यालिफोर्नियाका राजनीति विज्ञान र अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक हुन्

■ विद्युत् खपत वृद्धि तथा निर्यात रणनीतिको मस्यौदा

विद्युतीय चुलोमा अनुदानदेखि सिजनल दरमा पिपिएसम्म प्रस्ताव

डेटा सेन्टर, मल कारखाना, शीतभण्डार तथा कृषिमा आधारित उद्योगलाई
छुट्टै महसुल दर, एक वर्षभित्र निजी क्षेत्रलाई विद्युत् व्यापारको लाइसेन्स व्यवस्था

मिलन विश्वकर्मा / नयाँ पत्रिका



ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीतिको मस्यौदा तयार गरेको छ। १३ चैतको मन्त्रिपरिषद्ले स्वीकृत गरेको शासकीय सुधारसम्बन्धी १०० कार्यसूचीमा एक महिनाभित्र ऊर्जा निर्यात रणनीति बनाउने व्यवस्था थियो। त्यसका लागि ऊर्जा मन्त्रालयले सहसचिव सन्दीपकुमार देवको संयोजकत्वमा गठित उच्चस्तरीय अध्ययन समितिले विद्युत्को आन्तरिक खपत बढाउने रणनीतिसहितको मस्यौदा तयार गरेको हो।

मन्त्रालयले शनिबार मस्यौदा सार्वजनिक गर्दै तीन दिनभित्र सरोकारवालालाई सुझाव दिन आग्रह पनि गरेको छ। प्राप्त राय-सुझावका आधारमा रणनीतिलाई अन्तिम रूप दिने मन्त्रालयका प्रवक्तासमेत रहेका सन्दीपकुमार देवले जानकारी दिए। 'विद्युत्को आन्तरिक खपत बढाउन जोड दिएका छौं। बाँकी भएको विद्युत्लाई भने निर्यात गर्ने गरी रणनीति बनाएका छौं,' उनले भने, 'विद्युतीय घरायसी उपकरणको प्रयोगमा थप आकर्षित गर्ने, मिटर र ट्रान्सफर्मरको क्षमतामा सुधार गरी एलपी ग्यासको प्रयोग क्रमशः घटाउनुपर्नेमा जोड दिएका छौं। हाल प्रतिव्यक्ति ऊर्जा खपत करिब चार सय ५० युनिट छ। आगामी १० वर्षभित्र १५ सय युनिट पुऱ्याउने लक्ष्य छ।'

ग्यासमा अनुदान खारेज, विद्युतीय चुलोमा ०८३ सम्म अनुदान

मस्यौदामार्फत खाना पकाउने एलपी ग्यासमा दिइने अनुदान खारेज गरेर विद्युतीय चुलोमा अनुदान दिने प्रस्ताव गरिएको छ। आव ०९२/९३ सम्म विद्युतीय चुलोमा अनुदान दिने प्रस्ताव गरिएको छ। अहिले नेपाल आयल निगमले एक सिलिन्डर ग्यासमा तीन सय ३१ रुपैयाँ घाटा खाएर बिक्री गर्दै आएको छ। त्यसलाई सरकारी अनुदानका रूपमा हेरिएको छ। त्यो अभ्यासलाई खारेज गरेर विद्युतीय चुलोमा अनुदान दिने प्रस्ताव गरिएको उनले बताए। यद्यपि, कति अनुदान दिने भनेर खुलाइएको छैन। उद्योग मन्त्रालयको जिम्मेवारी र अर्थ तथा ऊर्जा मन्त्रालयको समन्वयनमा यस्तो व्यवस्था कार्यान्वयन गरिने भनिएको छ।

नेपालमा विद्युत् उत्पादन बढ्दै गएपछि त्यसको खपत बढाउन विद्युतीय चुलोको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने नीति अपनाइएको हो। सरकारी निकायले पहिलेदेखि नै विद्युतीय चुलो प्रयोग गर्न आह्वान गर्दै आएका छन्। तर, उपभोक्ताहरू त्यसमा 'सिफ्ट' हुन सकेका छैनन्। ग्यास आयातमा बर्सेनि अर्बौं रुपैयाँ बाहिरिने गरेको छ। चालू आवको नौ महिनामा ४१ अर्ब ६४ करोड ९८ लाख ५६ हजार रुपैयाँबराबरको ग्यास आयात भएको छ। तर, स्वदेशी उत्पादन हुने बिजुलीबाट प्रयोग गर्न सकिने विद्युतीय चुलोमा भने उपभोक्ताको आकर्षण बढ्न सकेको छैन। सोही कारण त्यसमा आकर्षण बढाउन विद्युतीय चुलोमा अनुदान दिने प्रस्ताव गरिएको हो।

आयल निगमका प्रवक्ता मनोजकुमार ठाकुरले पनि विद्युतीय चुलोमा अनुदान दिनुपर्ने बताए। 'हामीले आयातित ग्यासमा तीन सय ३१ रुपैयाँ घाटा खाएर बिक्री गरिरहेका छौं। तर, स्वदेशमै उत्पादन हुने बिजुलीबाट प्रयोग गरिने विद्युतीय चुलोमा भने अनुदान दिइएको छैन। ग्यासको चरम अभाव हुँदा पनि उपभोक्ताहरू विद्युतीय चुलोमा सिफ्ट हुन सकेका छैनन्। तसर्थ, उनीहरूलाई विद्युतीय चुलोमा आकर्षण गर्न केही न केही दिनुपर्छ। त्यसमा अनुदान उपयुक्त विकल्प हो,' उनले भने, 'निश्चित समयसम्म यसमा अनुदान दिनुपर्छ। त्यसपछि उपभोक्ताहरू यसमा आकर्षित हुन्छन्। उनीहरूमा बानी परेपछि अनुदान घटाउँदै लैजान सकिन्छ।'

विद्युतीय गाडीमा जोड, पेट्रोलपम्पमा चार्जिङ स्टेसन

रणनीतिमार्फत विद्युतीय सवारीसाधनको प्रयोगमा प्रोत्साहन गर्न खोजिएको छ। सार्वजनिक यातायातमा पनि विद्युतीय गाडीको प्रयोगलाई प्रोत्साहन गर्ने मस्यौदामा उल्लेख छ। हाल सञ्चालित पेट्रोलपम्पमा समेत चार्जिङ स्टेसन बनाउने नीति ल्याइएको छ। आव ०८५/८६ सम्म देशभर चार्जिङ स्टेसन निर्माण गर्ने लक्ष्य लिइएको छ। यसैगरी प्रमुख सहरहरूमा विद्युतीय बस र ट्रली बस सञ्चालन गरी आन्तरिक विद्युत् खपत क्षमता विकास गर्ने मस्यौदामा उल्लेख छ।

डेटा सेन्टर र मल कारखानाका लागि छुट्टै महसुल

औद्योगिक क्षेत्रतर्फ हाल उद्योगमा रहेको कोइला बोयलरलाई विद्युतीय बोयलर र भट्टीले प्रतिस्थापन गर्ने प्रस्ताव गरिएको छ। यसैगरी रासायनिक मल, डेटा सेन्टरजस्ता ऊर्जा सघन उद्योग सञ्चालनका लागि विशेष विद्युत् महसुल निर्धारण गरिने मस्यौदामा उल्लेख छ। 'रासायनिक मल र डेटा सेन्टर स्थापनालगायतका ऊर्जा सघन उद्योग सञ्चालनका लागि विशेष विद्युत् महसुल निर्धारण गरिनेछ,' रणनीतिको मस्यौदामा भनिएको छ। आव ०८३/८४ मै यसका लागि विशेष महसुलदर ल्याउने बताइएको छ।

यसैगरी, सिँचाइमा खपत हुने विद्युत्को महसुलमा सहुलियत दिने घोषणा गरिएको छ। सिँचाइमा प्रयोग हुने पम्पलाई पूर्ण रूपमा विद्युतीय पम्पमा रूपान्तरण गरिने पनि बताइएको छ।

एक वर्षभित्र निजी क्षेत्रलाई विद्युत् व्यापारको लाइसेन्स

यसैगरी, निजी क्षेत्रलाई एक वर्षभित्र विद्युत् व्यापारको अनुमति दिने प्रस्ताव पनि गरिएको छ। हाल विद्युत् व्यापारमा सरकारी स्वामित्वको नेपाल विद्युत् प्राधिकरणको मात्रै एकाधिकार छ। अब निजी क्षेत्रलाई पनि समावेश गर्नुपर्ने मस्यौदामा उल्लेख छ। 'विद्युत् व्यापारमा निजी क्षेत्रलाई समेत सहभागी गराउन कानुनी प्रबन्ध गरिनेछ,' मस्यौदामा भनिएको छ। ऊर्जा मन्त्रालय, विद्युत् विकास विभाग, प्राधिकरणलगायतको समन्वयनमा एक वर्षभित्र यसको व्यवस्था गर्नुपर्ने भनिएको छ।

आन्तरिक विद्युत् खपतलाई बढाउने यस्तो तयारी

सरकार आन्तरिक रूपमा घरायसीदेखि सिँचाइसम्ममा विद्युत् खपत बढाउने नीति ल्याएको छ। सरकारी कार्यालय र सुरक्षा निकाय तथा सार्वजनिक संस्थानमा विद्युतीय चुलो प्रयोग गर्ने नीति ल्याइएको छ। त्यसमा पनि ऊर्जा किफायती विद्युतीय उपकरणको प्रयोगलाई क्रमशः अनिवार्य गरिने मस्यौदामा उल्लेख छ। यसैगरी, स्वास्थ्य, शिक्षा, होटेल एवं सेवा क्षेत्रलगायतमा ऊर्जा किफायती विद्युतीय उपकरणको प्रयोगलाई प्रोत्साहन गरिने बताइएको छ। विद्युतीय सवारीसाधन तथा चार्जिङ स्टेसनलाई तीव्र विस्तार गरिने पनि मस्यौदामा उल्लेख छ। इन्धनबाट चल्ने सवारीलाई विद्युतीय सवारीसाधनमा रूपान्तरण गर्न आवश्यक कानुनी प्रबन्ध गरेर सहुलियतसमेत प्रदान गरिने बताइएको छ।

यस्तै, उद्योग तथा ठुला विद्युत् उपभोगकतामा अनिवार्य ऊर्जा परीक्षण गरी ऊर्जा किफायती उपकरणको प्रयोगलाई प्रोत्साहन गरिने मस्यौदामा उल्लेख छ। 'रासायनिक मल कारखाना, आधुनिक इँटाभट्टा, डेटा सेन्टरजस्ता विद्युत् सघन उद्योगहरूको प्रवर्द्धन गर्न विद्युत् महसुलमा विशेष सहुलियत दिइनेछ,' मस्यौदामा भनिएको छ, 'सिँचाइका लागि क्लस्टरमा आधारित डेडिकेटेड एग्रिकल्चर फिडर निर्माण गरिनेछ।'

सिँचाइका लागि प्रयोग हुने पम्पलाई विद्युतीय पम्पले प्रतिस्थापन गर्न प्रोत्साहन गरिने पनि मस्यौदामा उल्लेख छ। 'कृषि उपकरण (थ्रेसर, ट्रिलर)मा विद्युतीय प्रविधि प्रयोग गर्न सहुलियत प्रदान गरिनेछ। शीतभण्डार तथा कृषिमा आधारित उद्योगका लागि विशेष विद्युत् महसुलको व्यवस्था गरिनेछ,' मस्यौदामा भनिएको छ, 'प्रमुख राजमार्गमा विद्युतीय सडकबत्ती जडान गरिनेछ।'

पिपिएमा स्टोरेज परियोजना प्राथमिकतामा, सिजल दरमा पिपिए गरिने

सरकारले विद्युत् खरिद-बिक्री सम्झौता (पिपिए)मा अर्धजलाशययुक्त तथा जलाशययुक्त आयोजनालाई प्राथमिकता दिने बताएको छ। 'विद्युत् उत्पादन सम्मिश्रणका लागि अर्धजलाशययुक्त तथा जलाशययुक्त आयोजनाको विद्युत् खरिद सम्झौतालाई प्राथमिकता दिइनेछ,' मस्यौदामा भनिएको छ। त्यस्ता आयोजनाको बिजुली भारतमा धेरै मूल्य पाउने समयमा बिक्री गरिने मस्यौदामा उल्लेख छ। 'अर्धजलाशययुक्त तथा जलाशययुक्त आयोजनाको सञ्चालनलाई भारतीय बजारको उच्चदर प्राप्त हुने समयसँग तादात्म्यता मिलाइनेछ,' मस्यौदामा उल्लेख छ। विद्युत् निर्यातलाई उच्च मूल्य प्राप्त हुने समयमा केन्द्रित गरिने प्रस्ताव गरिएको छ।

'भारतको डे-अहेड मार्केट, रियल टाइम मार्केटलगायत अन्य मार्केट सेग्मेन्टमा नेपालको जलविद्युत्लाई प्राथमिकताका साथ सहभागी गराउने प्रक्रिया अवलम्बन गरिनेछ,' मस्यौदामा भनिएको छ। यस्तै, मौसमी पिपिए गरिने पनि मस्यौदामा उल्लेख छ। 'दीर्घकालीन तथा मौसमी विद्युत् खरिद-बिक्री सम्झौताका लागि आवश्यक पहल गरिनेछ,' मस्यौदामा भनिएको छ।

अन्तरदेशीय विद्युत् व्यापार निर्देशिका बनाइने

विद्युत् निर्यातलाई प्रभावकारी बनाउन अन्तरदेशीय विद्युत् व्यापारसम्बन्धी निर्देशिका तयार गरिने पनि मस्यौदामा उल्लेख छ। छिमेकी मुलुकका ऊर्जासम्बन्धी ऐन-काननअनुसार विद्युत् निर्यात गर्ने विधि तथा प्रक्रियामा सामञ्जस्यता कायम गरिने पनि बताइएको छ।

'विद्युत् निर्यातबाट देशका लागि लाभ वृद्धि गर्न बहुआयामिक रूपमा विद्युत्को द्विपक्षीय तथा क्षेत्रीय बजारको विकास गर्दै अन्तर्राष्ट्रिय विद्युत् बजारमा पहुँचसम्बन्धी स्पष्ट व्यवस्था गरिनेछ,' मस्यौदामा भनिएको छ, 'बहुक्रेता-विक्रेता विद्युत् बजारका लागि आवश्यक पर्ने नियमनकारी तथा बजारसम्बन्धी व्यवस्थाहरू तोकिनेछ।'

■ मध्यपूर्व युद्धको असर

कच्चा पदार्थको अभावमा हेटौँडाका उद्योग संकटमा

उत्पादन कटौतीदेखि बन्दसम्मको जोखिम



मकवानपुरमा पोष्टराज अधिकारी

मध्यपूर्व एसियामा बढ्दो भूराजनीतिक तनावको प्रत्यक्ष असर नेपालका उद्योग क्षेत्रमा देखिन थालेको छ। कच्चा पदार्थ र इन्धनका लागि अन्तर्राष्ट्रिय बजारमा निर्भर हेटौँडाका उद्योगहरू अहिले आपूर्ति शृंखलामा आएको अवरोध र पेट्रोलियमलगायतमा भइरहेको मूल्यवृद्धिका कारण गम्भीर संकटमा परेका छन्।

हेटौँडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका अनुसार औद्योगिक क्षेत्रभित्र रहेका एक सय ४७ प्लटमध्ये एक सय २६ मा उद्योग सञ्चालनमा छन्। तर, तीमध्ये अधिकांश उद्योग पूर्ण क्षमतामा सञ्चालन हुन सकेका छैनन्। उद्योगहरू कच्चा पदार्थ अभाव र लागत वृद्धिका कारण उत्पादन कटौती गर्न बाध्य भएका छन्।



विशेषगरी पेट्रोलियम पदार्थमा आधारित कच्चा पदार्थको मूल्य अन्तर्राष्ट्रिय बजारमा अप्रत्याशित रूपमा बढेपछि त्यसको असर औद्योगिक क्षेत्रमा पनि परेको हो। प्लास्टिकका दानादेखि खाद्य उद्योगका लागि आवश्यक गहुँसम्मको आयात प्रभावित भएको उद्योगीहरू बताउँछन्। यसको असर बजारमा कृत्रिम अभाव र मूल्यवृद्धिका रूपमा देखिन थालेको छ।

उद्योग संघ मकवानपुरका अध्यक्ष बद्रीनाथ शर्माका अनुसार हालको परिस्थितिमा उद्योग सञ्चालन अत्यन्तै चुनौतीपूर्ण बन्दै गएको छ। हेटौँडाका उद्योगहरू आयातित कच्चा पदार्थमा पूर्ण निर्भर भएकाले अन्तर्राष्ट्रिय द्वन्द्वको असर सिधै उत्पादनमा परेको उनको भनाइ छ।

कच्चा पदार्थको अभाव, मूल्यवृद्धि र इन्धन आपूर्तिमा समस्या हुँदा उत्पादन क्षेत्र नराम्रो प्रभावित भएको अध्यक्ष शर्माले बताए। 'यदि यही अवस्था कायम रह्यो भने दैनिक तीन करोड रुपैयाँभन्दा बढीको नोक्सानी व्यहोर्नुपर्ने अवस्था आउँछ,' उनले भने, 'विशेषगरी प्लास्टिक उद्योग सबैभन्दा बढी प्रभावित छन्। ठुला व्यापारीहरूले कच्चा पदार्थको भाउ ५०-५५ प्रतिशतसम्म बढाइसकेका छन्, बजारमा कृत्रिम अभाव पनि देखिन थालेको छ।'

अध्यक्ष शर्माले खाद्य उद्योगसमेत संकटमा परेको उल्लेख गर्दै गहुँजस्ता आधारभूत कच्चा पदार्थ पनि आयातमा निर्भर रहँदा उत्पादन अस्थिर बनेको बताए। अहिलेको अवस्था लम्बिए धेरै उद्योग बन्द हुने जोखिम रहेको उनको भनाइ छ। उनका अनुसार पछिल्लो केही महिनामै प्याकेजिङका लागि प्रयोग हुने प्लास्टिक दानाको मूल्य झन्डै दोब्बरले बढेको छ। पेन्ट उद्योगमा प्रयोग हुने इमल्सनजस्ता पेट्रोलियम आधारित कच्चा पदार्थको मूल्यसमेत उकालो लागेको छ भने उपलब्धता घट्दै गएको छ। उनका अनुसार उद्योगीहरू अहिले दोहोरो मारमा परेका छन्।

एकातिर इन्धनको मूल्यवृद्धिले ढुवानी खर्च बढाएको छ भने अर्कोतर्फ विद्युत् आपूर्तिमा समस्या हुँदा महँगो डिजेल प्रयोग गरेर जेनेरेटरमार्फत उद्योग सञ्चालन गर्नुपरेको छ।

यता औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय हेटौँडाकी क्षेत्र व्यवस्थापक संगीता कुँवरले पनि आफूले उद्योगी-व्यवसायीसँगको कुराकानीबाट उद्योगहरूमा कच्चा पदार्थको मौज्दात अवस्था अत्यन्तै सीमित हुँदै गएको बताइन्। 'मैले व्यक्तिगत र संस्थागत रूपमा पनि उद्योगीसँग पछिल्लो अवस्थाका बारेमा बुझिरहेको छु। कतिपय उद्योगहरूमा अहिले मौज्दात रहेको कच्चा पदार्थले बढीमा एक-डेढ महिनासम्म मात्रै उत्पादन धान्न सक्ने अवस्था छ,' उनले भनिन्, 'कतिपय उद्योग ४०-५० प्रतिशत क्षमतामा मात्र पनि सञ्चालन भइरहेका छन्।'

उनका अनुसार यो समस्या प्लास्टिक उद्योगमा मात्र सीमित छैन, खाद्यान्नलगायतका अन्य उद्योगहरूमा पनि विस्तार हुँदै गएको छ। उत्पादनमा आएको गिरावटले आगामी दिनमा रोजगारीमा समेत असर पर्ने संकेत देखिएको उनले बताइन्। उद्योगीहरूले वर्तमान समस्या समाधानका लागि सरकारको सक्रिय भूमिका आवश्यक रहेको बताएका छन्।

पेट्रोलियम पदार्थको सहज आपूर्ति, कूटनीतिक पहलमार्फत आपूर्ति शृंखला स्थिर बनाउने, बैंकिङ क्षेत्रबाट ब्याजदर र भुक्तानी प्रक्रियामा सहुलियत दिनेजस्ता कदम तत्काल आवश्यक रहेको उनको भनाइ छ। साथै, ६० वर्षदेखि उही ढाँचामा चलिरहेको औद्योगिक क्षेत्र व्यवस्थापन प्रणालीमा सुधार गर्नुपर्ने र बजारमा फैलिएको नकारात्मक 'सेन्टिमेन्ट' नियन्त्रण गर्न सरकारले विश्वास दिलाउने नीति लिनुपर्ने उनले बताइन्।

अहिलेको संकट लम्बिँदै गएमा उत्पादन कटौती मात्र होइन, उद्योग बन्द हुने र त्यसले रोजगारी, राजस्व र समग्र अर्थतन्त्रमा गम्भीर असर पार्ने जोखिम बढ्दै गएको उद्योग क्षेत्रको निष्कर्ष छ।

प्राधिकरणको अध्यक्ष नियुक्ति गर्न सिफारिस समिति गठन

काठमाडौं / आठ महिनादेखि रिक्त रहेको नेपाल बिमा प्राधिकरणको अध्यक्ष नियुक्ति गर्न सरकारले सिफारिस गठन गरेको छ। ८ वैशाखको मन्त्रिपरिषद्को बैठकले राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. गुणाकर भट्टको संयोजकत्वमा सिफारिस समिति गठन गरेको हो। योसँगै अब सिफारिस समितिले सुरुदेखि नै अध्यक्ष नियुक्तिको प्रक्रिया अगाडि बढाउनेछ।

सिफारिस समितिले सार्वजनिक रूपमा सूचना आह्वान गर्दै प्रस्ताव माग गर्नेछ। प्राप्त आवेदनका आधारमा पाँचजनाको नाम अन्तर्वार्ताका लागि छनोट गरिनेछ। अन्तर्वार्ताबाट तीनजनाको नाम नियुक्तिका लागि मन्त्रिपरिषद्मा पेस गरिनेछ। मन्त्रिपरिषद्ले त्यसबाट एकजनालाई प्राधिकरणको अध्यक्षमा नियुक्त गर्नेछ।

२ भदौमा प्राधिकरणको अध्यक्षबाट शरद ओझा बर्खास्त भएसँगै नयाँ अध्यक्ष नियुक्ति गर्नुपर्ने भएको छ। गत १२ फागुन ०८१ मा तत्कालीन केपी ओली नेतृत्वको मन्त्रिपरिषद्ले शरद ओझालाई प्राधिकरणको अध्यक्ष नियुक्त गरेको थियो। तर, त्यसमा विवाद आएपछि सरकारले छानबिन समिति बनाएर २ भदौमा ओझालाई बर्खास्ती गरेको थियो।

अघि बढ्यो नागरिक उड्डयनमा महानिर्देशक नियुक्ति प्रक्रिया

काठमाडौं / सरकारले नेपाल नागरिक उड्डयन प्राधिकरणमा महादिर्नेशक नियुक्ति प्रक्रिया अघि बढाएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले प्राधिकरणको रिक्त महानिर्देशक पदपूर्तिका लागि दरखास्त आह्वान गरेको हो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले तत्कालीन महानिर्देशक प्रदीप अधिकारीविरुद्ध भक्तपुरको नलिञ्चोकमा हेलिपोर्ट निर्माणका क्रममा साढे १३ करोड भ्रष्टाचार गरेको कसुरमा गत १७ मंसिरमा मुद्दा दायर गरेपछि उनी निलम्बनमा परेका थिए। अधिकारीमाथि पोखरा विमानस्थलमा भ्रष्टाचार गरेका दुईवटा मुद्दासमेत अदालतमा विचाराधीन अवस्थामा छन्। अधिकारी निलम्बनमा परेपछि उपमहानिर्देशक देवचन्द्रलाल कर्णले निमित्त महादिर्नेशकका रूपमा काम गर्दै आएका थिए। मन्त्रालयले प्रतिस्पर्धा गराएर प्राधिकराण्को महानिर्देशक नियुक्ति गर्न लागेको हो। मन्त्रालयले शनिबार सूचना जारी गर्दै नेपाल सरकारको सेवामा वा प्राधिकरणमा कार्यरत योग्य र इच्छुक व्यक्तिबाट सात दिनभित्र आवेदन माग गरेको हो।

'नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ को दफा १९ को उपदफा (१) बमोजिम प्राधिकरणको महानिर्देशक पदमा नियुक्त गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाल सरकारको वा प्राधिकरणको सेवामा बहाल रहेका इच्छुक उम्मेदवारहरूले सात दिनभित्र मन्त्रालयमा आवेदन दिन सूचना प्रकाशित गरिएको छ,' मन्त्रालयको सूचनामा उल्लेख छ।

उद्योगबाट निस्किने कालो धुवाँ नियन्त्रण गर्न नयाँ मापदण्ड

■ इन्धन बाल्दा निस्किने हानिकारक ग्यास सल्फर डाइअक्साइडको उत्सर्जन चार सय मिलिग्राम प्रति नर्मल घनमिटरभित्रै राख्नुपर्ने

■ चिम्नीको उचाइ ११ मिटरभन्दा कम हुन नहुने, यसले धुवाँलाई माथि फैलाएर जमिननजिकको प्रदूषण कम गर्न सहयोग पुग्ने अपेक्षा



नयाँ पत्रिका

उद्योगबाट निस्किने धुवाँका कारण बढ्दै गएको वायु प्रदूषण नियन्त्रण गर्न सरकारले नयाँ मापदण्ड लागू गरेको छ। वन तथा वातावरण मन्त्रालयले औद्योगिक ब्वाइलरबाट निस्किने धुवाँ र चिम्नीको उचाइका लागि 'उद्योग प्रतिष्ठानहरूमा जडान भएका ब्वाइलरको सञ्चालनबाट निष्कासन हुने धुवाँ तथा चिम्नीको उचाइसम्बन्धी मापदण्ड, २०८२' जारी गरेको हो। यो मापदण्ड वातावरण संरक्षण ऐन, २०७६ अनुसार मन्त्रीस्तरीय निर्णयबाट जारी भएको मन्त्रालयले जनाएको छ।

उद्योग विस्तारसँगै वायु प्रदूषणको बढ्दो चिन्तालाई सम्बोधन गर्न मापदण्ड प्रभावकारी हुने मन्त्रालयको अपेक्षा छ। खासगरी नयाँ मापदण्डले काठमाडौं उपत्यकामा रहेका उद्योगहरूलाई जिम्मेवार बनाउँदै वातावरणीय क्षति घटाउने लक्ष्य राखेको छ।

उद्योगमा पानी ततार्इ बाफ वा तातो पानी उत्पादन गर्ने ब्वाइलरका आधारमा हुन सक्ने प्रदूषणलाई आधार बनाएर नयाँ मापदण्ड जारी गरिएको छ। ब्वाइलरबाट निस्कने धुवाँमा साना कण हुन्छन्। जसले वातावरण र मानव स्वास्थ्यमा गम्भीर असर पार्छ। यही जोखिम घटाउन सरकारले नयाँ मापदण्ड ल्याएर कडाइ गर्न खोजेको हो। नयाँ मापदण्डअनुसार उद्योगले प्रयोग गर्ने ब्वाइलरको क्षमता प्रतिघण्टा उत्पादन हुने टन (टिपिएच)अनुसार धुवाँमा हुने कणको मात्रा सीमित गरिएको छ। टिपिएच ब्वाइलरको क्षमता मापन गर्ने विधि हो। यसले एक घण्टामा कति टन बाफ उत्पादन गर्न सक्छ भन्ने जनाउँछ।

यस्तो छ उद्योगबाट निस्किने धुवाँको कणको मापदण्ड

कम क्षमताका ब्वाइलरलाई कृषि वा जैविक इन्धन प्रयोग गर्दा धुवाँमा हुने कणको सीमा अधिकतम ६ सय मिलिग्राम प्रति नर्मल घनमिटर निर्धारण गरिएको छ। यो प्रदूषण नाप्ने एकाइ हो। अन्य इन्धन प्रयोग गर्दा भने पाँच सय मिलिग्राम प्रति नर्मल घनमिटर तोकिएको छ। दुईदेखि १० टिपिएचसम्मको हकमा जैविक इन्धनमा पाँच सय मिलिग्राम प्रति नर्मल घनमिटर र अन्य इन्धनको हकमा दुई सय ५० मिलिग्राम प्रति नर्मल घनमिटर तोकिएको छ। १० देखि १५ टिपिएचको हकमा जैविक इन्धन चार सय मिलिग्राम प्रति नर्मल घनमिटर र अन्य इन्धनको हकमा दुई सय मिलिग्राम प्रति नर्मल घनमिटर राखिएको छ। १५ टिपिएचभन्दा बढीको हकमा उत्सर्जन झन् कम राख्नुपर्ने उल्लेख छ।

प्रदूषण नियन्त्रण गर्ने उपकरण राख्नुपर्ने

सरकारले ब्वाइलरसँगै प्रदूषण नियन्त्रण गर्ने उपकरण अनिवार्य गरेको छ। साइक्लोन वा मल्टिसाइक्लोन र ब्याग फिल्टर वा इलेक्ट्रोस्टाटिक प्रिसिपिटेटर राख्नुपर्ने व्यवस्था गरिएको छ। यी उपकरणले धुवाँमा रहेका हानिकारक कणहरू फिल्टर गर्न मद्दत गर्छन्। सल्फर डाइअक्साइडमा पनि सीमा निर्धारण गरिएको छ। यो इन्धन बाल्दा निस्किने हानिकारक ग्यास हो। उद्योगहरूले सल्फर डाइअक्साइडको उत्सर्जन चार सय मिलिग्राम प्रति नर्मल घनमिटर भित्रै राख्नुपर्नेछ। यसका लागि आवश्यक उपकरण जडान गर्नुपर्नेछ। उद्योगमा धुवाँको मात्रा मात्र होइन, चिम्नीको उचाइ पनि अब वैज्ञानिक आधारमा निर्धारण गर्नुपर्ने भएको छ। कुनै पनि अवस्थामा चिम्नीको उचाइ ११ मिटरभन्दा कम हुन नहुने उल्लेख छ।

लुम्बिनीमा नौ महिनामा ३२% पुँजीगत खर्च

बुटवलमा **विष्णु घिमिरे**

चालू आवको नौ महिनामा लुम्बिनीमा पुँजीगत खर्च जम्मा ३२.३६ प्रतिशत मात्रै भएको छ। चैत मसान्तसम्मको बजेट कार्यान्वयनमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय सबैभन्दा कमजोर देखिएका छन्।

प्रदेश लेखा नियन्त्रण कार्यालय लुम्बिनीका अनुसार पुँजीगततर्फ आन्तरिक मामिला तथा कानुन मन्त्रालयले २.४९ प्रतिशत अर्थात् ४१ लाख रुपैयाँ पुँजीगत खर्च गरेको छ।

त्यस्तै, कम खर्च गर्ने युवा तथा खेलकुद मन्त्रालयले ३.३० प्रतिशत अर्थात् ७४ लाख ८५ हजार खर्च गरेको छ। उद्योग, पर्यटन तथा यातायात मन्त्रालयले १०.९२ प्रतिशत अर्थात् १२ करोड ८२ लाख र आर्थिक मामिला तथा योजना मन्त्रालयले ११.३९ प्रतिशत अर्थात् २२ लाख ७८ हजार पुँजीगत बजेट खर्च गरेको हो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ३७ लाख अर्थात् १२.५१ प्रतिशत खर्च गरेको छ। सामाजिक विकास मन्त्रालयले १९ करोड १८ लाख ७४ हजार अर्थात् १५.२० प्रतिशत, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले दुई करोड ३२ लाख अर्थात् २०.१० प्रतिशत खर्च गरेको छ।

यसैगरी, वन तथा वातावरण मन्त्रालयको २४ करोड ५५ लाख ४८ हजार अर्थात् २३.१८ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको ७१ करोड २९ लाख ५२ हजार अर्थात् २९.६३ प्रतिशत खर्च गरेको छ। यस्तै, सहरी विकास तथा खानेपानी मन्त्रालयको एक अर्ब ६१ करोड ६१ लाख अर्थात् ३०.१६ प्रतिशत पुँजीगत खर्च भएको तथ्यांक छ। पुँजीगततर्फ भौतिक पूर्वाधार विकास मन्त्रालयले तीन अर्ब ५५ करोड ६२ लाख अर्थात् ३७ प्रतिशत खर्च गरेको छ। लुम्बिनीमा प्रतिशतका हिसाबले धेरै खर्च गर्नेमा स्वास्थ्य मन्त्रालय छ। यो मन्त्रालयले पुँजीगततर्फ एक अर्ब १० करोड १५ लाख खर्च गरेको छ, जुन विनियोजित बजेटको ७१ प्रतिशत हुन आउँछ।

चालू आवका लागि लुम्बिनी सरकारको बजेट ३८ अर्ब ९१ करोड रुपैयाँ छ। यसमध्ये चैत मसान्तसम्म पुँजीगततर्फ सात अर्ब ५९ करोड ५७ लाख अर्थात् ३२.३६ प्रतिशत खर्च भएको छ। त्यस्तै, चालूतर्फ ३७.२७ प्रतिशत खर्च भएको छ। चालू तथा पुँजीगत गरी नौ महिनामा लुम्बिनी प्रदेश सरकारको कुल बजेट खर्च १३ अर्ब ३४ करोड ९६ लाख अर्थात् ३४.३१ प्रतिशत भएको छ।

सूर्यविनायक–धुलिखेल सडकखण्ड विस्तारको भौतिक प्रगति ५९ प्रतिशत

बर्खायामका लागि आगामी एक महिनाभित्रमा यातायात सहजता बनाएर नागरिकलाई आवतजावतमा कष्टकर हुन नदिने निर्माण व्यवसायीको प्रतिबद्धता

काभ्रेमा **इन्द्रबहादुर थापा**

अरनिको राजमार्गअन्तर्गत सूर्यविनायक-धुलिखेल सडकखण्ड विस्तारको करिब ५९ प्रतिशत भौतिक प्रगति भएको छ। सूर्यविनायक-साँगा र साँगा-धुलिखेल गरी दुई खण्डमा ६ लेनमा विस्तार भइरहेको छ। सूर्यविनायक-साँगा खण्डमा ४८ प्रतिशत र साँगा-धुलिखेल सडकखण्डमा ७० प्रतिशत भौतिक प्रगति भएको आयोजनाले जनाएका छन्।

सडक विस्तार गरिने कुल १५ दशमलव पाँच किलोमिटर सडकमध्ये साँगादेखि धुलिखेल आठ दशमलव चार किलोमिटर सडकखण्डको ठेक्का लामा कन्स्ट्रक्सनले लिएको हो। सडक विभागका अनुसार ठेक्का रकम चार अर्ब पाँच करोड ६४ लाख रुपैयाँ रहेको छ। त्यस्तै, सूर्यविनायक-साँगा सडकखण्ड भने सात दशमलव पाँच किमि रहेको छ। उक्त खण्डको ठेक्का आशिष/बन्दन भगवती जेभीले तीन अर्ब ८८ करोड ९३ लाखमा सम्झौता भएको थियो। सडक विस्तार आयोजनाको म्याद गत चैत ०८२ मा सम्पन्न भइसकेको छ।

सडक विस्तारका क्रममा भइरहेको निर्माणकार्य ढिलाइ र भइरहेको काममा आवश्यक व्यवस्थापकीय कार्य नगर्दा निकै समस्या झेल्नुपरेको स्थानीय बासिन्दाको गुनासो छ। बनेपा नगरपालिकास्थित साँगाका स्थानीय कृष्ण श्रेष्ठले समयमा काम सम्पन्न नगरिदिँदा बाटोमा हिँडडुल गर्ने र घरमा बस्नेहरूले धुलो खाएर बस्न बाध्य भएको बताए। धुलो व्यवस्थापन गर्न पानी छर्किन आग्रह गर्दासमेत बेवास्ता गरेको र सडक निर्माणका क्रममा सीमांकन राम्रोसँग नभएकाले सडकबिचबाट कतै बढी, कतै कम च्यापेर बनाएको गुनासो गरे।

बनेपा नगरपालिका वडा नं १३ का वडासदस्य राजु श्रेष्ठले विकास निर्माणको



काम भइरहे पनि अव्यवस्थित सामग्रीका कारण अस्तव्यस्त भएको बताए। आशिष/बन्दन भगवती जेभीका प्रतिनिधि विजय भट्टराईले अन्डरपासका लागि बनाइरहेको खण्डमा ग्राभेल सक्ने गरी काम भइरहेकाले यातायात सञ्चालनमा समस्या नआउने बताए। साँगा क्षेत्रमा दुईतर्फी भइरहेको काममा एकतर्फका सडकलाई बर्खाअगाडि नै कालोपत्रे गरेर सक्ने उनको भनाइ छ। सडक निर्माणकार्य सम्पन्न भएपछि काठमाडौंबाट बनेपातर्फ आउने सवारीसाधन अन्डरपास भएर बाहिरिनेछन् भने काठमाडौंतर्फ जाने सवारीसाधन माथिबाट जाने गरी निर्माण हुने उनले जनाएका छन्।

साँगा-धुलिखेल सडकखण्डको निर्माण कम्पनी लामा कन्स्ट्रक्सन कम्पनीका कन्ट्र्याक म्यानेजर रवीन्द्र श्रेष्ठले इन्धनको मूल्यवृद्धि, निर्माण सामग्रीमा भएको मूल्यवृद्धि र अभाव तथा आवश्यक सामग्री ढुवानीमा समस्या भएको कारण विगत एक महिनादेखि काम सुस्त भएको स्विकारे। वर्षाअगावै तोकिएअनुसारको काम सम्पन्न गर्ने नदेखिए पनि अलि-अलि भएको सामग्रीले काम गरिरहेको बताएका छन्।

सूर्यविनायक-धुलिखेल सडक आयोजनाका आयोजना प्रमुख विजयकुमार महतोले भक्तपुरको सूर्यविनायकदेखि काभ्रेपलाञ्चोकको धुलिखेलसम्मका १५ दशमलव आठ किलोमिटर सडकखण्डमा ६ लेनको सडक विस्तारको काम भइरहेकोमा अहिलेसम्ममा सूर्यविनायकदेखि साँगासम्ममा ४८ प्रतिशत भौतिक प्रगति भएको र साँगादेखि धुलिखेलसम्मको करिब ७० प्रतिशत कामको प्रगति भएको बताएका छन्। धुलिखेलदेखि साँगासम्मको अधिकांश ठाउँमा नाली बनाउने, स्ट्रक्चर निर्माणलगायतको काम ९० प्रतिशत सम्पन्न भइसकेको उनको भनाइ छ। निर्माणकार्य भइरहँदा बर्खामा पहिरो जाने र हिलोका कारण यात्रु र सवारीसाधन सञ्चालनमा समस्या नहोस् भन्नका लागि निर्माण व्यवसायलाई आवश्यक समन्वय र कामको गतिलाई तीव्रता दिन आग्रह गरिरहेको उनको भनाइ छ।

काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारी गोपालप्रसाद अधिकारीले काठमाडौंबाट पूर्व जाने मुख्य सडक भएका कारण पनि पछिल्लो समयमा प्रगति कमजोर हुन थालेको शंका उत्पन्न भएकाले कामको गतिलाई बढाउन आवश्यक समन्वय भइरहेको बताए। मनसुनको समय आउन लागेका कारण सडक सुचारु राख्ने विषयमा आयोजना र निर्माण व्यवसायीसँगै छलफल भएको र वर्षामा सडक अवरुद्ध नहुने गरी सडक सञ्चलान गर्न आफूहरूले काम गर्ने प्रतिबद्धता जनाएको उनको भनाइ छ।

अरनिको राजमार्गअन्तर्गत साँगा-धुलिखेल सडकखण्ड विस्तार आयोजनाको जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोक र जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकद्वारा बिहीबार भएको संयुक्त अनुगमन गरिएको थियो। वर्षायाममा सडक प्रयोग गर्ने सवारीसाधन र यात्रुलाई सहजता प्रदान गर्नका लागि सडक विस्तार कार्यको अवस्थाबारे जानकारी जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका प्रमुख दीपककुमार गौतम र प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारी नेतृत्वको टोलीले अनुगमन गरेको हो। जिल्ला समन्वय समिति काभ्रेपलाञ्चोकका प्रमुख दीपककुमार गौतमले आमनागरिकले भोगिरहेको समस्या समाधान गर्ने विषयमा छलफल र समन्वयका लागि अनुगमन गरेको बताए। सो क्रममा निर्माण व्यवसायीले बर्खायामका लागि आगामी एक महिनाभित्रमा यातायात सहजता बनाएर नागरिकलाई आवतजावतमा कष्टकर हुने अवस्था हुन नदिने प्रतिबद्धता व्यक्त गरे। आगामी एक महिनाको कार्यतालिका बनाएर सडक आयोजनालाई बुझाउने र त्यहीअनुसारले कामको प्रगति दिने ठेकेदार कम्पनीले प्रतिबद्धता जनाएको छ।

कर्पोरेट

सिजीका एसी शून्य ब्याजमा किस्तामा खरिद गर्न सकिने

काठमाडौं/ नेपालका विभिन्न भूभागमा तापक्रम बढिरहेका बेला सिजी ब्रान्डका एयर कन्डिसनर (एसी)को माग बढेको छ। नेपालको मौसमी अवस्थालाई ध्यानमा राखेर डिजाइन गरी बनाइएको सिजी मेरी सिरिजको एसीलाई उपभोक्ताले मन पराएको कम्पनीको दाबी छ।



सिजीले भित्र्याएको 'ड्युल इन्भर्टर' प्रविधिले यसलाई स्मार्ट र किफायती बनाएको छ। यसले कम विद्युत् खपत गर्ने बताइएको छ। साथै, विद्युत् आपूर्ति प्रभावित भएका वेलासमेत मेसिन नबिग्रिने दाबी गरिएको छ। यसैगरी, यसमा वातावरणमैत्री कुलिङ प्रणाली रहेको पनि बताइएको छ।

कम्पनीका अनुसार यसमा १० वर्षको वारेन्टी छ। एउटा एसीलाई विभिन्न विभिन्न आठ मोडमा सञ्चालन गर्न सक्ने बताइएको छ। 'एसीलाई सबैको पहुँचमा पुऱ्याउन सिजी इलेक्ट्रोनिक्सले बजारमा गेम चेन्जर अफरहरू ल्याएको छ। अब ग्राहकले खल्तीमा पैसा नभए पनि नागरिकता मात्र पेस गरेर शून्य प्रतिशत ब्याज र सजिलो मासिक किस्तामा एसी जडान गर्न सक्नेछन्,' कम्पनीको विज्ञप्तिमा भनिएको छ, 'यसका साथै, कम्पनीले निःशुल्क जडानको सुविधासमेत दिनेछ।'

होन्डाको दुई प्रिमियम सर्भिस सेन्टर उद्घाटन



काठमाडौं/ पद्म ज्योति ग्रुपअन्तर्गतको स्याकार ट्रेडिङ कम्पनीले देशभर नयाँ सर्भिस सेन्टर विस्तार गर्ने घोषणा गरेको छ। कम्पनीले पहिलो चरणमा ६ वटा अत्याधुनिक सेवा सञ्चालन गर्ने योजना सार्वजनिक गरको छ। यही पहलअन्तर्गत त्रिपुरेश्वरमा रहेको सेवा केन्द्र तथा कान्तिपथस्थित ज्योति भवनमा रहेका दुईवटा सेवा केन्द्रको औपचारिक उद्घाटन गरिएको छ।

उक्त अवसरमा होन्डा मोटर कम्पनीका उपाध्यक्ष तथा हेड अफ रिजनल युनिट एसिया एन्ड ओसियाना, रिजनल अपरेसन्स (एसोसिएट्स रिजन्स)का प्रमुख र एसियन कम्पनी लिमिटेडका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत तोसिओ कवाहाराको प्रमुख आतिथ्यता रहेको थियो। साथै, स्याकार ट्रेडिङका अध्यक्ष सौरभ ज्योति र उपाध्यक्ष सुहृद ज्योतिको उपस्थिति रहेको थियो।

कार्यक्रममा स्याकार ट्रेडिङ कम्पनीका अध्यक्ष सौरभ ज्योतिले होन्डा नेपालका लागि यो दिन एउटा ठुलो दूरदृष्टिको प्रतीक भएको बताए। उनले होन्डा मोटर्स र स्याकार ट्रेडिङ कम्पनीबिचको उत्कृष्ट तालमेलले होन्डा विगत १० वर्षभन्दा बढी समयदेखि नेपालमा नम्बर १ ब्रान्डको स्थान सुरक्षित गर्न सफल भएको बताए।

केन्ट एयर कुलर तथा फ्यान नेपाली बजारमा

काठमाडौं/ अन्तर्राष्ट्रिय ब्रान्ड केन्टले नेपाली बजारमा अत्याधुनिक एयर कुलर तथा फ्यानहरूको नयाँ दायरा सार्वजनिक गरेको छ। आधुनिक प्रविधि, आकर्षक डिजाइन तथा उच्च कार्यक्षमतासहितका यी उत्पादनहरूले गर्मी मौसममा सहज, सुरक्षित र ऊर्जा-कुशल समाधान प्रदान गर्ने लक्ष्य राखिएको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार नयाँ केन्ट एयर कुलरहरू विभिन्न श्रेणीमा उपलब्ध छन्, जसमा पर्सनल कुलर, डेजर्ट कुलर, टावर कुलर तथा कमर्सियल कुलर समावेश छन्। यी कुलरहरूमा उच्च एयर डेलिभरी, ठुलो पानीट्यांकी क्षमता, इन्भर्टर-कम्प्याटिबिलिटी तथा कम बिजुली खपतजस्ता विशेषता रहेका छन्। साथै, प्रभावकारी कुलिङका लागि उन्नत एयर फ्लो



टेक्नोलोजी तथा प्रयोगमैत्री डिजाइनले घर तथा कार्यालय दुवैका लागि उपयुक्त बनाएको कम्पनीले जनाएको छ।

त्यसैगरी, केन्टका फ्यानहरू पनि आधुनिक जीवनशैलीलाई ध्यानमा राखी डिजाइन गरिएका छन्। सिलिङ फ्यान, वाल फ्यान, टेबल फ्यान तथा स्ट्यान्ड फ्यानका विभिन्न मोडेल उपलब्ध रहेका छन्। यी फ्यानहरूमा उच्च स्पिड, कम आवाज, ऊर्जा बचत गर्ने प्रविधि तथा आकर्षक र टिकाउ डिजाइन समावेश गरिएको छ। जसले उपभोक्तालाई दीर्घकालीन सन्तुष्टि प्रदान गर्ने विश्वास लिइएको छ।

काठमाडौंदेखि लुम्बिनीसम्म 'शान्तिका लागि साइकल यात्रा' नयाँ



काठमाडौं/ 'टुर डे लुम्बिनी : पेडल फर पिस २०२६' आयोजना हुने भएको छ। टुर दी लुम्बिनीका संस्थापक मेघ आलेका अनुसार १५ देखि १९ वैशाखसम्म काठमाडौंदेखि लुम्बिनीसम्म साइकल यात्रा हुने भएको हो।

शान्तिका लागि साइकल यात्रामा नेपाल तथा विदेशका साइकल यात्री, युवा, कर्पोरेट क्षेत्रका प्रतिनिधिको सहभागिता रहने जनाइएको छ। शान्ति, सहअस्तित्व र पुनर्निर्माणको सन्देशलाई जनस्तरसम्म पुऱ्याउने लक्ष्यसहित आयोजना हुँदै आएको यो अभियान सन् २०१२ देखि निरन्तर सञ्चालनमा छ।

सामाजिक उद्यमी तथा अशोका फेलो आलेको अवधारणामा सुरु भएको यस अभियानलाई विश्व साइकलयात्री पुष्कर शाहले नेतृत्व गर्दै आएका छन्। गौतम बुद्धको जन्मस्थल लुम्बिनीबाट विश्वभर शान्तिको सन्देश प्रवाह गर्ने उद्देश्यसहित अभियानले नेपाललाई अन्तर्राष्ट्रियस्तरमा 'शान्ति केन्द्र'का रूपमा स्थापित गर्ने दीर्घकालीन लक्ष्य लिएको छ। नेपाल भारत र चीनजस्ता दुई ठुला अर्थतन्त्रबिच भएकाले विश्व शान्तिमा महत्त्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना रहेको संस्थापक आलेले जानकारी दिए। यस अभियानमार्फत नेपाललाई शान्ति संवादको केन्द्रका रूपमा प्रवर्द्धन गर्ने प्रयास गरिएको जनाइएको छ। यस वर्षको संस्करण विशेषगरी युवाहरूको सक्रिय सहभागितामा केन्द्रित रहनेछ। डिजिटल युगमा युवाको संलग्नतालाई शारीरिक सहनशीलता र सामाजिक उत्तरदायित्वसँग जोड्दै दिगो, पारदर्शी र शान्तिपूर्ण भविष्यका लागि आवाज उठाउने मञ्चका रूपमा यस अभियानलाई विकास गर्ने लक्ष्य राखिएको जनाइएको छ। यात्राका विभिन्न चरणहरूमा स्थानीय समुदायको पनि सहभागिता रहने जनाइएको छ।

नेपाल पर्यटन बोर्डका वरिष्ठ अधिकृत रोबिन रेग्मीले यस किसिमका कार्यक्रमले नेपाललाई अन्तर्राष्ट्रिय रूपमा ब्रान्डिङ गर्न थप मद्दत पुग्ने विश्वास व्यक्त गरे। 'टुर डे लुम्बिनी-पेडल फर पिस' अभियानले साइकल यात्रामार्फत शान्ति, सहअस्तित्व र विश्वव्यापी ऐक्यबद्धताको सन्देश प्रवाह गर्दै आएको छ।

मुगुमा छायानाथ ट्रेल अल्ट्रा रेस हुने

रारा, छायानाथ धामसहित मुगुका पर्यटकीय क्षेत्रको विकास, पूर्वाधार विस्तार तथा स्थानीय समुदायको आर्थिक सशक्तीकरणमा टेवा पुग्ने विश्वास



मुगु/ मुगुको मुगुम कार्मारोङ गाउँपालिकाको छायानाथमा ३ जेठमा छायानाथ ट्रेल अल्ट्रा रेस २०२६ हुने भएको छ। एड्भेन्चर स्पोर्टस्मार्फत मुगुको पर्यटकीय सम्भावनालाई उजागर गर्न अल्ट्रा रेस आयोजना गर्न लागिएको हो। नेपाल पर्यटन बोर्डमा बिहीबार पत्रकार सम्मलेन गर्दै यसबारे जानकारी गराइएको हो। यसको आयोजक मुगुम कार्मारोङ गाउँपालिका रहनेछ।

गाउँपालिकाले रारा, छायानाथ धामसहित मुगुका पर्यटकीय क्षेत्रको समग्र पर्यटन विकास, पूर्वाधार विस्तार र स्थानीय समुदायको आर्थिक सशक्तीकरणमा टेवा पुऱ्याउने उद्देश्यले अल्ट्रा रेस आयोजना गरिएको जानकारी गराएको छ। कार्यक्रममा गाउँपालिकाका प्रतिनिधिले रारा र छायानाथ धामआसपासका क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरको गन्तव्यका रूपमा विकास गर्ने लक्ष्यसहित रणनीतिक कार्यक्रम ल्याइएको बताए।

गाउँपालिकाका अध्यक्ष छिरिङ क्याप्रे लामाले पर्यटनलाई स्थानीय आर्थिक विकासको मुख्य आधारका रूपमा अघि बढाइने स्पष्ट पारे। उनले भने, 'मुगु केवल प्राकृतिक सौन्दर्यको केन्द्र मात्र होइन, यो नेपालको पर्यटन सम्भावनाको प्रतीक पनि हो। यसलाई दिगो र व्यवस्थित रूपमा विकास गर्न हामी प्रतिबद्ध छौं।' प्रतियोगिताका विजेतालाई नगद पुरस्कार, मेडल र प्रमाणपत्रद्वारा सम्मान गरिनेछ।

महिला तथा पुरुषतर्फ प्रथम हुनेलाई दुई लाख, दोस्रोलाई डेढ लाख, तेस्रोलाई एक लाख, चौथोलाई ७५ हजार र पाँचौंलाई ५० हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिनेछ। त्यसैगरी, स्थानीयतर्फ प्रथम, द्वितीय र तृतीय हुने खेलाडीलाई क्रमशः ३० हजार, २० हजार र १० हजार नगद पुरस्कारको व्यवस्था गरिएको बताइएको छ। पत्रकार सम्मेलनमा नेपाल पर्यटन बोर्डका निर्देशक लक्ष्मण गौतमले मुगुम कार्मारोङलाई साहसिक खेल पर्यटनको उत्कृष्ट गन्तव्य बनाउने यस अभियानले पर्यटन प्रवर्द्धनका साथै स्थानीय अर्थतन्त्रमा पनि योगदान पुग्ने बताएका छन्।

ओप्पो ए६एक्स अब नेपालमा

काठमाडौं/ ओप्पो ए६एक्स स्मार्टफोन नेपाली बजारमा सार्वजनिक भएको छ। दैनिक प्रयोगलाई लक्षित गर्दै ल्याइएको स्मार्टफोनले टिकाउपन, सहज प्रदर्शन र लामो समय टिक्ने ब्याट्री क्षमताको सन्तुलित संयोजन दिने कम्पनीले जनाएको छ। यस डिभाइसमा ६ जिबी च्याम र १२८ जिबी आन्तरिक स्टोरेज उपलब्ध छ। आइस ब्लु र प्लम पर्पल दुई रंगहरूमा उपलब्ध स्मार्टफोन ६.७५ इन्चको एचडी प्लस अल्ट्रा ब्राइट डिस्प्लेमा १२० हर्ज रिफ्रेस रेट रहेको छ।



टिकाउपनलाई ध्यानमा राख्दै यसमा आइपी६४ स्तरको धुलो तथा पानीबाट जोगिने क्षमता समावेश गरिएको छ। ओप्पो ए६एक्स स्न्यापड्रागन ६८५ (६ नानोमिटर) प्रोसेसरबाट सञ्चालित छ। यसमा युएफएस २.२ स्टोरेज प्रयोग गरिएको छ, जसले डेटा स्थानान्तरण र एप सञ्चालनलाई छिटो बनाउँछ। कलरओएस १५ मा आधारित यो फोनले सहज र प्रयोगकर्तामैत्री अनुभव प्रदान गर्छ। यसमा आउटडोर मोड २.०, चोरी सुरक्षा तथा ४८ महिनासम्मको फ्लुएन्सी संरक्षणजस्ता अतिरिक्त सुविधा पनि समावेश छन्। फोनमा ६५ सय एमएएच क्षमताको ब्याट्री समावेश गरिएको छ, जसले लामो समयसम्म निरन्तर प्रयोग गर्न सहयोग पुऱ्याउँछ। यसमा १५ वाट चार्जिङ समर्थनका साथै रिभर्स चार्जिङ सुविधा पनि दिइएको छ। ओप्पो ए६एक्स को मूल्य ३२ हजार चार सय ९९ रुपैयाँ तोकिएको छ।

ग्राहकले खरिद गरेको दुई महिनासम्म साट्न मान्य हुने सुविधासहितको ग्यारेन्टी पाउनेछन् र यो अफर १० असार ०८३ सम्म लागू हुनेछ। साथै, पहिलो तीन सयजना खरिदकर्तालाई विशेष ओप्पो फोन स्ट्यान्ड उपहारस्वरूप प्रदान गरिने कम्पनीले जनाएको छ।

लम्कीमा यातायातको सेवा कार्यालय सुरु



धनगढी/ कैलालीको लम्कीमा यातायात व्यवस्था कार्यालयको सेवा कार्यालय सञ्चालनमा आएको छ। सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत स्थापना गरिएको सेवा कार्यालयको शुक्रबार उद्घाटन गरेका हुन्।

लम्कीचुहा- ४, बलियामा यातायात सेवा कार्यालय सञ्चालनमा आएसँगै कैलालीको पूर्वी क्षेत्रका नागरिकलाई सेवा लिन सहज हुनेछ। लम्कीचुहा र टीकापुर नगरपालिका तथा मोहन्याल, जानकी, जोशीपुर र बर्दगोरिया गाउँपालिकाका नागरिकले यातायातसम्बन्धी सेवा लिन धनगढीस्थित यातायात कार्यालय आउनुपर्नेछैन।

सेवा कार्यालय उद्घाटन गर्दै मुख्यमन्त्री शाहले सेवा कार्यालयको सञ्चालनमा ल्याइएपछि यस क्षेत्रका जनताले राहतको अनुभूति गर्ने विश्वास व्यक्त गरे। यो क्षेत्रको विकासका लागि प्रदेश सरकारले हालै विभिन्न बहुवर्षीय योजनाका लागि स्रोत सहमति दिएको उनले बताए। मुख्यमन्त्री शाहले तीनै तहका सरकारबिच समन्वय, सहकार्य र सहअस्तित्वमार्फत मात्र समग्र विकास सम्भव हुने धारणा राखे।

लम्कीमा यातायातको सेवा कार्यालय व्यवस्थापनका लागि स्थानीय भुप्रे रावतले पाँच वर्षका लागि आफ्नो घर निःशुल्क उपलब्ध गराएका छन्। धनगढी र कञ्चनपुरको भीमदत्तनगरमा यातायात कार्यालय तथा डोटी र डडेलधुरामा सेवा कार्यालय रहेका छन्।

चीन र भारतसँग ऊर्जा सहकार्य अझ बलियो बनाइने

निरन्तर संवाद र सहकार्यमार्फत द्विपक्षीय साझेदारीलाई अझ मजबुत बनाउने चीन र भारतको प्रतिबद्धता

काठमाडौं/ ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठसँग नेपालका लागि चीनका राजदूत चाङ माओमिङ र भारतका राजदूत नवीन श्रीवास्तवले शुक्रबार बेग्लाबेग्लै भेट गरेका छन्। विशेषगरी क्षेत्रीय ऊर्जा चुनौतीलाई कसरी प्रभावकारी रूपमा सम्बोधन गर्ने भन्ने विषयमा दुवै पक्षबिच छलफल भएको छ। चिनियाँ राजदूतसँगको भेटमा नेपाल र चीनबिच आपसी हितमा आधारित व्यावहारिक सहकार्यलाई अझ सुदृढ बनाउने विषयमा विस्तृत छलफल भएको यहाँस्थित चिनियाँ राजदूतावासले जनाएको छ। साथै, ऊर्जा र जलस्रोत क्षेत्रलाई आपसी सहयोगको महत्त्वपूर्ण आधारका रूपमा अघि बढाउँदै साझा समृद्धि र जनहितका लागि सहकार्यको प्रतिबद्धता व्यक्त भएको छ।

यसैगरी, भारतका राजदूतसँगको भेटमा ऊर्जा तथा जलस्रोत क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयमा छलफल भएको छ। छलफलमा नेपाल-भारतबिचको दीर्घकालीन साझेदारीलाई थप सुदृढ गर्दै दिगो विकास र क्षेत्रीय सम्पर्क सञ्जाल विस्तार एवं प्रवर्द्धन गर्ने साझा दृष्टिकोणमा जोड दिइएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको छ। उक्त मन्त्रालयका अनुसार आगामी दिनमा निरन्तर संवाद र सहकार्यमार्फत द्विपक्षीय साझेदारीलाई अझ मजबुत बनाउने प्रतिबद्धता व्यक्त भएको थियो।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमी व्यवस्थापन तथा अभिलेख विभाग
भूमि सुधार तथा मालपोत कार्यालय
मलंगवा, सलाँही
(मोही फाँट)

३५ दिने सार्वजनिक सूचना

मिति : २०८३/१/१३

जि.सलाँही सावित्रि गा.वि.स रामवन वार्ड नं. ६ हाल गाडैता न.पा. वार्ड नं. ५ मा वस्ने विहारी महतो नाउँको हकदावी गर्न आउने बारेको सूचना।

उपरोक्त सम्बन्धमा जि.स. सावित्रि गा.वि.स. रामवन वार्ड नं. ६ हाल गोडैता न.पा. वार्ड नं. ५ मा वस्ने अरुण कुमार महतो को नाममा दर्ता कायम रहेको जि.स.गा.वि.स. रामवन वार्ड नं. ८(ख) कि.नं. ३४ को क्षेत्रफल ०-०-४ जग्गाको मोही महलमा जि.सलाँही सावित्रि गा.वि.स. रामवन वार्ड नं. ६ हाल गाडैता न.पा. वार्ड नं. ५ मा वस्ने विहारी महतो को नाम उल्लेख रहेकोमा जग्गा धनीको मरुवा मोही लगत कट्टा गरि पाउँ भन्ने निवेदनमा कार्यालयबाट भएको आदेशानुसार मोही हक दावी सम्बन्धी ३५ दिने सुचना जारी गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफू वा ऐन बमोजिमको वारेस प्रमाण सहित पठाउनु होला। नआएमा वा म्याद गुजारी बसेमा कानुन बमोजिम मरुवा मोही लगत कट्टा तर्फको कार्यवाही भै जाने यसै सूचनाद्वारा जानकारी गराईन्छ। पछि तपाईको उजुर बाजुर लाग्ने छैन।

नबिल बैंक लिमिटेडको शाखा कार्यालय समायोजन तथा स्थानान्तरण हुने सम्बन्धी सूचना

यस बैंकको निम्न लिखित स्थानमा अवस्थित शाखा कार्यालयहरु, हालको स्थानबाट समायोजन तथा स्थानान्तरण भई नयाँ परिसरबाट यहि मिति २०८३ वैशाख २१ गते, तदनुसार 04 May, 2026 देखि संचालन हुने भएको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै समायोजन तथा स्थानान्तरण हुनलागेको शाखा कार्यालयहरुमा रहेका लकर तथा ग्राहक महानुभावका खाताहरु नयाँ परिसरबाट संचालन हुने शाखा कार्यालयमा स्थानान्तरण गरि सेवा सुचारु रहने व्यहोरा समेत जानकारी गराउदछौं।

हालको शाखा	हालको शाखा कार्यालय बाट स्थानान्तरण हुने शाखा कार्यालयको दुरी	हालको ठेगाना	स्थानान्तरण भई संचालनमा रहने शाखा कार्यालयको नाम	स्थानान्तरण भई संचालनमा रहने शाखा कार्यालयको ठेगाना	लकर तथा खाता स्थानान्तरण भई सेवा सुचारु रहने शाखा	लकर तथा खाता स्थानान्तरण भई सेवा सुचारु रहने शाखाको ठेगाना
नयाँ बानेश्वर	८०० मि	काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १०, नयाँ बानेश्वर	नयाँबानेश्वर	काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १०, नयाँ बनेश्वर	नयाँ बनेश्वर	काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १०, नयाँ बनेश्वर
बिजुलि बजार	८०० मि	काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १०, बिजुलि बजार				
शंखमुल	२ कि मि	काठमाण्डौ जिल्ला, का.म.न.पा वडा नं. १०, शंखमुल				

माथि उल्लेखित शाखा कार्यालयमा रहेको लकरमा ग्राहक महानुभावहरुले कुनै टुटफुट हुने सामानहरु राख्नु भएको भएमा लकर सार्नु अगावै मिति २०८२ वैशाख १७ गते बिहीबारको दिनसम्ममा साविकको शाखा कार्यालयबाट कार्यालय समय (बिहान ९ बजे देखि दिउँसो ४ बजे) भित्र निकाल्नुहुन बिनम्र अनुरोध गर्दछौं, अन्यथा लकर स्थानान्तरण गर्दा लकरमा भएका सामानहरुमा कुनै क्षति पुग्न गएमा बैंक जिम्मेवार नरहने व्यहोरा समेत जानकारी गराउँदछौं।

नयाँ बानेश्वर शाखा : ०१-४५९०८८१/०१-४५९०८८२/०१-४५८५२१२
बिजुलि बजार शाखा : ०१-४७९२७६२
शंखमुल शाखा : ०१-५९१०७६३/०१-५९१०७६४

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, कमलादी, काठमाडौं फोन नं. ०१-५९७१८७१

■ विश्वकप लिग २

दीपेन्द्रसिंह र करण चम्किँदा नेपाल ३७ रनले विजयी

नेपालले दिएको २०१ रन पछ्याएको युएई ४८.२ ओभरमा १६३ रनमा समेटियो । नेपालका लागि दीपेन्द्रसिंहले ७५ रन बनाए । करण केसीले १९ रन खर्चेर चार विकेट लिए ।

श्रीलोचन राजोपाध्याय / नयाँ पत्रिका

दीपेन्द्रसिंह ऐरी ब्याटिङमा र करण केसीले बलिङमा उत्कृष्ट प्रदर्शन गरेपछि नेपालले शनिबार विश्वकप लिग २ अन्तर्गत शनिबार युएईलाई ३७ रनले पराजित गरेको छ । त्रिवि क्रिकेट मैदानमा नेपालले फितलो ब्याटिङ प्रदर्शन गरी ४८.२ ओभरमा सबै विकेट गुमाएर दुई सय रनको मध्यम योगफल खडा गरेको थियो । सहज लक्ष्य पछ्याएको युएईले पूरै ओभर ब्याटिङ गर्न सकेनन् । करणले चार विकेट लिँदा युएई ४८.२ ओभरमा १६३ रनमा अलआउट हुँदा नेपाल ३७ रनले विजयी भयो । जितसँगै नेपालले विश्वकप लिग २ मा महत्त्वपूर्ण दुई अंक जोडेको छ । नेपालले २१ खेलमा ६ जितका साथ १४ अंक जोडेको छ ।

नेपाल सातौँ स्थानमै छ । नेपालसँग नमिठो हार सामना गरेको युएईले २१ खेलमा १६ हार र पाँच जित निकाली १० अंक जोडेको छ । युएई अंकतालिकाको पुछारमा छ । अब नेपालले तेह्रो स्थानमा रहेको ओमानको सामना गर्नेछ । पहिलो ब्याटिङ गरेको नेपालले युएईविरुद्ध संघर्ष गरेको थियो । उपकप्तान दीपेन्द्रसिंहबाहेक अन्य कुनै पनि ब्याट्समयानले गतिलो रन जोड्न सकेनन् । नेपालका कप्तान रोहित पौडेलले पनि प्रतिस्पर्धा ब्याटिङ पक्ष कमजोर भएको बताए ।

'हामीले वास्तवमा युएईसँग गतिलो ब्याटिङ गर्न सकेनौँ,' खेलपछि पौडेलले भने, 'शीर्ष तथा मध्यक्रम ब्याटिङमा कमजोर देखियो ।' युएईका कप्तान मोहम्मद वासिम भने हारपछि निराश देखिए । खेलपछि आयोजित पत्रकार सम्मेलनमा उनी निराश मुद्रामा देखिए । ब्याटिङ कोल्याप्सले पराजित भएको उनको भनाइ रह्यो । 'एक समयमा हामी बलियो अवस्थामै थियो । तर, महत्त्वपूर्ण क्षणमा विकेट पतन हुनु र कमजोर ब्याटिङ प्रदर्शनले पराजित भयो,' उनले भने, 'नेपालले मध्यम योगफल रक्षा गर्दा बलिङ र फिल्डिङमा उत्कृष्ट प्रदर्शन गरेको थियो ।

करणले लिए चार विकेट

नेपालको बलिङ स्पेलमा प्रमुख बलर करणले उत्कृष्ट प्रदर्शन गरे । उनले केवल ९.२ ओभरमा १९ रन खर्चेर सर्वाधिक चार विकेट लिए । यो क्रममा उनले दुईपटक मेडन ओभरसमेत गरेका थिए । करणले इनिङ्सको २.२ ओभरमा अदिप उस्मानी, २.६ ओभरमा मोहम्मद साहदाद, ४५.५ ओभरमा हैदर अली तथा ४८.२ ओभरमा अजय कुमारको विकेट लिँदै नेपाललाई जित दिलाए । खेलकै म्यान अफ दी म्याच दीपेन्द्रसिंह र लेग स्पिनर सन्दीप लामिछानेले पनि कसिलो बलिङसँगै विकेट लिँदा युएई पछाडि परेको थियो । दीपेन्द्रसिंहले १० ओभरमा एक मेडन राखी ३० रन खर्चेर एक विकेट लिए । सन्दीपले १० ओभरमा दुई मेडन राखी २५ रन दिँदै दुई विकेट हात पारेका थिए ।



तस्बिर : **अमुल थापा** / नयाँ पत्रिका

युएईको मध्यक्रम मात्र चलेको थियो । मध्यक्रममा हर्प्रित सिंहले ५२ बलमा पाँच चौका प्रहार गरी ३९ रन जोडेका थिए । अक्षदिपले ५३ बलमा ३० रन जोडे । कप्तान मोहम्मदले ५१ बलमा तीन चौका र एक छक्का प्रहार गरी ३४ रन जोडेका थिए । अक्षदीप र कप्तान मोहम्मदबिच पाँचौँ विकेटका लागि ५३ रनको साझेदारी भएको थियो । उनीहरूबिचको साझेदारीले एक समय नेपाल दबाबमा परेको थियो । तर, सोमपाल कामीले युएईका सेट यी दुई ब्याट्समयानलाई आउट गर्दै खेल नेपालको पक्षमा ल्याए ।

सोमपालको स्पेल टर्निङ प्वाइन्ट थियो

● **रोहित पौडेल**, कप्तान, नेपाल



हामीले युएईविरुद्धको खेलमा क्यारेक्टर र आत्मविश्वासका कारण नै जित निकाल्यौँ । जितको मुख्य आधार नै यही थियो । महत्त्वपूर्ण दुई अंक जोडे पनि पहिलो इनिङ्सको ब्याटिङ सोचेजस्तो भएन । पहिलो इनिङ्समा ब्याटिङ अपेक्षाअनुसार नभएको स्वीकार गर्छु । सोमपालको स्पेललाई टर्निङ प्वाइन्टका रूपमा लिएको छु । उनले वसिम र अक्षदीप नाथबिचको बलियो साझेदारी तोड्दै खेल नेपालको पक्ष ल्याए । यो दुई विकेट नै खेलको निर्णायक मोड रह्यो । सबैले राम्रो गरिरहेका र सिनियर खेलाडीको अनुभवलाई बिर्सिन मिल्दैन ।

हामीले खराब ब्याटिङ गर्‍यौँ

● **मोहम्मद वासिम**, कप्तान, युएई



नेपालविरुद्ध हामीले खराब ब्याटिङ गर्‍यौँ । दुई सय रनको लक्ष्य त्यति कठिन थिएन । तर, ब्याट्समान्यले जिम्मेवारीपूर्वक ब्याटिङ गर्न सकेनन् । ब्याटिङ कमजोरले हामी पराजित भएका हौँ । इनिङ्सको एक समयमा युएई राम्रो अवस्थामा थियो । अक्षदीप राम्रो अवस्थामा रहे पनि त्यसपछि विकेट गुमाउनु पनि हारको अर्को कारण थियो । नेपालको बलिङसँगै फिल्डिङ उत्कृष्ट थियो । अब हामी सिरिजमा सकारात्मक पक्षका साथ अगाडि बढ्छौँ । मलाई आशा छ, युएईले अबका खेलमा उत्कृष्ट पुनरागमन गर्नेछ ।

दीपेन्द्रसिंहको अर्धशतकीय इनिङ्स

नेपालको सुरुवात कमजोर रह्यो । नेपालले १०.६ ओभरमा चार विकेट गुमाएर ४९ रन जोडेको थियो । प्रतिओभर चार रनरेटमा ब्याटिङ प्रदर्शन गरेको नेपालले बसिर अहमद र आरिफ सेखको विकेट गुमाउँदा २८.६ ओभरमा १२०-६ को स्थितिमा रह्यो । त्यसपछि उपकप्तान दीपेन्द्रसिंहले मध्यक्रम ब्याटिङ सम्हाले । उनले ९० बलमा ७५ रनको योगदान दिए । यसक्रममा उनले पाँच चौका र दुई छक्का प्रहार गरेका थिए । उनले पुछारका ब्याट्समयानसँग गतिलो साझेदारी गरेका थिए । दीपेन्द्रसिंहलाई सोमपाल, करण तथा आरिफले साथ दिएका थिए । आरिफले ३१ बलमा १५ रन तथा सोमपालले पनि २४ बलमा १५ रन जोडे । करणले ३७ बलमा समान एक चौका र छक्का प्रहार गरी २२ रन जोडेका थिए । नेपालका ओपनर कुशल भुर्तेलले २५ बलमा चार चौकाको सहयोगमा २४ रन र बसिरले ४० बलमा २० रनको योगदान दिएका थिए ।

■ चन्द्रगढी महिला गोल्डकप

आर्मीले उपाधि भिडन्तमा एपिएफको सामना गर्ने



मेची रंगशाला भद्रपुरमा त्रिभुवन आर्मी र नेपाल एपिएफ क्लबबिच सोमबार फाइनल खेल

झापामा चिरञ्जीवी घिमिरे

पहिलो संस्करणको चन्द्रगढी महिला गोल्डकप फुटबल प्रतियोगिताको उपाधि भिडन्त दुई विभागीय क्लबबिच हुने भएको । मेची रंगशाला भद्रपुरमा त्रिभुवन आर्मी र नेपाल एपिएफ क्लबबिच फाइनल खेल हुनेछ । प्रतियोगिताको शनिबार भएको अन्तिम सेमिफाइनलमा एपिएफले चर्च ब्वाइज युनाइटेडमाथि ३-० को जित निकाली आर्मीविरुद्धको फाइनल पक्का गरेको हो । यसअघि पहिलो सेमिफाइनलमा आर्मीले नेपाल पुलिसलाई २-१ ले हराएको थियो ।

गत कार्तिकमा नेपाल एपिएफले दुधेमा भएको पहिलो झापा महिला गोल्डकपको फाइनलमा आर्मीलाई हराएको थियो । आर्मीलाई झापा गोल्डकपको फाइनलमा व्यहोरेको हार बदला लिने अवसर छ । एपिएफलाई फाइनलमा प्रवेश गराउनका लागि स्ट्राइकर रश्मिकुमारी घिसिङले दुई तथा कप्तान अनिता बस्नेतले एक गोल गरिन् । पहिलो हाफमा एक गोल मात्र व्यहोरेको चर्च ब्वाइजले दोस्रो हाफमा दुई गोल खाएको थियो ।

चर्च ब्वाइडले केही समयअघि मात्र महिला टोली बनाएको थियो । यद्यपि, चन्द्रगढी गोल्डकपमा चर्च ब्वाइजले विभागीय टोलीबाहेक अन्य टोलीविरुद्ध उत्कृष्ट प्रदर्शन गर्‍यो । एपिएफसँगको सेमिफाइनलमा चर्च ब्वाइज तुलनात्मक रूपमा कमजोर देखियो । एपिएफले ३४औँ मिनेटमा अग्रता लिएको थियो । कुसुम खतिवडाको उत्कृष्ट कटब्याकमा डिबक्समा रहेकी सरु लिम्बूले दिएको पासमा रश्मिकुमारीले एपिएफलाई १-० को अग्रता दिलाइन् । खेलको ४९औँ मिनेटमा कप्तान अनिताले आर्मीलाई २-० को स्थितिमा राखिन् ।

उनले डिबक्सभित्र सरुले फ्लिक गरेको बललाई सहजै गोल गरिन् । खेलको ६२ औँ मिनेटमा रश्मिकुमारीले व्यक्तिगत दोस्रो गर्दा एपिएफ ३-० को बलियो स्थितिमा पुग्यो । मैदानको मध्यभागबाट कप्तान अनिताले डिबक्सभित्र रश्मिकुमारीलाई पास उपलब्ध गराइन् । चर्च ब्वाइजकी गोलरक्षक लीला जोशी अघि बढेको मौकामा रश्मिकुमारीले हल्का चिप गर्दै गोल गरिन् ।

रक्षात्मक रणनीतिमा चर्च ब्वाइज

रश्मिकुमारी चालू प्रतियोगितामा सर्वाधिक गोल गर्ने खेलाडीको सूचीमा छिन् । उनले ६ गोल गरिसकेकी छिन् । एपिएफविरुद्ध चर्च ब्वाइजले सुरुदेखि रक्षात्मक खेल प्रस्तुत गर्‍यो । चर्च ब्वाइजको डिफेन्स लाइन र गोलरक्षक लीला जोशी खेलभर व्यस्त देखिए ।

एपिएफले आक्रामक खेल देखाएको थियो । चर्च ब्वाइजविरुद्ध एपिएफकी रेनुका नगरकोटी म्यान अफ दी म्याच हुँदै ११ हजार रुपैयाँ प्राप्त गरिन् । प्रतियोगितामा दुई विदेशी टोलीसहित १० टिमको सहभागिता थियो ।

फाइनलको विजेताले ११ लाख र उपविजेताले पाँच लाख रुपैयाँ पाउनेछन् । त्यस्तै, प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीलाई एक लाख रुपैयाँ प्रदान गरिनेछ । उत्कृष्ट गोलरक्षक, डिफेन्डर, मिडफिल्डर, स्ट्राइकर र प्रशिक्षकले जनही नगद २५ हजार रुपैयाँ पाउनेछन् ।

■ इन्डियन प्रिमियर लिग

पन्जाबले पछ्यायो सर्वाधिक योगफल



एजेन्सी

पन्जाब किंग्सले इन्डियन प्रिमियर लिग (आइपिएल)को इतिहासमा सर्वाधिक रन पछ्याएको रेकर्ड आफ्नो नाममा राखेको छ । १०औँ आइपिएलमा शनिबार दिल्ली क्यापिटल्सले घरेलु मैदानमा पहिलो ब्याटिङ गरी २० ओभरमा २ विकेट गुमाएर २६४ रनको विशाल योगफल खडा गरेको थियो । प्रत्युत्तरमा पन्जाबले १८.५ ओभरमा चार विकेट गुमाएर २६५ रन जोड्दै रेकर्ड बनाएको हो । यसअघि आइपिएलमा सर्वाधिक रन चेज पनि गर्ने टोली पन्जाब नै थियो । सन् २०२४ को सिजनमा पन्जाबले कोलकाता नाइट राइडर्सले प्रस्तुत गरेको २६१ रनको लक्ष्य सहजै दुई विकेट गुमाएर पूरा गरेको थियो ।

पन्जाबको जितले लोकेश राहुलको १५२ रनको कीर्तिमानी शतकीय इनिङ्स खेर गएको छ । आइपिएलमा पहिलोपटक भारतीय ब्याट्समयानले १५० रन बनाउँदा पनि राहुलले दिल्लीलाई जित दिलाउन सकेनन् । उनले केवल ६७ बलमा १५२ रन बनाएका थिए । यसअघि अभिषेक शर्माले आइपिएलमा १४१ रन जोडेका थिए । कीर्तिमानले भरिएको प्रतिस्पर्धामा शतकीय इनिङ्स खेल्दा धेरै बाउन्ड्री प्रहार गर्ने राहुल बनेका छन् । उनले ११९ रन केवल बाउन्ड्रीबाटै प्रहार गरेका थिए । यसअघि दिल्ली क्यापिटल्सका रिषभले १०२ रन बाउन्ड्रीबाट प्राप्त गरेका थिए । पन्जाब र दिल्लीबिच समग्रमा ५२९ रन बनेको थियो । पन्जाबले २६४ रन पछ्याउँदा शशांक सिंह र श्रयश एयरबिचको पाँचौँ विकेटका लागि २६ बलमा ६४ रन महत्त्वपूर्ण रह्यो ।

शशांकले १० बलमा १९ रन बनाउँदा एयरले ३६ बलमा सात छक्का र तीन चौकाको सहयोगमा ७१ रन जोडेका थिए । पन्जाबले चालू आइपिएलमा अपराजित रहने एक मात्र बनेको छ । पन्जाबले सातै खेलमा जित निकाली १४ अंक जोडेको छ । दिल्लीले सात खेलमा चार हारको सामना गरेको छ । आइपिएलको इतिहासमा व्यक्तिगत सर्वाधिक रन क्रिस गेलको नाममा छ । उनले सन् २०१३ मा बेंग्लोरबाट प्रतिस्पर्धा गर्दै पुनेविरुद्ध १७५ रन जोडेका थिए । यो रेकर्ड अहिलेसम्म छ । दोस्रो स्थानमा कोलकाताका ब्रेन्डान म्याककुलम छन् । सन् २००८ मा उनले बेंग्लोरविरुद्ध १५८ रन बटुलेका थिए ।

२२० रनको बलियो साझेदारी

पहिलो ब्याटिङ गरेको दिल्लीले विशाल योगफल खडा गर्नु पहिले राहुल र नीतीश रानाले दोस्रो विकेटका लागि उत्कृष्ट साझेदारी गरेका थिए । दुवैले दोस्रो विकेटका लागि २२० रनको साझेदारी गरेका थिए । दिल्लीले सुरुवाती पहिलो विकेट २८ रनमा गुमाएको थियो । त्यसपछि राहुल र नीतीशबिच उत्कृष्ट साझेदारी भयो । दुवैले २.४ देखि १८.३ ओभरसम्म ब्याटिङ गरेका थिए । नीतीशले ४४ बलमा ११ चौका र चार छक्का प्रहार गरी ९१ रनको बनाए । लोकेशले १६ चौका र ९ छक्का प्रहार गरे ।

कार्लसबर्ग गल्फ क्लासिकमा तेन्जिङ विजयी

काठमाडौं / गोकर्ण गल्फ क्लबमा शनिबार कार्लसबर्ग गल्फ क्लासिक (गोकर्ण संस्करण)मा तेन्जिङ छिरिङ विजयी भएका छन् । शून्य ह्यान्डिक्यापमा खेलेका तेन्जिङले ३९ स्टेबलफोर्ड अंक जोड्दै उपाधि जितेका हुन् । जितसँगै उनले मलेसियामा गल्फ यात्रा, गल्फ ब्याग तथा अन्य उपहार प्राप्त गरेका छन् । उनले बोगीरहित उत्कृष्ट खेल प्रदर्शन गर्दै ८, ११ र १३औँ होलमा बर्डी बनाए । संयोग शाही ३७ अंकसहित काउन्टब्याकका आधारमा उपविजेता बने । सात ह्यान्डिक्याप खेलेका उनले फ्रन्ट नाइनमा १६ र ब्याक नाइनमा ११ अंक जोडे । टासी छिरिङले बेस्ट ग्रस र मोस्ट बर्डिज दुवै उपाधि जिते । उनले ३९ ग्रस अंकसहित बेस्ट ग्रस जित्दा पाँच बर्डी बनाउँदै मोस्ट बर्डीजको उपाधिसमेत हात पारेका हुन् । महिलातर्फ सुष्मा सिंह ३८ अंकसहित विजेता बनिन् । उनले पनि पुरुष विजेतासरह मलेसियामा गल्फ यात्रासहितका पुरस्कार प्राप्त गरिन् ।

तारा कार्की चित्रकार ३३ अंकसहित उपविजेता बनिन् । ६० वर्ष माथिको सिनियर खेलाडीमा बाबु शेर्पा ३६ अंकसहित विजेता बने । शंकर मान रोक्काले 'क्लोजेस्ट टु द पिन' अवार्ड जिते भने डार्टानिएन गियरकेले 'लङगेस्ट ड्राइभ' जिते । गोरखा ब्रुअरी प्रालिको प्रायोजनमा आयोजित प्रतियोगितामा कुल १११ खेलाडीहरूको सहभागिता रहेको थियो ।

■ मच्छिन्द्रले जित्यो इलाम गोल्डकप



काठमाडौं / मच्छिन्द्र फुटबल क्लबले शनिबार तेस्रो इलाम गोल्डकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ । मच्छिन्द्रले फाइनलमा न्युरोड टिम (एनआरटी) लाई २-० ले हराउँदै उपाधि हात पारेको हो । जितसँगै मच्छिन्द्रले १० लाख र एनआरटीले पाँच लाख पाएका छन् । मच्छिन्द्रलाई च्याम्पियन बनाउने क्रममा सौरभ सुब्बा र मिलन चाम्लिङले समान एक गोल गरेका थिए । यसअघि पहिलो संस्करण बिर्तामोड युनाइटेड र दोस्रो संस्करणको उपाधि चर्च ब्वाइजले हात पारेका थिए । प्रतियोगितामा उत्कृष्ट गोलरक्षक मच्छिन्द्रका प्रदीप भण्डारी, उत्कृष्ट मिडफिल्डरमा युवराज ढकाल र मच्छिन्द्रकै मिलन चाम्लिङ सर्वाधिक गोलकर्ता बने । टोलीलाई उपाधि दिलाएका प्रवेश कटवाल उत्कृष्ट प्रशिक्षक बने । एनआरटीका आशिष गुरुङ उत्कृष्ट डिफेन्डर भए । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी मच्छिन्द्रका सनिस श्रेष्ठले ५१ हजार रुपैयाँ पाए ।

इटालीले अस्वीकार गर्‍यो राष्ट्रपति ट्रम्पको प्रस्ताव

एजेन्सी

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको सन् २०२६ को विश्वकप फुटबलमा इरानको सट्टा इटालीलाई सहभागी गराउने चाहना तुहिएको छ । इटालीले बिहीबार राति कसैको स्थानमा आफूहरूले नखेल्ने र आएको प्रस्ताव स्वीकार नगर्ने जनाएको छ । राष्ट्रपति ट्रम्पले बुधबार इरानको स्थानमा इटालीलाई विश्वकपमा समावेश गर्नुपर्ने प्रस्ताव फिफासमक्ष पठाएका थिए । यस सम्बन्धमा छलफल हुनुअघि नै इटालीले विश्वकप नखेल्ने प्रस्ट पारेको फाइनान्सियल टाइम्सले जनाएको छ ।

इटालीका अर्थमन्त्री गिआकार्लो गिओगेटीले राष्ट्रपति ट्रम्पको योजना र प्रस्ताव हास्यास्पद र लाजमर्दो भएको बताएका छन् । 'राष्ट्रपति ट्रम्पले विश्वकपसम्बन्धी फिफालाई पठाएको प्रस्ताव लाजमर्दो हो,' अर्थमन्त्री गिओगेटीले एएनसा एजेन्सीसँग भने, 'हामी कसैको भाग खोसेर विश्वकप खेल्न तयार छैनौँ । इटालीले छनोट चरण पार गरेरै विश्वकप खेल्नेछ ।' चारपटकको विश्वकप विजेता इटाली लगातार तेस्रोपटक छनोट चरणबाटै बाहिरिएको थियो । सन् २०१४ पछि इटालीले विश्वकपमा स्थान बनाउन सकेको छैन ।

बोस्निया एन्ड हर्जगोभिनासँग पराजित भएपछि इटाली विश्वकप छनोटबाट बाहिरिएको थियो । इटालीले सन् २००६ मा चौथोपटक विश्वकप ट्रफी जितेको थियो । अर्कोतिर फिफाका अध्यक्ष गिआनी इन्फान्टिनो भने इरानलाई विश्वकपमा खेलाउन चाहन्छन् । गिआनीकै योजनाअनुसार यसपटक ४८ राष्ट्रबिच विश्वकप हुँदै छ । अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आगामी जुन-जुलाईमा विश्वकप आयोजना गर्दै छन् । यसअघि ३२ टोलीबिच विश्वकप भएको थियो ।

अमेरिका-इजरायल र इरानबिचको युद्धका कारण फुटबल क्षेत्रमा पनि यसको असर परेको छ । गत महिना इरानले अमेरिकी भूमिमा आफूहरू विश्वकप नखेल्ने घोषणा गरेको थियो । 'अमेरिकामा हाम्रा खेलाडी सुरक्षित छैनन् । अमेरिकामा विश्वकप खेल्नु हाम्रो राष्ट्रको नीतिविपरीत हुनेछ,' तत्काल इरानका खेलकुदमन्त्रीले भनेका थिए, 'इरानी जनता र फुटबल खेलाडी राष्ट्रियताभन्दा बाहिर गएर निर्णय गर्न सक्दैनन् ।'



■ इटालीसँग सम्बन्ध सुधार्ने नीति

राष्ट्रपति ट्रम्प र इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनीबिच सम्बन्ध राम्रो छैन । ट्रम्पले इसाई धर्मगुरु पोपको आलोचना गरेपछि मेलोनी रिसाएकी थिइन् । इटालीसँग सम्बन्ध पुनः राम्रो बनाउन ट्रम्पले विश्वकपको कार्ड फ्याँकेर प्रधानमन्त्री मेलोनीलाई खुसी पार्ने प्रयास गरेको इटाललियन एजेन्सी एएनसाको दाबी छ । 'ट्रम्पको योजना नै विश्वकपका माध्यमबाट प्रधानमन्त्री मेलोनीसँगको सम्बन्ध सुधार्ने चाहना हो,' एएनसाले उल्लेख गरेको छ, 'तर, इटाली यस्तो फोहोरी खेलमा पर्न चाहँदैन ।' ट्रम्पले इटालीको सहयोगमा अन्य युरोपियन राष्ट्रसँग पनि नजिक हुन खोजेको जनाइएको छ ।

इटाली फिफा वरीयतामा १२औँ स्थानमा छ । विश्वकपमा छनोट नभएका राष्ट्रमध्ये इटाली सबैभन्दा माथिल्लो स्थानमा छ । इटालीका नागरिक भने ट्रम्पले इरानसँग गरिरहेको युद्ध र महँगीका कारण खुसी छैनन् । अमेरिकी प्रशासनले भने विश्वकपमा लियोनल मेसीको उदाहरण प्रस्तुत गरेको छ । 'तपाईं आफैँ कल्पना गर्नुस् । मेसीविनाको विश्वकप कस्तो हुन्छ,' अमेरिकाको प्रशासनले भनेको छ, 'चारपटक विश्व च्याम्पियन इटाली विश्वकपमा नहुँदा खल्लोपना आउनेछ । यसैकारण हामी इरानको स्थानमा इटालीलाई खेलाउन चाहेका हौँ ।'

> अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानको स्थानमा चारपटकको विश्व च्याम्पियन इटालीलाई विश्वकपमा समावेश गराउनुपर्ने प्रस्ताव राखेका छन्, तर इटालीका अर्थमन्त्री गिआकार्लोले हास्यास्पद र लाजमर्दो निर्णय आफूलाई स्वीकार नुहने प्रस्ट पारे ।

फिफाको हातमा अन्तिम निर्णय

इरानको फुटबल संघले अमेरिकी भूमिमा विश्वकप नखेल्ने हतारमा निर्णय गरेको थियो । अहिले भने आफूहरू आगामी विश्वकप खेल्न तयार रहेको र सहभागिता जनाउने जनाएको छ । यद्यपि, इरानले विश्वकप खेल्ने वा नखेल्ने सम्बन्धमा अन्तिम निर्णय भइसकेको छैन । वास्तवमै इरानले विश्वकप नखेल्दा उसको स्थान कसले लिनेछ ? यो प्रश्न सबैका सामु छ । यसको अन्तिम निर्णय विश्व फुटबलकै सर्वोच्च निकाय फिफाले गर्नेछ । तर, यसका लागि इरानले आफ्नो धारणा आधिकारिक रूपमा प्रस्ट पार्नुपर्छ ।

फिफाका अध्यक्ष इन्फान्टिनोले पनि इरानले छनोट चरण पार गरेर आएकाले उसैले खेल्नुपर्ने बताउँदै आएका छन् । 'इरानले विश्वकप अवश्य खेल्नेछ । अमेरिकामा फिफा इरानलाई स्वागत गर्न तयारी अवस्थामा छौँ,' इन्फान्टिनोले भने, 'केही दिनपछि यसको निर्णय हुनेछ ।' फिफाको नियमअनुसार छनोट चरण पार गरेर विश्वकपमा स्थान बनाएको राष्ट्रले पछि नाम फिर्ता लियो भने त्यसको ठाउँमा कसलाई राख्ने भन्ने अन्तिम निर्णय गर्ने अधिकार फिफासँग मात्र हुन्छ । 'विश्वकपमा छनोट भएको राष्ट्रले नाम फिर्ता लिँदा उसको स्थानमा कसलाई राख्ने भन्ने निर्णय फिफाबाहेक अरूले लिन सक्दैन,' फिफाले भनेको छ । यसअघि लियोनल मेसीको कप्तानीमा रहेको इन्टर मियामीलाई पनि फिफाले विशेष अधिकार प्रयोग गरेर क्लब विश्वकपमा प्रवेश दिएको थियो । अहिले फिफा क्लब विश्वकपमा जस्तो अवस्था नहोस् भन्ने पक्षमा छ ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com